# उद्योग र विकास

## A Journal of Industries and Development


| वर्ष १२ | अङ्क १ | २०७४ असार | संयुक्त पूर्णाङ्क १७, १८, १९ |
|---|---|---|---|
| Vol. 12 | No. 1 | 2017 June/July | Issue 17, 18, 19 |





नेपाल सरकार

उद्योग मन्त्रालय

सिंहदरबार, काठमाडौं

उद्योग मन्त्रालयमा आयोजित २०७३ को मन्त्रीस्तरीय समस्या समाधान समितिको बैठकका केही तस्वीरहरू






नेपाल आँखा कार्यक्रमसँग समझदारीपत्रमा हस्ताक्षर समारोह र मन्त्रालयमा आयोजित प्रेस सम्मेलन





जिम्बाबेका साना तथा मझौला उद्योगमन्त्री र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका नेपालका उप–प्रमुखसँग भेटघाट कार्यक्रम

नेपाल उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीलाई मन्त्रालयले आयोजना गरेको स्वागत कार्यक्रम





# उद्योग र विकास

| | | | |
|---|---|---|---|
| वर्ष १२ | अंक १ | २०७४ असार | संयुक्त पूर्णाङ्क १७, १८, १९ |
| Vol. 12 | No. 1 | 2017 June/July | Issue 17, 18, 19 |

नेपाल सरकार

**उद्योग मन्त्रालय**

सिंहदरवार, काठमाडौं

| | | |
|---|---|---|
| **प्रकाशक** | : | नेपाल सरकार<br>उद्योग मन्त्रालय<br>सिंहदरवार, काठमाडौं |
| **फोन नं.** | : | ४२११५७९/४२११५४० |
| **फ्याक्स** | : | ९७७-१-४२११६१९ |
| **Email** | **:** | info@moi.gov.np |
| **Website** | **:** | https://www.moi.gov.np |
| **प्रकाशित** | : | ५०० प्रति |
| **प्रकाशन मिति** | : | २०७४ असार |
| **मुद्रक** | : | प्रगति प्रिन्टर्स, अनामनगर, काठमाडौं<br>फोन नं. ०१-४२५०६५५ |


| | | |
|---|---|---|
| **सर्वाधिकार** | : | नेपाल सरकार, उद्योग मन्त्रालयमा निहित |

(यस पत्रिकामा प्रकाशित लेखरचनाहरुमा व्यक्त विचारहरु लेखकका निजी विचार भएकाले उक्त लेखहरुप्रतिको जिम्मेवारी लेखक स्वयम्मा निहित रहनेछ ।

**संरक्षक**

**शंकरप्रसाद कोइराला**

सचिव

**सम्पादक मण्डल**

**संयोजक**

पुरुषोत्तम नेपाल

**सदस्यहरु**

भीम प्रसाद भट्टराई

प्रदीप श्रेष्ठ

सुरेस सुवेदी

**सदस्य सचिव**

विष्णु कुमारी भुसाल

## सम्पादकीय

मुलुकको आर्थिक विकासको इन्जिनको रुपमा रहेको उद्योग क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन माथि नै नेपालको आर्थिक समृद्धि निर्भर रहेको छ। औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी औद्योगिक पूर्वाधार निर्माण, मौजुदा औद्योगिक पूर्वाधारहरूको अधिकतम उपयोग गर्ने, औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरूमा उद्योग स्थापना तथा सञ्चालनका लागि आवश्यक सम्पूर्ण सुविधा उपलब्ध गराउने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिई औद्योगिक उत्पादकत्वमा वृद्धि गर्ने, लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन गरी उत्पादनशील रोजगारीमा वृद्धि गरी गरिबी न्यूनिकरण गर्दै राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ र समृद्ध बनाउन उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ। औद्योगिक प्रवर्द्धन, उद्यमशीलताको विकास, लगानीमैत्री वातावरणको सिर्जना, सरकारी उद्योगहरूको व्यवस्थापन, खानी तथा भूगर्भको अन्वेषण र यसमा आधारित उद्योगको विकास र व्यवस्थापन, गुणस्तर मापदण्ड र व्यवस्थापन आदि आर्थिक समृद्धिसंग सम्बन्धित कार्यहरू सम्पादन गर्ने कार्य उद्योग मन्त्रालयको कार्यक्षेत्रमा पर्दछ।

स्वाधिन, समुन्नत तथा सम्मृद्ध राष्ट्रिय अर्थतन्त्र निर्माण मार्फत सन् २०२२ सम्ममा विकासशील मुलुकबाट विकासोन्मुख मुलुकमा फड्को मार्ने राष्ट्रिय सोचलाई प्राप्त गर्न औद्योगिक प्रवर्द्धन, उत्पादन वृद्धि र उत्पादनशील रोजगारी वृद्धि नै प्रमुख माध्यमहरू हुन। उद्यमशीलता प्रवर्द्धन गरी स्थानीय स्तरमा स्वदेशमै उपलब्ध कच्चा पदार्थ, श्रम, सीप र प्रविधि प्रयोग हुने लघु तथा घरेलु उद्योगको स्थापना र विकासमा व्यापकता ल्याउन स्थानीय तहमा स्थापना हुने उद्योग विकास कार्यालय मार्फत कार्यक्रमहरू सञ्चालन गरी आगामी एक दशक भित्र मुलुक भित्रै रोजगारीका अवसरहरू वृद्धि गरी महिला तथा युवाहरूलाई उद्यमशीलता तर्फ आकर्षित गर्नु अनिवार्य छ। यी कार्यहरूबाट मुलुकमा गरिबी न्यूनीकरण हुनाका साथै सर्वसाधारण नेपालीले गुणस्तरीय स्वदेशी वस्तु उपयोग गर्न पाउने र निर्यातमा वृद्धि र आयात प्रतिस्थापन हुन गै समग्रमा सन्तुलित अर्थतन्त्र कायम हुन जान्छ।

राज्यको कुल गार्हस्थ्य उत्पादनमा करिब १५ प्रतिशतसम्म योगदान पुगेको औद्योगिक क्षेत्रको उत्पादन क्षमता विगत डेढ दशकमा विविध कारणले क्रमशः घट्दै गएको छ। यसमाथि वि.सं. २०७२ सालको विनाशकारी भुकम्प पश्चात यसबाट परेको प्रतिकुल असरले उद्योग क्षेत्र नकारात्मक रुपमा प्रभावित हुन गई यस क्षेत्रको योगदान ऋणात्मक वृद्धिमा समेत सीमित रहन पुग्यो। सरकारी तथा निजी क्षेत्रका रुग्ण उद्योगलाई पुनःस्थापना गर्न औद्योगिक लगानीमैत्री वातावरणको अभाव, औद्योगिक विद्युत आपूर्तिको अपर्याप्तता, औद्योगिक पूर्वाधारको अपर्याप्तता, रोजगारदाता र श्रमिक बीचको विवाद, सक्षम औद्योगिक जनशक्तिको अभाव, गुणस्तरीय वस्तु उत्पादन हुन नसक्नु र औद्योगिक वस्तुहरूको उच्च प्रतिस्पर्धा जस्ता कारणहरूले गर्दा उद्योग क्षेत्रमा आन्तरिक तथा बाह्य लगानी घट्न गई औद्योगिक उत्पादनमा प्रतिकुल असर पर्न गएको देखिन्छ।

यी समस्याहरूलाई नीतिगत र कार्यक्रमगत रुपमा संवोधन गर्न उद्योग मन्त्रालयको नेतृत्वमा विभिन्न सुधारहरू भएका छन्। विशेष गरेर औद्योगिक पूर्वाधारको विकास, एकद्वार प्रणालीको कार्यान्वयन, प्रचलित ऐन कानूनहरूमा समसामयिक सुधार, उद्योग प्रशासनको सेवालाई पारदर्शी र चुस्त दुरुस्त बनाउन तथा लगानी मैत्री वातावरण सिर्जना गर्न विभिन्न सुधारहरू भएका छन्। मुलुकमा विगत देखि मूल समस्याको रुपमा रही आएको उर्जा संकटको दीर्घकालीन समाधान तर्फ पनि प्रशस्त कदमहरू चालिएका छन्। यी सबै सुधारहरूले नेपालमा उद्योग व्यवसाय सञ्चालनमा सुधार हुने स्वदेशमा नै उत्पादनशील रोजगारीमा वृद्धि हुने र आयात प्रतिस्थापन तथा निर्यातमा सुधार भई सोधनान्तर स्थिति समेत राम्रो हुने अपेक्षा राखिएको छ।

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिवर्तनलाई स्वदेशी तथा विदेशी लगानीको वातावरण श्रृजना गर्दै मुलुकमा औद्योगिकरणको गतिलाई तिब्रता दिन विदेशी लगानी नीति, २०७१, राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३, औद्योगिक व्यवसाय ऐन, २०७३, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, कम्पनी ऐन पहिलो संसोधन ऐन, २०७४, खानी तथा खनिज पदार्थ नीति, २०७३ तर्जुमा भै सकेका छन् भने गत २०७३ फाल्गुण महिनामा भएको अन्तर्राष्ट्रिय लगानी सम्मेलन मार्फत १४ खर्ब रुपैयाको प्रतिवद्धता समेत प्राप्त भएको छ। यसैगरी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औद्योगिक व्यवसाय नियमावली, विशेष आर्थिक क्षेत्र विकास प्राधिकरण नियमावली तर्जुमा गर्ने कार्य अन्तिम अवस्थामा पुगेको छ। यस्तै उद्योग क्षेत्रका अन्य विभिन्न नीतिगत तथा कानूनी दस्तावेजहरूलाई लगानीमैत्री तथा समसामयिक बन्ने क्रममा छन् र विभिन्न राष्ट्रहरूसँग विप्पा सम्झौता भएका छन्।

यसैगरी नीतिगत तथा कानूनी सुधार संरचनागत सुधार, प्रक्रियागत सुधार, संघीयता अनुकुलको औद्योगिक संरचनाको निर्माण औद्योगिक क्षेत्रमा लगानीमैत्री वातावरण श्रृजना गर्न स्वदेशी तथा विदेशी लगानीका लागि अनुकुल वातावरण सिर्जना गर्न गैरआवासीय नेपालीहरूलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना बढाउन पूर्वाधार निर्माणमा लगानी बढाउन स्वास्थ्य औद्योगिक श्रम सम्बन्धको विकास गर्दै आर्थिक समृद्धि हासिल गर्न उद्योग मन्त्रालयको नीति तथा कार्यक्रम केन्द्रित रहेका छन्।

पत्रिकाको यस अंकमा उद्योग र विकास क्षेत्रका विविध विषयहरूलाई समावेश गरी गरी विभिन्न लेखकहरूका विचारहरूलाई समावेश गरिएको हुँदा उद्योग र विकास प्रति चासो राख्ने सबैका लागि यो पत्रिका उपयोगी हुने विश्वास लिएका छौ। यहाँहरूको अमुल्य सुझावको आधारमा आगामी अंकहरूमा यसमा रहेका कमी कमजोरीहरू सुधार गर्दै अझ परिमार्जित र गुणस्तरीय रुपमा प्रकाशन गर्ने विश्वास लिएका छौं।

अन्त्यमा आ-आफ्नो लेख रचनाहरू उपलब्ध गराइदिनुहुने श्रद्धेय विज्ञ लेखकज्यूहरू प्रति आभार व्यक्त गर्दै पत्रिकालाई प्रकाशन योग्य बनाउन आ-आफ्नो क्षेत्रबाट अमूल्य योगदान पुऱ्याउनु हुने सम्पूर्ण व्यक्तित्वहरूलाई धन्यबाद ज्ञापन गर्दछौं।

# विषयसूची


| क्र.सं. | लेख/रचना | लेखक/रचनाकार | पेज नं. |
|---|---|---|---|
| १. | आर्थिक समृद्धिमा लघु, घरेलु तथा साना उद्योगको सम्भावना र सुधारको मार्गचित्र | – यामकुमारी खतिवडा (बास्कोटा) | १ |
| २. | विश्व ब्यापार प्रणाली र नेपालको अन्तर्राष्ट्रिय व्यापार संक्षिप्त विश्लेषण | – तोया नारायण ज्ञवाली | १६ |
| ३. | संघीयतामा उद्योग सम्बन्धी विद्यमान नीति र आगामी कार्यदिशा | – दामोदर रेग्मी | २७ |
| ४. | नेपालमा कम्पनी प्रशासन सम्वन्धी व्यवस्था र उपलब्धिहरू | – प्रेमकुमार श्रेष्ठ | ३५ |
| ५. | नेपालको आर्थिक सम्मृद्धि र उद्योग क्षेत्र | – पुरुषोत्तम नेपाल | ४९ |
| ६. | औद्योगिक व्यवसाय ऐन, २०७३ का परिवेशहरू | – प्रदीपकुमार कोइराला | ७० |
| ७. | नेपालमा खनिज सम्पदा : वर्तमान अवस्था र विकासका प्रयासहरू | – राजेन्द्र प्रसाद खनाल | ७९ |
| ८. | नयाँ ट्रेडमार्क ऐनमा समेटिनुपर्ने पक्षहरू | – दिपक घिमिरे | ८३ |
| ९. | महिलामैत्री वर्तमान औद्योगिक कानून र भावी कार्यदिशा | – विष्णुकुमारी भुसाल | ८९ |
| १० | Micro Enterprise Development as foundation for economic growth in Nepal | - Ramji P. Neupane, PhD | ९७ |
| ११. | FWEAN and its role in Industrial Development | - Kopila Dongal | १०८ |

# आर्थिक समृद्धिमा लघु, घरेलु तथा साना उद्योगको सम्भावना र सुधारको मार्गचित्र

✍ यामकुमारी खतिवडा (बास्कोटा)
सचिव, नेपाल सरकार

**१. विषय प्रवेश :**

देशको आर्थिक विकासको इन्जिनको रुपमा रहेको औद्योगिक क्षेत्रको विकासले अर्थतन्त्रको चौतर्फी विकासमा टेवा पुऱ्याउँदै समग्र अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। विभिन्न आन्तरिक र बाह्य कारणले गर्दा बर्तमान अवस्थामा यस क्षेत्रको योगदान कुल गार्हस्थ उत्पादनमा घट्दो क्रममा रहेको छ। त्यसैगरी अत्याधिक रुपमा बढेको आयात र घट्दै गएको निर्यातले व्यापार घाटाको खाडल निकै फराकिलो हुँदै गइरहेको अवस्था छ। नेपालको सन्दर्भमा तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताको आधारमा ठूला, मझौला र साना सबै किसिमका उद्योगहरूको प्रशस्तै सम्भावना रहेको छ। त्यसैगरी साना भन्दा पनि साना उद्यम व्यवसायहरूलाई लघु उद्यमको रुपमा परिभाषित गरि सञ्चालन गरिएको छ भने कतिपय लघु उद्यमहरू दर्ता नै नभई अनौपचारिक रुपमै सञ्चालित भएकाले यस्ता उद्यमहरूको कुल गार्हस्थ उत्पादनको योगदानमा प्रतिनिधित्व रहेको छैन। यद्यपि स्थानीय स्तरमा रोजगारी सिर्जना गरी आय आर्जन बढाई जनताको जीवनस्तरमा टड्कारो रुपमा सुधार ल्याएको देखिन्छ। विश्वका विभिन्न मुलुकहरू श्रीलंका, सिंगापुर, मलेसिया, दक्षिण कोरिया, अमेरिका आदिमा ठूला भन्दा साना तथा मझौला उद्योग व्यवसायहरूको हिस्सा राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय रहेजस्तै नेपालमा पनि कुल गार्ह्यस्थ उत्पादनमा करिब ६% रहेको उद्योग क्षेत्रको योगदान मध्ये करिब ९०% हिस्सा लघु, घरेलु तथा साना उद्योगको रहेको छ। त्यसैगरी, स्थानीय कच्चा पदार्थको उपयोग गरी स्थानीय श्रमबाट थोरै पूँजी, सरल प्रविधिका साथ संचालन गर्न सकिने र छिटो प्रतिफल आउने हुँदा लघु, घरेलु तथा साना उद्योगले उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आय आर्जनको माध्यमबाट स्थानीय अर्थतन्त्रलाई सुदृढ पार्न महत्त्वपूर्ण भूमिका खेलेको छ। स्थानीय स्तरमा आर्थिक रुपमा आत्म निर्भर हुदै राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान गरी देशको गरिवी न्यूनिकरण र रोजगारी सिर्जना गरी नेपाली सीप, कला, संस्कृति र परम्परालाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराई निर्यात प्रवर्द्धनमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएको यस क्षेत्रको थप प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रको दिगो र भरपर्दो आधारस्तम्भको रुपमा स्थापित गर्नेगरी नीति तथा कार्यक्रमहरू केन्द्रित हुनुपर्ने देखिन्छ।

## २. लघु, घरेलु तथा साना उद्योगको विद्यमान अवस्था :

उद्योग क्षेत्रको योगदान मध्ये करिब ९०% ओगटेको घरेलु तथा साना उद्योगको दर्ताको अवस्था हेर्दा आ.व. २०७३/०७४ को फागुन मसान्तसम्म २ लाख ७० हजार ९८८ भन्दा बढी घरेलु तथा साना उद्योगको दर्ता कायम रहेको छ र यस्ता उद्योगहरूबाट २२ लाख बराबरको रोजगारी सिर्जना हुने देखिन्छ। यसरी संख्यात्मक रुपमा दर्ता भएका उद्योगहरू कति सञ्चालनमा छन्, कति बन्द अवस्थामा छन् र कति निष्कृय रहेका छन् भन्ने आधिकारिक तथ्याङ्क उपलब्ध देखिदैन यद्यपी दर्ता कायम रहेका भन्नाले नियमित रुपमा नवीकरण भइरहेका उद्योगहरूको संख्यालाई जनाउँदछ। उद्योगको प्रकृतिको आधारमा उत्पादनमूलक, उर्जामूलक, कृषि तथा वनजन्य, पर्यटन, खनिज, सेवामूलक र निर्माण गरी ८ प्रकारको वर्गीकरण अनुसार दर्ता भएका छन्। त्यसैगरी उद्योग मन्त्रालयद्धारा सञ्चालित लघु उद्यम विकास कार्यक्रम र गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत मात्र पनि आर्थिक वर्ष ०७३/०७४ असारसम्म १ लाख १९ हजार ८५ लघु उद्यमीहरू सिर्जना भई उद्यमीको रुपमा स्थापित छन् भने थप ५३ हजार ८ सय ८५ जनाको संख्यामा रोजगारी सिर्जना भएको छ। यसरी सञ्चालित उद्यमहरूमध्ये कृषिमा आधारित ५४%, वनमा आधारित १८%, आर्टिशनमा आधारित १३%, सेवामा आधारित ६%, पर्यटनमा आधारित ७% रहेका छन्। यद्यपि, अधिकांश लघु उद्यमीहरूका व्यवसायहरू दर्ता नभएका कारण यस्ता व्यवसायको योगदान राष्ट्रिय अर्थतन्त्रमा प्रतिबिम्बित भएको पाईदैन। बिद्यमान औद्योगिक ब्यबसाय ऐन, २०७३ ले पहिलो पटक लघु उद्यमलाई परिभाषारित गर्दै विभिन्न किसिमका सुविधाहरू समेत प्रदान गरेको छ।

## ३. औद्योगिक व्यवसाय ऐन, २०७३ अनुसार लघु, घरेलु र साना उद्योगहरूको वर्गीकरण :

औद्योगिक व्यवसाय ऐन, २०७३ ले उद्योगको प्रकृतिका आधारमा उत्पादनमूलक, उर्जामूलक, कृषि तथा वनपैदावरमा आधारित, पर्यटन, खनिज, सेवामूलक, निर्माण र सूचना, प्रसार तथा सञ्चार प्रविधिमा आधारित उद्योग गरी ८ प्रकारमा वर्गीकरण गरिएको छ भने पुँजीको आधारमा लघु उद्यम, साना उद्योग, मझौला उद्योग र ठूला उद्योग गरी वर्गीकरण गरिएको छ।

**लघु उद्यम :**

- घरजग्गा बाहेक बढीमा ५ लाख रुपैयासम्मको स्थिर पुँजी भएको।
- उद्यमी स्वयम् उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको।
- उद्यमी सहित बढीमा ९ जनासम्म कामदार रहेको।
- बार्षिक कारोवार ५० लाख भन्दा कम रहेको।

- इन्जिन, उपरकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन उपकरण वा मेसिनमा खपत हुने विद्युतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता २० किलोबाट वा सो भन्दा कम रहेको। (तर ऐन अनुसार अनुमति/स्वीकृति लिनुपर्ने उद्योगलाई लघु उद्यम मानिने छैन।)

**घरेलु उद्योग :**

- परम्परागत सीप र प्रविधिमा आधारित
- श्रममुलक वा खास सीप वा स्थानीय कच्चा पदार्थ एंव स्थानीय प्रविधि कला तथा संस्कृतिमा आधारित
- इन्जिन, उपकरण वा मेसिनको प्रयोग भएमा बढिमा १० किलोबाट सम्मको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेको।

**साना उद्योग :**

- लघु उद्यम र घरेलु उद्योग बाहेकको १० करोड रुपैयासम्म स्थिर पुँजी भएको उद्योग।

**मझौला उद्योग :**

- १० करोड रुपैया भन्दा बढी २५ करोड रुपैयासम्म स्थिर पुँजी भएको उद्योग।

**ठुला उद्योग :**

- २५ करोड भन्दा बढी स्थिर पुँजी भएको उद्योग।

## ४. विद्यमान औद्योगिक व्यवसाय ऐनले गरेका बिशेष व्यवस्थाहरू

औद्योगिक व्यवसाय ऐन, २०७३ ले प्रदान गरेका छुट सुविधाहरू वा सहुलियतलाई सिमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन भन्ने प्रत्याभूति गर्दै विभिन्न छुट एंव सुविधाहरू उपलब्ध गराएको छ। केही मुख्य मुख्य छुट एंव सुविधाहरू देहाय बमोजिम उल्लेख गरिएको छ।

४.१ औद्योगिक व्यवसाय ऐन, २०७३ मा लघु उद्योगको परिभाषा गरी त्यस्ता उद्योगहरूलाई निशुल्क दर्ता गर्ने र ५ वर्ष सम्म आयकर छुट दिने व्यवस्था गरिएको छ। त्यसै गरी घरेलु उद्योगलाई प्राथमिकता प्राप्त उद्योगको रुपमा वर्गीकरण गरिएको छ।

४.२ अति अविकसित क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी, लघुउद्यम, घरेलु तथा साना उद्योगलाई बिउँ पुँजी (सिड मनि) को रुपमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको।

४.३ राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग वा स्वदेशी कच्चा पदार्थ, श्रम र सीपको अधिकतम उपयोग वा नेपाल भित्रै प्रविधि वा वस्तुको आविष्कार गरी स्थापना भएका उद्योगहरूको

लागि उधोग तथा लगानी प्रबर्द्धन बोर्डको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा सहुलियत दिन सक्ने व्यवस्था गरिएको छ।

४.४ उत्पादनमूलक उद्योगबाट आर्जित आयमा लाग्ने करको दरमा २०% ले छुट हुने व्यवस्था रहेको छ। त्यसैगरी सडक, पुल लगायत औद्योगिक संरचना एंव पूर्वाधार जस्ता निर्माणमूलक उद्योगमा लगानी गरी सञ्चालन गरेमा सो बाट प्राप्त आयमा लाग्ने करको दरमा ४०% ले छुट हुनेछ।

४.५ अति अविकसित र कम विकसित क्षेत्रमा स्थापित उत्पादनमूलक उद्योगहरूका लागि विशेष सहुलियतको व्यवस्था गरिएको छ।

४.६ जग्गा प्राप्तिमा सहजीकरण सम्बन्धीः

- तोकिए बमोजिमका उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्ने वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गरिदिने प्रावधान रहेको छ।
- राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग सञ्चालन गर्न सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफुलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ। त्यस्तो निवेदन प्राप्त भएको मितिले ६ महिना भित्र नेपाल सरकारले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा उद्योग सञ्चालन प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ।
- कुनै उद्योगलाई आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम राख्न पाउने जग्गाको अधिकतम हद भन्दा बढी भएमा सो बढी भए सम्मको जग्गा राख्ने छुट पाउन त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकाय मार्फत नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ। यसरी निवेदन पर्न आएमा उद्योगको आवश्यकताको आधारमा नेपाल सरकारले प्रचलित कानून बमोजिम तोकिएको शर्तको अधीनमा रही तोकिएको हदसम्मको जग्गा राख्न पाउने गरी छुट दिन सक्ने व्यवस्था गरिएको छ।

४.७ उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड, एकल विन्दु सेवा संचालन समिति, एकल सेवा केन्द्र निर्देशक समितिमा महासंघको प्रतिनिधित्व रहेको छ।

४.८ रुग्ण उद्योगको व्यवस्थापन सम्बन्धमा रुग्ण उद्योगको स्पष्ट व्यवस्था हुनुका साथै पहिचान, वर्गीकरण, सुविधा, सहुलियत तथा छुट र संस्थागत व्यवस्था प्रस्ताव गरिएको छ। साथै रुग्ण उद्योग पुर्नउत्थान, पुननिर्माण तथा व्यवस्थापन कोषको व्यवस्था गरिएको छ।

४.९ लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि स्थानीय स्तरमा जिल्ला स्थित घरेलु तथा साना उद्योग महासंघको समेत प्रतिनिधित्व रहने गरी जिल्ला उद्योग प्रवर्द्धन समितिको गठन हुने व्यवस्था छ ।

४.१० साना तथा घरेलु उद्योगको उत्पादनको बजार प्रवर्द्धनका लागि उपकरार गरी उत्पादन गर्न सक्ने व्यवस्था गरिएको छ।

४.११ महिला उद्यमीहरूको लागि गरिएका विशेष व्यवस्थाहरू

- महिलाको स्वामित्वमा दर्ता उद्योगको दर्ता रजिष्ट्रेसन दस्तुरमा ३५% छुट हुने र बौद्धिक सम्पत्ति सम्बन्धी उद्योग दर्ता भएमा २०% छुट हुने व्यवस्था रहेको छ।
- महिला उद्यमीहरूको सरल वित्तीय पहुचका लागि महिला उद्यमशीलता विकास कोषको स्थापना सम्बन्धी प्रावधान राखिएको छ।
- विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीका उद्योगहरूलाई प्राथमिकताका साथ स्थापना र संचालन गर्ने व्यवस्था छ।
- महिला उद्यमीको मात्र स्वामित्व रहेको उद्योगले आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने प्रयोजनको लागि कर्जा माग गरेमा महिला उद्यमीको व्यवसायको वित्तीय स्थितिको आधारमा तोकिए बमोजिम निर्यातकर्जा उपलब्ध गराउने व्यवस्था रहेको छ।

४१२ साना, मझौला र ठूला उद्योगहरूको लगानी पूंजीको सीमा बढाइएको छ।

४.१३ आफ्नो उत्पादनको कुल बिक्रीमध्ये ४०% भन्दा बढी निकासी गर्ने उद्योगले खरिदमा तिरेको कर मिलान गरी बढी भएको मू.अ.कर फिर्ता दावी गरेमा १ महिना भित्र फिर्ता पाउने व्यवस्था रहेको छ।

४.१४ औद्योगिक क्रियाकलापहरूलाई सञ्चालन गर्नको लागि निर्यात प्रवर्द्धन क्षेत्र वा निर्यात प्रशोधन क्षेत्र वा विशेष आर्थिक क्षेत्र वा विशेष व्यापारिक क्षेत्र वा पर्यटकीय वा अन्य कुनै क्षेत्र रहने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपालको कुनै स्थान वा क्षेत्रलाई तोक्न सक्ने प्रावधान रहेको छ। त्यसै गरी औद्योगिक विकासको लागि पर्याप्त संभावना र अवसर उपलब्ध रहेको देशको कुनै भाग वा स्थानलाई तोकिए

बमोजिमका मापदण्डका अधिनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गरी तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ।

४.१५ करोड भन्दा बढीको पुजी लगानीमा महानगरपालिका र उपमहानगरपालिका बाहेकका क्षेत्रमा स्थापना हुने पूर्वाधारयुक्त होटल, रिसोर्ट जस्ता पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगलाई कारोवार सुरु गरेको मितिले ५ वर्षसम्म पूर्णरुपमा आयकर छुट भई त्यसपछिको ३ वर्षसम्म लाग्ने आयकरको दरमा ५०% ले छुट हुनेछ।

४.१६ उत्पादनमूलक उद्योगले उत्पादन गरेको बस्तु निर्यात गरेमा प्राप्त आयमा लाग्ने करको दरमा २५% ले छुट हुनेछ।

४.१७ उद्योगले व्यवसायसँग सम्बन्धी बजार प्रवर्द्धन, सर्वेक्षण र विज्ञापनको लागि भएको खर्च आयकरको प्रयोजनको लागि कट्टी गर्नसक्ने व्यवस्था छ।

४.१८ उद्योगले आफ्नो व्यवसायिक प्रयोजनको लागि आयात गर्ने मेशिनरी ट्रान्सफर्मर १० किलोबाट वा सो भन्दा बढी क्षमताको जेनेरेटर र औद्योगिक उकरणमा न्यूनतम दरमा भन्सार लाग्नेछ।

४.१९ उद्योगमा प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्च पदार्थ, प्याकेजिङ सामाग्रीमा लाग्ने भन्सार महसुल सामान्यतया त्यस्तो कच्चा पदार्थबाट उत्पादन हुने तयारी बस्तुको आयातमा लाग्ने भन्सार दरभन्दा एक तह कम हुनेछ।

## ५. नेपाल सरकार/ उद्योग मन्त्रालयको तर्फबाट सम्वोधन भैरहेका अन्य विषयहरू:

५.१ मुलुकलाई औद्योगीकरण तर्फ उन्मुख गर्दै स्वदेशी उद्योग र व्यवसायको संरक्षण र सम्वर्द्धन गर्न आवश्यक भएकोले सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भै कार्यान्वियनमा आइसकेको छ। उक्त निर्देशिकालाई नेपाल राज्यभर पूर्ण रुपमा कार्यान्वियन गर्न गराउन उद्योग मन्त्रालयबाट विभिन्न प्रयासहरू भै रहेका छन्।

५.२ औद्योगिक उत्पादनको बजार प्रवर्द्धनका लागि लघु उद्यम विकास कार्यक्रम (MEDEP) तथा घरेलु तथा साना उद्योग कार्यालय र समितिका कार्यालय मार्फत सौगात गृह स्थापना भै संचालनमा रहेका र उक्त सौगात गृह तथा कोशेली घरको संख्या बढाउदै जाने योजना रहेको छ।

५.३ अर्थ मन्त्रालयबाट भूकम्प पीडित उद्योग व्यवसायको पुनरुद्धार कोषको व्यवस्था गरिएको छ। उक्त कोषमा लघु, घरेलु तथा साना उद्योगहरू समेत लाभान्वित हुने गरी विभिन्न व्यवस्था रहेको छ।

भूकम्पबाट भएको क्षति, सिमानाकामा भएको अवरोध तथा आपूर्ति प्रणालीको असहज परिस्थितिबाट कृषि, पर्यटन, उद्योग व्यवसाय लगायतका अर्थतन्त्रमा पर्न गएको प्रतिकुल असरलाई न्यूनीकरण गर्दै लगानीको विश्वसनीय वातावरण बनाई राख्न एवं आर्थिक गतिशीलता बढाउने नेपाल सरकारले लागू गरेको आर्थिक पुनरुद्धार कोष (स्थापना र संचालन) कार्यविधि मार्फत ब्याज अनुदान र पुनर्कर्जा सम्बन्धी बिभिन्न ब्यबस्था गरेको छ।

**पुर्नकर्जा सम्बन्धी व्यवस्थाः**

क) भूकम्पबाट क्षति भएका र पुनर्कर्जाको लागि तोकिएका क्षेत्रहरूमा सञ्चालित उद्योग व्यवसायहरूले मात्र पुनर्कर्जा सुविधा प्राप्त गर्ने छन्।

ख) बैंक तथा वित्तीय संस्थाले कुनै पनि ऋणीलाई रु. पाँच करोडसम्मको पूरै र सो भन्दा बढी कर्जा उपयोग गरेको अवस्थामा उक्त बढी कर्जाको बीस प्रतिशतका दरले यो सुविधा प्रदान गर्नेछ।

ग) बैंक तथा वित्तीय संस्थाबाट ऋण नलिएका उद्योग/व्यवसायहरूले पनि भूकम्पबाट क्षति भएको कारण ऋण लिन चाहेमा सि.नं. (२) को सीमा अनुसार नै यो सुविधा उपलब्ध गराइने छ। उल्लिखित प्रावधानहरूले लघु, घरेलु तथा साना उद्यमीहरूलाई लाभ लिन सक्ने व्यवस्था गरेको देखिन्छ।

५.४. महिला उद्यमशीलता विकास सम्बन्धी कोष स्थापना भै हाल ४६ जिल्लाहरूमा संचालनमा रहेको। महिलाहरूलाई विना धितो न्यूनतम ब्याजदरमा सरलरुपमा कर्जा उपलब्ध गराउदै आएको यस कोषमा प्रत्येक वर्ष रकम विनियोजन गरी कोष वृद्धि गर्ने र ७५ वटै जिल्लामा कार्यक्रम बिस्तार गर्ने योजना छ।

५.५ सार्कस्तरीय हस्तकला केन्द्र निर्माणका लागि जग्गा छुट्याइएकोले आगामी आ.व. देखि केन्द्र निर्माण थालनी गरिने योजना रहेको छ।

५.६ मुलुक संघीयतामा प्रवेश गरिसकेको सन्दर्भमा प्रत्येक प्रदेशमा एक/एक वटा कम्तीमा १००० विगाहा क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापना गर्न प्रक्रिया अगाडि बढाउने नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृति अनुसार केही प्रदेशमा जग्गा प्राप्ति भैसकेको र केही स्थानमा प्राप्त हुने क्रममा रहेको छ।

५.७ सयुक्त राज्य अमेरिकाले नेपाललाई केही अवधिका लागि तयारी पोशाकमा भन्सार छूट सुविधा उपलव्ध गराएको सन्दर्भमा विशेष आर्थिक क्षेत्र स्थापनाको लागि छुट्याइएको सिमरा स्थित जग्गामा गार्मेन्ट प्रशोधन (Garment Processing Zone) क्षेत्र (GPZ) को रुपमा पूर्वाधार बिकास गर्ने कार्यको थालनी भैसकेको छ। आगामी २ वर्षमा पूर्वाधार तयार गर्ने योजना रहेको छ।

## ६. लघु, घरेलु तथा साना उद्योगका समस्या/चुनौतीहरू :

सानो परिमाणमा उत्पादन हुने हुँदा बजारीकरणमा समस्या परेको, उद्यमहरू छरिएर रहनाले उत्पादकत्व कम हुनुका साथै नेपाल सरकारले पुऱ्याउने सेवा सुबिधा उपलब्ध गराउन समेत कठिनाइ हुने र उत्पादित वस्तुहरूको ग्रेडिङ, टेष्टिङ, प्याकेजिङ, लेबलिङ, सर्टिफिकेशन जस्ता गुणस्तरसँग सम्बन्धित समस्याहरू रहेका छन्। त्यसैगरी व्यवसाय शुरु गर्नका लागि बीउ पूँजी (Start up Fund) को अभाव, वित्तीय पहुँचमा समस्या (लघुवित्त संस्थाले समेत Whole Sale Lending गर्ने गरेको), आधुनिक प्रविधिको उपयोग गर्न नसकिनु, उत्पादन लागत बढी हुने हुँदा आयातित वस्तुहरूसँग प्रतिस्पर्धा गर्न नसक्नु, उत्पादित वस्तुहरूको विक्री कक्ष तथा प्रदर्शनीस्थलको अभाव, स्वदेशी वस्तुको उपयोगमा सार्वजनिक निकायहरूले समेत प्राथमिकता नदिनु जस्ता समस्या रहेका छन्। त्यसैगरी, उर्जा संकट, आधुनिक प्रविधिको अभाव जस्ता विविध समस्या भोग्दै आएका लघु, घरेलु तथा साना उद्योगहरू २०७२ बैशाख १२, १३ र २९ गते गएको विनाशकारी भूकम्पबाट थप प्रभावित भएका छन्। कतिपय उद्यमीहरूको ज्यान नै गएको छ भने अधिकांश लघु, घरेलु तथा साना उद्योगहरू पूर्णरुपमा र केही आंशिक रुपमा क्षतिग्रस्त भएका छन्। स्थानीयस्तरमा रोजगारी सिर्जना र आय आर्जनको माध्यमबाट देशको गरिवी न्यूनीकरणमा समेत महत्त्वपूर्ण रहेको यस क्षेत्रलाई तत्काल पुनरुत्थान गरी उद्यम व्यवसाय पुन संचालन हुन सक्ने अवस्थामा ल्याउनुपर्ने देखिन्छ।

## ७. लघु, घरेलु तथा साना उद्योगहरूको प्रबर्द्धनका सम्बन्धमा विशेष सुझावहरू:

### ७.१ नीतिगत/कानूनी सुधार

लघु, घरेलु तथा साना उद्योगहरूको प्रभावकारी रुपमा प्रवर्द्धन गर्नको लागि कानूनी व्यवस्था नै छुट्टै हुनुपर्ने देखिन्छ। यस क्षेत्रको व्यवस्थापन र प्रशासनको मुख्य कानून औद्योगिक व्यवसाय ऐनले लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनमा त्यति ध्यान दिएको देखिँदैन। प्रविधिमा विशेष अनुदान, ब्याजमा विशेष छुटको व्यवस्था, सरल र सहज किसिमको दर्ता प्रणाली र प्रशासनिक प्रक्रिया, सरल र सहुलियतपूर्ण कर प्रणाली समेतको छुट्टै कानून ल्याउनुपर्ने देखिन्छ। भारत, चीन, श्रीलंका जस्ता देशमा पनि SMEs को लागि विशेष Package समेतको छुट्टै कानूनी व्यवस्था रहेको देखिन्छ। लघु, घरेलु तथा साना उद्योगको विकास वा प्रवर्द्धनमा ठूला उद्योगलाई मिलाउँदा साना उद्योग छायाँमा पर्ने हुँदा छुट्टै कानूनी व्यवस्था हुन जरुरी छ।

### ७.२ संस्थागत/संरचनागत व्यवस्थामा गरिनुपर्ने सुधार

हाल उद्योग मन्त्रालय अन्तर्गत घरेलु तथा साना उद्योग विभाग अन्तर्गतका २७ वटा जिल्लाहरू र विकास समिति ऐन अन्तर्गत गठित घरेलु तथा साना उद्योग विकास समिति

अन्तर्गत हिमाल र पहाडी क्षेत्रका ४८ वटा जिल्लामा रहेका कार्यालयहरू लघु, घरेलु तथा साना उद्योगको व्यवस्थापन तथा प्रशासन गर्ने निकायहरू हुन। हाल औपचारिक रुपमा सिर्जना भएका लघु उद्यमीहरू आधिकारिक रुपमा दर्ता गर्ने कानूनी व्यवस्था समेत छैन। लघु उद्यमहरू घरेलु उद्योगका रुपमा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता हुने गरेका छन्। साना–साना व्यवसाय गरिरहेका यस्ता उद्यमहरू लघुको रुपमा सहज र सरल किसिमले दर्ता हुने प्रावधानको अभावले अधिकांश दर्ता नभएरै अनौपचारिक रुपमा सञ्चालित छन्।

यस्ता कार्यालयहरूमा रहने अधिकांश जनशक्ति बढी मात्रामा प्रशासनिक दक्षता भएका र प्राविधिक र उद्यमशीलता सम्बन्धी विषयमा कम दक्षता भएका रहेका छन् भने आवश्यकता अनुसारको जनशक्ति समेत नरहेको अवस्था छ। संघीय संरचना अनुसार केन्द्रिय र स्थानीय स्तरमा रहेको संरचनामा समेत  पुनर्संरचना गरी एउटै निकायबाट हेरिनुपर्ने देखिन्छ। विभिन्न मुलुकहरू जसले लघु, घरेलु तथा साना उद्योगको माध्यमबाट अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान गरेका छन् साना उद्योगलाई हेर्ने छुट्टै निकाय रहेको देखिन्छ। नेपालको सन्दर्भमा हेर्दा ठूला र साना उद्योगहरूको उत्तिकै सम्भावना भएकोले निकायगत रुपमा र कानूनी रुपमा पनि दुवै क्षेत्रलाई विशेष जोड दिएर लैजानुपर्ने देखिन्छ। ठूला उद्योगहहरूलाई कानूनी सहजीकरण र उपयुक्त लगानीमैत्री वातावरणको सिर्जना गरी स्वदेशी तथा विदेशी निजीक्षेत्रका पूँजी आकर्षण गर्नुपर्ने हुन्छ भने प्रचुरमात्रामा रहेको कच्चा पदार्थको अधिकतम उपयोग गर्दै साना उद्योगहरूको प्रवर्द्धनको माध्यमबाट स्थानीय अर्थतन्त्रलाई सबल बनाउँदै समग्र राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान बढाउन यस्ता क्षेत्रमा सरकारले लगानी नै गर्नुपर्ने अवस्था रहन्छ। नेपालको सन्दर्भमा साना भन्दा पनि साना लघु उद्यमले समेत रोजगारी सिर्जना र गरिबी न्युनीकरणमा ठूलो भूमिका खेलिरहेकोले लघु समेतलाई समेट्ने गरी लघु, घरेलु तथा साना उद्योग (Micro Cottage and Small Enterprises- MSME) लाई हेर्ने  बिशेष जिम्मेबारी समेतको  निकायगत ब्यबस्था हुनुपर्ने देखिन्छ।

## ७.३ उपयुक्त जनशक्तिको व्यवस्था

लघु, घरेलु तथा साना उद्योगहरूको सम्भावनाका श्रोत मापन Resources Mapping देखि नै शुरु गरी यस्ता श्रोतसाधनमा आधारित उद्यमी सिर्जना उद्यमशीलताको विकास, प्रविधिका विषयहरू, उत्पादन तथा प्रशोधन, तथ्याङ्क व्यवस्थापनका विषयहरू बजार व्यवस्थापनका विषयहरू, E-Marketing का विषयहरू ठूला तथा मझौला उद्योगहरू सँगैको linkage, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन सम्बन्धी विषयहरू वित्तीय पहुँच र Networking का विषयहरू जस्ता प्राविधिक तथा उद्यमशील प्रकृतिका कार्यहरू

सम्पन्न गर्नुपर्ने भएकोले तत्-तत् उद्योग कार्यालयहरूमा Industrial Engineer यस्ता जनशक्तिको आवश्यकता रहन्छ। साथै हरेक घरेलु कार्यालयमा रहने गरी हाल भैरहेको घरेलुको दरबन्दी लाई पुनर्संरचना गर्दै संगठन तथा व्यवस्थापन सर्भे (O&M) गरी नयाँ किसिमका जनशक्ति सिर्जना गर्नुपर्ने देखिन्छ।

## ७.४ नविन प्रविधिमा विशेष अनुदान

देशको अर्थतन्त्रमा साना तथा मझौला उद्योगको उल्लेखनिय भूमिका रहेको भारत, चीन तथा श्रीलंकाजस्ता मुलुकहरूमा हेर्दा लघु, घरेलु तथा साना उद्योगहरूको क्षेत्रमा गरेको प्रविधिगत रुपान्तरण (Technological Shift) एउटा महत्त्वपूर्ण कारणको रुपमा रहेको छ।

## ७.५ प्रयोगशाला र R&D केन्द्रको स्थापना

लघु, घरेलु तथा साना उद्योगका उत्पादनहरूको गुणस्तर निर्धारण गरी आन्तरिक र बाह्य बजारमा मान्यता प्राप्त गर्ने किसिमले अन्तर्राष्ट्रियस्तरको गुणस्तर कायम गर्न सक्ने प्रयोगशालाहरूको स्थापनामा सहयोग गर्नुपर्ने। साथै, साना उद्योगको क्षेत्रमा अनुसन्धान तथा विकासमा समेत जोड दिनुपर्ने। सूचना प्रविधिमा भएको तीव्र विकास सँगै नविन र उपयुक्त प्रविधिले प्रतिस्थापन गर्न नसक्दा SMEs का उत्पादनहरूको गुणस्तरमा प्रश्न उठ्ने गरेको सानो स्तरमा उत्पादन हुने, प्रशोधनमा समस्या देखिएकोले एकातिर प्रविधि भन्दा बढी मानव श्रमको प्रयोग हुने गरेको कारणले उत्पादन लागत बढी हुने हुँदा आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्ने र अर्कोतर्फ बजारको माग अनुसारका बस्तु उत्पादन गर्न नसक्ने अवस्था छ। अतः आन्तरिक र बाह्य बजारको माग अनुसारका गुणस्तरीय वस्तु उत्पादन गर्नसक्ने गरी हालका पुराना प्रविधिलाई पूर्णरुपमा नविन प्रविधिहरूले प्रतिस्थापना गर्नुपर्ने हुन्छ। साथै, थोरै भएपनि लागत सहभागितामा प्रविधि सहयोग सरकारले गर्नुपर्ने देखिन्छ।

## ७.६ सहज र सहुलियत दरमा कर्जा प्रवाहको व्यवस्था

लघु तथा साना उद्यमीहरूको प्रवर्द्धनका लागि सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्ने, साथै परियोजना धितो राखेर समेत ऋण लिन सक्ने व्यवस्था गरिनुपर्ने। प्रत्येक बैंक तथा वित्तिय संस्थाहरूले कम्तीमा पनि १०% लगानी अनिवार्य रुपमा लघु, घरेलु तथा साना उद्योगको क्षेत्रमा गर्नुका साथै, कृषिको प्राथमिक उत्पादनमा सरह नै प्रशोधनका क्षेत्रमा समेत सहुलियत दरमा ऋण उपलब्ध गराउनुपर्ने।

## ७.७ व्यवसाय शुरु गर्न पूँजीको व्यवस्था (Start up fund)/बीउ पूँजीको व्यवस्था (Seed Money)

उद्यमशीलता विकास सम्बन्धी विभिन्न सीपमूलक तालिम प्राप्त गरेका उद्यमीहरूलाई यसरी Complete Package को रुपमा तालिम दिने संख्याको सिफारिसमा व्यवसाय शुरु गर्न बिउ पूँजी उपलब्ध गराउनुपर्ने। यसका लागि लघु, घरेलु तथा साना उद्योग Start-up fund/Venture Capital/Seed Money को रुपमा Fund स्थापना गर्ने।

## ७.८ साझा सुविधा केन्द्रहरूको स्थापना (Common Facility Centre) को व्यवस्था

लघु तथा साना उद्योग सञ्चालनको लागि उस्तै प्रकृतिका उद्यमहरूलाई एकीकृत गरी काम गर्ने पूर्वाधार निर्माण गरिनुपर्ने र त्यस्ता स्थानमा कच्चा पदार्थको उपलब्धता, प्रविधिमा अनुदान तथा सरल कर्जाको व्यवस्था र बजारीकरणको व्यवस्था गरिनुपर्ने।

## ७.९ उर्जा आपूर्ती सम्बन्धमा

उर्जासंकट सम्बन्धमा विगतमा सिमा नाकामा भएको आपूर्तिको असहज अवस्था र इन्धन आपूर्तिको असहजतालाई ध्यानमा राख्दै भविष्यमा समेत हुन सक्ने यस्तै प्रकारको इन्धन आपूर्तिको कठिनाइबाट सहज निकास प्राप्तिका लागि मुलुकभर दर्ता, स्थापना तथा संचालनमा रहेका घरेलु तथा साना उद्योगहरूलाई आवश्यक पर्ने उर्जाको विकल्पको रुपमा सौर्य उर्जाको प्रयोगतर्फ प्रोत्साहित गर्नु आवश्यक छ। यसका लागि, प्रथम चरणमा भुकम्प प्रभावित क्षेत्रका घरेलु तथा साना उद्योगहरूलाई प्राथमिकता क्रममा राखी क्रमशः अन्य क्षेत्रका उद्योगहरूलाई समेत उलव्ध हुने गरी सोलार प्यानल जडान खर्चको वढीमा ५० प्रतिशतले हुने रकम, सोलार प्यानल जडान कार्य सम्पन्न भई संचालनमा आएपछि अनुदान उपलव्ध गराउन उपयुक्त हुने देखिन्छ। सौर्य उर्जा उत्पादन लागत तथा अनुमान प्रक्षेपण प्रयोजनका लागि लघु, घरेलु तथा साना उद्योगहरूको संचालन क्षमताको उपयोग सीमा (Capacity Utilization Limit) ६० प्रतिशतको अनुमानमा आधारित भई कुल ५ किलोबाट विद्युत क्षमताको ६० प्रतिशतको ५० प्रतिशतले हुने विद्युत शक्तिको उत्पादन कार्य सौर्य उर्जाबाट गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग समेत आवश्यक परामर्श गरी आगामी आ.व.को वजेट तथा कार्यक्रममा उक्त अनुदान रकमको व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ।

## ७.१० भूकम्प ग्रस्त क्षेत्र जहाँका वस्तीहरू स्थानान्तरण गर्नु पर्ने अवस्थामा छन् त्यस्ता वस्तीहरू सहित त्यहाँ रहेका उद्योगहरूलाई समेत संरक्षण गर्ने हिसावले उद्योगहरूका लागि उचित स्थानमा पुनः व्यवस्था गर्न Scoping गर्नु उपयुक्त हुने देखिन्छ ।

## ७.११ लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन तथा बजार व्यवस्थापन सम्बन्धमा:

क) लघु, घरेलु तथा साना उद्योगहरूको उत्पादनको प्रदर्शनी तथा बिक्री कक्षहरू तत्काल निर्माण गरिनु पर्ने।

ख) नेपाल सरकार उद्योग मन्त्रालय र बाणिज्य मन्त्रालयको नाममा आएको हिमाल सिमेन्ट कारखानाको जग्गामा अन्तर्राष्ट्रिय स्तरको औद्योगिक प्रदर्शनी स्थल निर्माण कार्य अगामी आ.व. देखि शुरु गर्न उद्योग मन्त्रालयले पहल गर्नुपर्ने। अर्थ मन्त्रालयले बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ।

ग) प्रत्येक जिल्ला/प्रदेशमा लघु, घरेलु तथा साना उद्योगले उत्पादन तथा प्रशोधन गरेका वस्तु र सेवाहरूको प्रवर्द्धन गर्न उत्पादनको संकलन केन्द्र तथा विक्रिकक्षको रुपमा सौगात गृह/कोसेली घर ७५ जिल्लामा नै स्थापना गरी सार्वजनिक नीजि क्षेत्रको समन्वयमा निर्माण तथा सञ्चालनका लागि उद्योग मन्त्रालयले अनुमानित लागत तयार बजेट माग गर्नुपर्ने।

घ) लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन गर्नका लागि स्थापना गरिएको लघु, घरेलु तथा साना उद्योग विकास कोषमा र महिला उद्यमशिलता विकास कोषमा विनियोजन गरिदै आएको रकम वृद्धिगरी जिल्ला विस्तार गरी ७५ बटै जिल्लामा पुऱ्याउनु पर्ने।

## ७.१२ राजमार्ग बिसौनी:

लघु, घरेलु र साना उद्योगहरूको प्रवर्द्धनका लागि ठूला ठूला राजमार्ग भित्र, छेउमा र देशका मुख्य मुख्य क्षेत्रका सडकखण्डहरूमा स्थानीय उत्पादन र सामग्रीको प्रवर्द्धन हुने गरी आर्थिक क्रियाकलापहरू संचालन गर्न सकिएमा यस्ता स्थानीय उत्पादनहरूको प्रवर्द्धन भई स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष लाभ हुने देखिन्छ। राजमार्गका ठाउँ ठाउँमा स्थानीय कच्चा पदार्थमा आधारित उत्पादन र त्यसमा आधारित साना साना (खानेकुरा, अन्य उत्पादनहरू) बिसौनीहरू स्थापना गर्न प्रोत्साहित गर्नुपर्ने र राजमार्गबाट ओहोर दोहोर गर्ने यात्रुहरूलाई लक्षित गरी थकाइ मार्ने र Fresh हुने गरी स्थापना गर्न प्रोत्साहित गर्नुपर्ने र यसलाई राजमार्ग बिसौनीको रुपमा विकसित गर्नुपर्ने देखिन्छ। जापानमा यो अवधारणा अत्यन्तै लोकप्रिय रहेको छ।

## ७.१३ क्लष्टरिङ गर्ने:

जिल्लामा छरिएर रहेका विभिन्न लघु तथा साना उद्योगहरूलाइ निर्धारण (Grading) गरी एकीकृत रुपमा उपयुक्त एउटै स्थानमा (Clustering) पूर्वाधार निर्माण गरी उद्योग ग्रामको रुपमा स्थापना गरिनुपर्ने जस्ले गर्दा सेवा सुविधा उपलब्ध गराउन, उत्पादन परिणामको

गुणस्तर कायम गर्न, बजार प्रवर्द्धन गर्न समेत सहज भै उत्पादन र उत्पादनकत्व समेत वृद्धि हुन जान्छ। यसरी एकीकृत गरिएका स्थानमा सरकारले प्रविधिमा अनुदान दिनुका साथै सहुलियत दरमा ब्याज उपलब्ध गराउने।

**७.१४ उपकरार नीति (Sub Contracting)**

साना उद्योगीहरूले उत्पादन गरेका उत्पादनहरू ठूला उद्योगका (सहायक बस्तु) कच्चा पदार्थका रुपमा प्रयोग गर्न सकिने हुँदा Sub Contracting नीतिको माध्यमबाट ठूला उद्योग तथा मझौला उद्योग र साना उद्योगहरूको बीचमा Linkage / Networking गर्नुपर्ने देखिन्छ। (थाइलैण्ड, जापान, श्रीलंका, कोरियामा यस्तो व्यवस्था भएको पाइन्छ)।

**७.१५ बिक्री कक्ष (Sales Outlet):**

स्वदेशी कच्चा पदार्थ प्रयोग गरी लघु, घरेलु तथा साना उद्योगहरूको बजार प्रवर्द्धन र निर्यात प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय विमानस्थल लगायत देशका मुख्य मुख्य विमानस्थलमा विशेष निर्णय गरी लघु, घरेलु तथा साना उद्योगका उत्पादनहरूले Sales Outlet हरू नीजिक्षेत्रको सहकार्यमा राख्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ। उद्योग मन्त्रालयले पर्यटन मन्त्रालय सँगै समन्वय गरी स्थान उपलब्ध गराइ यस्ता "Nepal Made Stall" खोल्ने व्यवस्था गर्नुपर्ने देखिन्छ। (अन्य मुलुकमा पनि यस्तो हुने गरेको )

७.१६ बैंक तथा वित्तीय संस्थाबाट प्रवाह गरिने कर्जामा कम्तीमा पनि १०% लगानी लघु, घरेलु तथा साना उद्योगीका लागि अनिवार्य रुपले लगानी गर्नुपर्ने निर्देशन नेपाल राष्ट्र बैंक मार्फत गरिनु पर्ने। साथै यस्ता लघु घरेलु तथा साना उद्योगीहरूलाई सस्तो ब्याजदरमा कर्जा उपलब्ध गराउनुपर्ने।

७.१७ लामो समय देखि कतिपय उद्योगहरू संचालनमा नरहेका तर विभिन्न निकायहरू घरेलु तथा साना उद्योग विभाग, कम्पनी रजिष्टारको कार्यालय र आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने विवरण नवीकरण नगरेको कारणले लाग्ने शुल्क/जरिवाना वक्यौता रहेको देखिन्छ। उक्त शुल्क/जरिवाना बुझाउन नसक्ने कारणले उक्त उद्योगहरू दर्ता खारेज गरी अद्यावधिक हुन नसकेको देखिन्छ। तसर्थ २०७३ असार सम्मको बुझाउन पर्ने कर र विभिन्न निकायमा बुझाउनु पर्ने विवरण २०७४ पौष सम्म बुझाएमा विवरण नवुझाए बापत लाग्ने सवै कर/शुल्क/जरिवाना एकपटकको लागि मिनाहा हुनु पर्ने।

७.१८ भूकम्प र सीमा नाकामा भएको आपूर्तिको कारणबाट असहज परिस्थितिका कारण कृषि, उद्योग, व्यवसाय, जल विद्युत तथा पर्यटन लगायत अर्थतन्त्रका उत्पादनशील क्षेत्रमा परेको प्रतिकूल असरलाई न्यूनीकरण गरी यी क्षेत्रहरूको पुनरुत्थान गर्नका लागि यी क्षेत्रहरूको व्याज सहुलियत प्रदान गर्न र पुनकर्जा सुविधा उपलब्ध गराउन नेपाल राष्ट्र बैंक मार्फत

सञ्चालन हुने गरी सहुलियतपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराउन स्थापित उक्त कोषका प्रावधानहरूको बारेमा निजी क्षेत्रको सहकार्यमा प्रचार-प्रसारका कार्यक्रमहरू संचालन गर्न सिफारिस गर्ने।

**७.१९.परम्परागत पेशामा आधारित उद्योगको संरक्षणः**

परम्परागत सिप र प्रविधिमा आधारित तथा नेपाली कला संस्कृति झल्कने गरी अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति प्राप्त सामग्रीहरूको संरक्षण र संवर्द्धनका लागि संभावना भएका क्षेत्रहरूमा यस्ता वस्तुहरूको उत्पादन तथा प्रशोधन गर्ने साना साना उद्यम ग्रामहरूको स्थापना गरिनु पर्ने। जस्तो नेपाली खुकुरी, टोपी, नेपाली बाजा, हस्तकलाका सामानहरू आदि। यसरी उद्यम ग्रामको रुपमा निश्चित स्थानमा पूर्वाधार निर्माण, प्रविधिमा सहयोग र सरल वित्तीय पहुचको व्यवस्था सरकारले गर्नुपर्ने देखिन्छ।

**७.२० खास समूहको पेशाको संरक्षण र सम्वर्द्धनः**

कुनै खास समुह तथा वर्गले परम्परा देखि गर्दै आएका खास किसिमका पेशाहरू लोप हुन लागेको अवस्था छ। यस्ता पेश र क्षेत्रलाई जोगाउन एकीकृत रुपमा खास क्षेत्र र खास समुदाय/वर्गमा केन्द्रित भई प्रविधि सहयोग, वीउ पुँजीको (Seed Money), उपलब्धता र सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्ने देखिन्छ।

**७.२१ उत्पादन तथा प्रशोधन केन्द्रको स्थापना गरिनुपर्ने**

प्रचुर संभावना भएको अल्लो, लोक्ता, बास, सिस्नो, केरा जस्ता प्राकृतिक रेशा लगायत हस्तकला, छाला, सेरामिक्स, जडिबुटी जस्ता वस्तुको उपयुक्त स्थानमा उत्पादन तथा प्रशोधन केन्द्रका रुपमा स्थापना गरी प्रविधि सहयोग, सस्तो कर्जा प्रवाहको व्यवस्था गर्नुपर्ने।

**७.२२ निजीक्षेत्रको सहकार्यमा One Village One Product को अवधारणा अनुसार कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने ।**

## ८. निश्कर्ष

स्थानीय स्तरमा नै प्रचुर मात्रामा उपलब्ध हुने कच्चा पदार्थबाट स्थानीय श्रमको उपयोग गरी सरल प्रविधिबाट थोरै पूँजीबाट शुरु गर्न सकिने र प्रतिफल छिटो प्राप्तहुने साथै ठूला उद्योगको तुलनामा जोखिम कम भएका कारण पनि नेपालको सन्दर्भमा लघु, घरेलु र साना उद्योगको महत्त्व रहेको छ। कुल गार्हस्थ उत्पादनमा करिव ६ प्रतिशत योगदान रहेको उद्योग क्षेत्रमो करिव ९०% योगदान दिने साना उद्यमी रहेको देखिन्छ। सानो परिणाममा उत्पादन हुनु, गुणस्तरको कमी (Grading, Packaging, Testing, Labelling, Certification आदि) बजारीकरणको अभाव,

सरल वित्तिय पहुचको अभाव, नविन प्रविधिको प्रयोग हुन नसक्नु आदि यस क्षेत्रमा देखिएका समस्याहरू हुन्। यिनै समस्याहरूलाई सम्बोधन गरी लघु, घरेलु तथा साना उद्योगहरूको संरक्षण र प्रवर्द्धनमा विशेष प्राथमिकताका साथ नीति, कार्यक्रम तथा बजेटको व्यवस्था गर्न सकिएमा स्थानीय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान गरिरहेका यस्ता उद्योग/व्यवसायले राष्ट्रिय अर्थतन्त्रमा समेत उल्लेखनीय रुपमा योगदान दिनसक्ने देखिन्छ।

## सन्दर्भ सामाग्री


- आर्थिक सर्वेक्षण, आ.व. २०७३/०७४, नेपाल सरकार अर्थ मन्त्रालय।
- औद्योगिक व्यवसाय ऐन, २०७३।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ५ वर्ष रणनीतिक योजना-२०७०, नेपाल सरकार उद्योग मन्त्रालय।
- घरेलु तथा साना उद्योग प्रवर्द्धन सम्बन्धी अध्ययन कार्यदलको प्रतिवेदन-२०७२।
- घरेलु तथा साना उद्योग महासंघबाट प्राप्त तथ्याङ्क
- घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिको प्रगति समिक्षा।
- नेपालको संविधान।
- बजेट वक्तव्य आ.व. २०७४/०७५, नेपाल सरकार अर्थ मन्त्रालय।
- लघु उद्यम विकास कार्यक्रमबाट प्राप्त तथ्याङ्क

# विश्व व्यापार प्रणाली र नेपालको अन्तर्राष्ट्रिय व्यापार संक्षिप्त विश्लेषण

✍ तोया नारायण ज्ञवाली
सह–सचिव, वाणिज्य मन्त्रालय

## विश्व व्यापार प्रणाली

व्यापार भन्नाले सामान्यतया वस्तु व्यापार, सेवा व्यापार र बौद्धिक सम्पत्ति सम्वन्धी व्यापारलाई जनाउँछ। व्यापारको प्रकृति, प्रवृत्ति, सिद्धान्त र विशेषतामा विश्वव्यापीकरण, उदारीकरण र निजीकरणले गर्दा निकै परिवर्तन र परिष्कृतता आएको पाइन्छ। द्वितीय विश्वयुद्ध पश्चात अन्तर्राष्ट्रिय संगठनहरूको स्थापनासँगै विश्वव्यापी रुपमा वस्तु व्यापारलाई नियमन गर्ने उद्देश्यले सन् १९४७ मा भन्सार र व्यापार सम्वन्धी सामान्य सम्झौता गरियो। सन् १९९५ मा विश्व व्यापार संगठनको स्थापना पश्चात विश्व व्यापार प्रणालीमा सेवा व्यापार र बौद्धिक सम्पत्ति सम्वन्धी सम्झौता लगायतका अन्य सम्झौता कार्यान्वियनमा आए। सामान्यतया अन्तर्राष्ट्रिय सीमापार गरेर गरिने किनबेच वा कारोवारलाई अन्तर्राष्ट्रिय व्यापारको रुपमा लिइन्छ। नेपालको सन्दर्भमा सन् १९५० सम्म अन्तर्राष्ट्रिय व्यापार मुख्यतः भारत तथा चीन (तिब्वत) सँग मात्र सीमित रहेकोमा पछिल्लो तथ्याङ्क अनुसार नेपालको करिब १३६ भन्दा बढी मुलुक/स्वतन्त्र भन्सार क्षेत्रहरूमा निर्यात हुने गरेको छ भने १७६ भन्दा बढी मुलुक स्वतन्त्र भन्सार क्षेत्रबाट आयात हुने गरेको छ।

विश्वको कूल गार्हस्थ उत्पादनमा ब्यापार क्षेत्रको योगदान सन् १९६५ मा २४ प्रतिशत रहेकोमा सन् २०१५ मा ५८ प्रतिशत पुगेको छ। नेपालमा सन् १९६५ मा व्यापार क्षेत्रको योगदान २१ प्रतिशत रहेकोमा सन् २०१५ मा ५३ प्रतिशतमा पुगेको छ। यसबाट के देखिन्छ भने विश्वव्यापीकरण, आर्थिक उदारीकरण र खुला बजारको मान्यतासँगै विश्वव्यापीरुपमा व्यापारको क्षेत्रमा वृद्धि र विकास समेत तीव्ररुपमा भइरहेको छ। खासगरी वस्तु, सेवा, पूँजी, श्रम र प्रविधि विश्वव्यापी हुने वा विश्वव्यापी फैलने क्रममा वस्तु ब्यापार र सेवा व्यापारको हिस्सा अन्तर्राष्ट्रिय व्यापारमा बढ्दै गएको छ। तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका साथै व्यापारसम्बन्धी अन्य सिद्धान्तका कारणले वस्तु र सेवालाई विश्वव्यापी बनाउन उत्प्रेरकको काम आधुनिकीकरण, विविधिकरण,

विशिष्टिकरण, उन्नत यातायातका साधनको विकास र सूचना प्रविधिको तीव्र विकासले गरिरहेका छन्। अन्तर्राष्ट्रिय व्यापारको क्षेत्र र गतिशिलता समेत दिनानुदिन बढिरहेको छ।

समकालीन विश्वमा व्यापारलाई विकासको इन्जिनको रुपमा समेत औंल्याउने गरेको पाइन्छ। देशहरू विकसित, विकासशील र अति कम विकसित हुनुमा अन्य विषयका अतिरिक्त त्यो देशको अन्तर्राष्ट्रिय व्यापारको स्तरले पनि निर्णायिक भूमिका खेलेको पाइन्छ। अति कम विकसित र भूपरिवेष्ठित मुलुकहरूमा व्यापारजन्य क्षमता सामान्यतया कमजोर पाइन्छ। विश्व व्यापार प्रणालीमा अति कम विकसित मुलुकहरूको वस्तु व्यापारमा हिस्सा करिव १.२४ प्रतिशत हुनुले समेत यो विषयलाई स्पष्ट गर्दछ। जुनसुकै मुलुकको अन्तर्राष्ट्रिय व्यापारलाई बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार सम्बन्धी सन्धी र प्रावधानहरूले स्पष्ट निर्देशित एव प्रभावित गर्ने गरेको पाईन्छ।

## विश्व व्यापार प्रणालीमा नेपालको आबद्धता

नेपालले विश्व व्यापार प्रणालीमा विधिवत रुपमा आबद्ध हुने उद्देश्यले तत्कालीन ग्याटको सदस्यताको लागि सन् १९८९ मा निवेदन दिएकोमा करिव १४ वर्षको पर्खाइ र सम्झौता वार्ताबाट सन् २००४ मा विश्व व्यापार संगठनको सदस्यता प्राप्त भयो। नेपाल विश्व व्यापार संगठनमा वार्ताको माध्यमबाट सो संगठनको सदस्य बन्ने पहिलो अतिकम विकसित मुलुक समेत हो। विश्व व्यापार संगठनको १४७ औं सदस्यको रुपमा विश्व व्यापार संगठनमा प्रवेश पश्चात् नेपालले आफ्ना व्यापारसँग सम्बन्धित नीतिगत र कानूनी व्यवस्थालाई सो संगठनका सम्झौताहरूसँग सामञ्जस्यता कायम राख्दै पारदर्शी र अनुमानयोग्य बनाउँदै आएको छ। सन् २००४ मै नेपाल साफ्टा र बिमस्टेक जस्ता क्षेत्रीय व्यापार सञ्जालमा समेत आबद्ध भएको हो। यसैगरी अर्को क्षेत्रीय व्यापार संरचना आफ्टामा नेपाल पर्यवेक्षक सदस्य रहँदै आएको छ।

बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार सम्झौताहरूमा आबद्धतासँगै नेपालको वैदेशिक व्यापारका क्षेत्रमा नयाँ नयाँ अवसरका साथै नवीन खालका चुनौतीहरू समेत सिर्जना भएका छन्। प्रविधिको विकास र नव अन्वेषणका साथै यातायात र सूचनाको क्षेत्रमा भएको उल्लेखनीय प्रगतिले व्यापार र व्यापारका कतिपय मान्यतामा समेत परिवर्तन ल्याईदिएको छ। विश्व व्यापार प्रणालीका नकारात्मक प्रभाव कमजोर अर्थतन्त्र भएका मुलूक र समाजमा पछि रहेका वर्ग समूदायलाई तुलनात्मक रुपमा बढी रहेको पाइन्छ, तापनि आजको विश्वमा व्यापारका सकारात्मक र नकारात्मक प्रभावबाट कुनै पनि देश स्वतन्त्र रहन सक्ने अवस्था भने छैन ।

बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार सञ्जालबाट सिर्जित लाभहरूलाई मुलुकको आर्थिक विकासका लागि उपयोग गर्ने एवं चुनौतीलाई सम्बोधन गर्न वाणिज्य नीति, २०७२ तथा नेपाल व्यापार एकीकृत रणनीति, २०७३ कार्यान्वयनमा ल्याई तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरू पहिचान गरी सोको प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ। निर्यात प्रवर्द्धन र आयात व्यवस्थापन गर्ने उद्देश्यले नेपालले आन्तरिक र बाह्य स्रोतको परिचालन गरी वस्तु विकास, निर्यात प्रवर्द्धन, व्यापारजन्य क्षमता विकास, व्यापार सहजीकरण र व्यापारजन्य पूर्वाधार विकासका विभिन्न कार्यक्रमहरू संचालन गरि आएको छ। यी प्रयासहरूको बाबजुद नेपालको वैदेशिक व्यापार खासगरी वस्तु व्यापारको स्थिति सन्तोषप्रद भने देखिँदैन। निर्यातको तुलनामा आयात उच्च दरले वृद्धि हुनु, व्यापार घाटा वर्षेनी ठूलो परिमाणमा बढ्दै जानु र आयात निर्यातको अनुपात दिनानुदिन फराकिलो हुँदै जानुले मुलुकको वैदेशिक व्यापारको स्थिति चुनौतीपूर्ण बन्दै गईरहेको छ।

कमजोर व्यवसायजन्य अवस्था, लगानीको न्यूनता, आपूर्तिजन्य क्षमताको कमी, ऊर्जाजन्य चुनौति, उच्च उत्पादन लागत, कमजोर ब्यापारजन्य पुर्वाधार, पटक पटक भईरहने बन्द र गत वर्षको भूकम्पले नेपालको वैदेशिक व्यापार झन् जटिल मोडबाट गुज्रिँदै गएको छ। आयातित वस्तुको गत आर्थिक बर्ष २०७२/२०७३ को प्रवृतिको विश्लेषण गर्दा कुल व्यापार घाटामा कृषिजन्य वस्तुको योगदान २२ प्रतिशत, ऊर्जाजन्य वस्तुको योगदान ११ प्रतिशत, विलासिता र अनुत्पादक वस्तुको योगदान ५ प्रतिशत र उत्पादनमूलक वा औद्यौगिक वस्तुको योगदान ६२ प्रतिशत देखिन्छ। सन् २०२२ भित्र देशलाई अति कम विकसितबाट विकाससिल देशमा रुपान्तरण गर्ने घोषित उद्देश्यलाई पूरा गर्न र सन् २०३० सम्म पुरा गर्ने गरी ल्याईएको विश्वव्यापी दिगो विकासका लक्ष्यहरूलाई पुरा गर्न व्यापार यस्तो माध्यम हो जसले अतिकम विकसित मुलुकको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग एकीकरण गरी आय, रोजगारी र आर्थिक वृद्धिमा महत्त्वपूर्णरुपमा सघाउ पुऱ्याउन सक्छ।

## नेपालको व्यापार र व्यापार सम्बद्ध मुख्य चुनौतीहरू

विश्व व्यापार प्रणालीमा उन्नत सूचना प्रविधि, यातायातको आधुनिकीकरण, संचारको विस्तार, श्रमको विविधिकरण, पूजी, लगानी जस्ता हरेक क्षेत्र र पक्षले नवीन समस्या र चुनौतिहरू देखा परिरहेका छन्। नेपालमा व्यापारको क्षेत्रमा निर्यात प्रवर्द्धन गरी व्यापार घाटा कम गर्न, सेवा व्यापार प्रवर्द्धन गर्नका साथै व्यापारको क्षेत्रमा आएका नवीन चुनौतीलाई सम्बोधन गर्न तयार गरिएको वाणिज्य नीति, २०७२ कार्यान्वयनमा आएको छ। नीतिको प्रभावकारी कार्यान्वयन, स्रोतको व्यवस्थापन र रणनैतिक हिसाबले कार्य अघि बढाउन नेपाल व्यापार एकीकृत रणनीति, २०७३ स्वीकृत भई कार्यान्वयनको चरणमा छ। रणनीतिको कार्यान्वयनले नेपालको तुलनात्मक

र प्रतिस्पर्धात्मक लाभ भएका वस्तु र सेवाको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

नेपाल बहुपक्षीय र क्षेत्रीय व्यापार संगठनको सदस्य भएको नाताले ती संगठनबाट प्राप्त हुने अवसरको उपयोगका लागि कार्ययोजना बनाई कार्य गरिरहेको अवस्था छ। खासगरी विश्व व्यापार संगठनको सदस्यताबाट नेपालको अन्तर्राष्ट्रिय बजारमा पहुँच, व्यापारसम्बन्धी नीतिगत व्यवस्थामा एकरुपता, पारदर्शिता र नियमनमा महत्त्वपूर्ण सहयोग पुगेको छ। विश्वब्यापीकरणका साथै बहुपक्षीय र क्षेत्रीय संगठनबाट प्राप्त हुने अवसरलाई पूर्णरुपमा उपयोग गर्न नसक्नुमा देशको औद्योगिक उत्पादन बढ्न नसक्नु, कृषिमा व्यावसायीकरण हुन नसक्नु, उत्पादन लागत बढी हुनु र ऊर्जाको उत्पादन अपेक्षित रुपमा बढ्न नसक्नु मुख्य चुनौतीका रुपमा रहेका छन्।

नेपालको व्यापार घाटाको विश्लेषण गर्दा ऊर्जा क्षेत्रमा ११ प्रतिशत, कृषिजन्य वस्तुमा २२ प्रतिशत र विलासिताका वस्तुमा ५ प्रतिशत गरी ३८ प्रतिशत व्यापार घाटा तीनवटा क्षेत्रले मात्र लिएको देखिन्छ भने औद्योगिकीकरण र औद्योगिक उत्पादनको ह्रास र अन्य उपयोगका सामानले बाँकी व्यापार घाटाको अंश लिएका छन्। नेपाल कृषिप्रधान मुलुक हुँदाहुँदै पनि गत आर्थिक वर्षमा चामल, खाने तेल, तरकारी र मकै गरी ४ वटा कृषिजन्य वस्तुको आयात मात्र ७० अर्बभन्दा बढी पुगेको देखिन्छ। विश्वव्यापीकरणका लाभहरूलाई उपयोग गर्न र व्यापार घाटा कम गर्न मुख्य रुपमा ऊर्जाको उत्पादन वृद्धि, कृषिजन्य वस्तुको उत्पादन वृद्धि र औद्योगिक वस्तुहरूको प्रतिस्पर्धी क्षमता वृद्धि गर्नुपर्ने देखिन्छ। नेपालको व्यापार घाटा उच्च हुनुमा अन्तर्राष्ट्रिय कारणभन्दा हाम्रा आफ्नै आन्तरिक कारणहरू मुख्य रुपमा जिम्मेवार रहेको पाइन्छ।

वाणिज्य मन्त्रालयले निर्यात प्रवर्द्धन र आयातलाई व्यवस्थापन गर्न साथै व्यापारको क्षेत्रमा समन्वय र सहजीकरण गर्न उच्च प्राथमिकताका साथ समन्वयात्मक किसिमले काम गरिरहेको छ। साथै Board of Trade को बैठक नियमित रुपमा बसी व्यापारका मुद्दाहरूलाई सम्बोधन गर्ने गरिएको छ। यसैगरी व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रमार्फत उच्च निर्यात सम्भावनायुक्त वस्तुहरूको वस्तु विकास र मूल्य सृंखला अभिबृद्दिका कार्यक्रमहरू संचालन गरिएका छन्। वस्तु विकासका लागि जडिबुटी, अदुवा, पशिमना, कफी लगायतका वस्तु केन्द्रित परियोजना तयार गरी मन्त्रालयबाट सञ्चालन भइरहेका छन् भने विभिन्न वस्तुकेन्द्रित निर्यात रणनीति समेत मन्त्रालयले तयार गरेको छ।

निर्यात प्रवर्द्धन र उच्च रुपमा आयात भएका कृषिजन्य वस्तुको व्यवस्थापनका लागि यस बर्ष देखि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना समेत संचालनमा ल्याईएको छ। कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व बढाउने साथै उत्पादन र प्रशोधनको प्रकृयालाई आधुनिकीकरण

गर्ने उद्देश्यबाट यो परियोजनामा उल्लेख्य बजेटका साथ कार्यक्रम अघि बढाईएको छ। यसैगरि उर्जाको विकासको लागि बजेट एवम् नीति कार्यक्रममा विशेष प्राथमिकताका साथ कार्यक्रमहरू प्रस्ताव गरिएको छ। यी र यस्ता कार्यक्रम र परियोजनाको संचालनबाट वस्तुको प्रतिस्पर्धी क्षमता बढ्ने, उत्पादन लागत कम हुने, मूल्यअभिवृद्धि बढी मात्रामा हुने र बजार पहुँचमा वृद्धि हुँदै जाने विश्वास लिईएको छ।

## नेपालको अन्तर्राष्ट्रिय व्यापारको प्रबृत्ति

चालु आर्थिक वर्ष २०७३/२०७४ को एघार महिनाको अवधिमा नेपालको निर्यात करिब ६८ अर्ब र आयात ८९३ अर्ब हुन गै कूल नेपालको अन्तर्राष्ट्रिय व्यापार ९६० अर्ब पुगेको छ। कूल आयात ८९३ अर्बमा ६८ अर्ब निर्यात घटाउदा व्यापार घाटा वस्तु व्यापार तर्फको ८२५ अर्ब हुन आउछ। यसरी निर्यात आयात अनुपात यो वर्ष १:१३ पुगेको अवस्था छ।

चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा निर्यात भएका प्रमुख वस्तुहरूमा उनी गलैचा, गार्मेन्ट, अलैची, चिया, अदुवा, जडिबुटी, फेल्ट, छाला र जुत्ता, हाते कागज, हस्तकलाका सामान, पस्मिना र फलाम लगायत छन् भने मुख्य रुपमा आयात भएका सामानमा पेट्रोलियम पदार्थ, गाडी र सोका पार्टपूर्जा, दूरसञ्चारका सामान, अन्न, मल, फलाम, औषधी र सून लगायतका वस्तुहरू प्रमुख रुपमा रहेका छन् ।

नेपालबाट मुख्य रुपमा निर्यात हुने देशहरूमा भारत, अमेरिका, टर्की, जर्मनी, वेलायत, चीन, फ्रान्स, इटली, बंगलादेश, जापान, क्यानडा, अष्ट्रेलिया, नेदरल्याण्ड र भियतनाम लगायतका देशहरू रहेका छन् भने आयात हुने मुख्य देशहरूमा भारत, चीन, संयुक्त अरब इमिरेट्श, फ्रान्स, इण्डोनेसिया, अर्जेन्टिना, थाइल्याण्ड, दक्षिण कोरिया, संयुक्त राज्य अमेरीका, सउदी अरब, क्यानडा, मलेसिया, भियतनाम र युक्रेन लगायतका देशहरू रहेका छन्।

संरचनागत रुपमा हेर्दा चालु आर्थिक वर्षको प्रथम ११ महिनामा भारततर्फ करिब ३९ अर्बको निर्यात भै कूल निर्यातमा हिस्सा ५८ प्रतिशत रहेको छ भने आयात ५८५ अरब हुन गै कूल आयातमा हिस्सा करिब ६५ प्रतिशत रहेको छ। भारततर्फको निर्यात १० प्रतिशतले बढेको छ भने आयात करिब ३५ प्रतिशतले बढेको अवस्था छ। यसैगरि चीन तर्फको निर्यात सोहि अबधिमा १ अरब ५७ करोड मात्र रहेको छ र निर्यात वृद्धि २ प्रतिशत मात्र रहेको छ भने आयात ११६ अर्ब भै कूल आयातमा चीनको हिस्सा १३ प्रतिशत र आयात वृद्धि प्रतिशत १० रहेको छ। सोहि अवधिमा अन्य देशतर्फको कूल निर्यात करिब २६ अरव र निर्यात वृद्धि ३९ प्रतिशत रहेको छ। यसैगरी अन्य देशको आयात १९१ अरब र वृद्धि प्रतिशत २१ रहेको छ।

यसरी समग्रमा भारतसंगको कूल व्यापार ६२४ अर्ब र व्यापारको हिस्सा ६५ प्रतिशत रहेको छ भने चीनसंगको कूल व्यापार ११८ अर्ब र कूल व्यापारमा हिस्सा करिब १२ प्रतिशत रहेको छ। भारत र चीन बाहेक अन्य देश संगको कूल व्यापार २१८ अरब र कूल व्यापारमा हिस्सा २२ प्रतिशत रहेको छ। यसबाट के देखिन्छ भने भारत र चीन संगमात्र ७४८ अर्ब र कूल व्यापारको ७७ प्रतिशत हिस्सा रहेको देखिन्छ साथै व्यापार घाटाको सन्दर्भमा समेत यी दुई देशसंगको व्यापार घाटा कम गर्नु मुख्य चुनौतिको रुपमा रहेको छ। यस सन्दर्भमा बस्तु व्यापार तर्फको व्यापार घाटा निरन्तर बढ्दै जानुका प्रमुख कारणहरूलाई संक्षेपमा देहायअनुसार उल्लेख गरिएको छ।

**बस्तु व्यापार तर्फको घाटामा मुख्य आन्तरिक कारणहरू**

१. आयातमा आधारित अर्थतन्त्रलाई उत्पादन र निर्यातमुखि अर्थतन्त्रमा रुपान्तरण गरी व्यापार घाटा कम गर्न उद्योग क्षेत्रको महत्त्वपूर्ण भूमिका रहन्छ। यो क्षेत्रले स्थानीय स्रोत र साधनको उपयोगबाट वस्तु र सेवाको उत्पादनमा महत्त्वपूर्ण भूमिका खेल्दछ। नेपालमा उद्योग र औद्योगिक वातावरणको कारणले उत्पादन र निर्यात बढन नसक्दा आयात बढिरहेको अवस्था छ।

२. न्यून गार्हस्थ्य वचतका कारण पूँजी निर्माणमा देखिएको अपर्याप्तता पूर्ति गरि उत्पादन बढाउन बैदेशिक लगानीको महत्त्वपूर्ण स्थान रहन्छ। वस्तु र सेवाको उत्पादन प्रकृयामा माग बमोजिमको बैदेशिक लगानी हुन नसक्नु व्यापार घाटाको मुख्य कारण हो। विगतमा वस्तु उत्पादनको सन्दर्भमा प्रयोग भएको लगानी समेत सेवा व्यापार तर्फ आकर्षित हुनुले वस्तु व्यापार तर्फको घाटालाई बढाईरहेको छ।

३. कृषि र उद्योगको क्षेत्रमा काम गरिरहेका मानिसहरू वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले समेत व्यापार घाटा बढने सन्दर्भमा काम गरिरहेको छ। स्वदेशमा उत्पादनशील क्षेत्रमा काम गर्ने जनशक्ति वैदेशिक रोजगारीमा जाने क्रमले उत्पादनमा गम्भीर असर परिरहेको अवस्था छ। गत वर्ष मात्र करिब ६ लाख ३० हजार मानिस वैदेशिक रोजगारीमा गएको अवस्था छ त्यो श्रमशक्ति मुख्यरुपमा कृषि र उत्पादनशील क्षेत्रमा कार्यरत जनशक्ति हो।

४. व्यापार घाटा बढ्नुमा ऊर्जाको भूमिका निर्णायक देखिन्छ। यसको प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई प्रकारको प्रभाव र असर देखिन्छ। प्रत्यक्षमा खासगरी लोडसेडिडको विकल्पमा प्रयोग हुने पेट्रोलियम पदार्थ, ब्याट्री लगायतका वस्तुको आयातको हिस्सा कुल व्यापार घाटामा गतवर्षको अंकमा करिब ११ प्रतिशत रहेको छ। विद्युत्को भरपर्दो व्यवस्था नहुँदा उद्योगको प्रतिस्पर्धी क्षमता घट्दै गएको छ भने अर्कोतर्फ उत्पादन र उत्पादकत्वमा समेत गम्भीर असर परि उत्पादन लागत समेत बढेको अवस्था छ।

५. नेपालको निर्यातको मुख्य आधारका रूपमा रहेको कृषि र उद्योगको अवस्था कमजोर रहेको छ। खासगरी निर्यातयोग्य उद्योगको घट्ने क्रम र कृषिमा व्यावसायीकरणको कमीले निर्यात प्रभावित भएको अवस्था छ। यसैगरी कुल व्यापार घाटामा कृषिजन्य वस्तुको योगदान २२ प्रतिशत भएबाट कृषिजन्य वस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमताको आकलन गर्न सकिन्छ।

६. माग भन्दा उत्पादन कम हुनु र कतिपय वस्तु उत्पादन नै नहुनु पनि व्यापार घाटाको अर्को मुख्य विषय हो। मुलुकमा विगत केही वर्षदेखि लगानी र औद्योगिक उत्पादनको अवस्था कमजोर रहेको कारणले दैनिक उत्पादनका सामानहरूको आयात बढ्दो छ।

७. नेपालको निर्यात केही परम्परागत वस्तुहरूमा र केही देशहरूमा मात्र सीमित हुनु र निर्यात हुने वस्तुमा समेत केही वस्तुमा बाहेक मूल्य अभिवृद्धि न्यून हुनुले निर्यात व्यापारबाट अधिकतम लाभ लिन नसकिरहेको स्थिति छ।

८. निर्यातयोग्य वस्तुहरूसमेत आयातित कच्चापदार्थमा निर्भर रहेकोले निर्यातबाट राष्ट्रिय अर्थतन्त्रमा अर्थपूर्ण सहयोग पुग्न सकेको छैन। उदाहरणका लागि फलाम तथा स्टीलजन्य उत्पादनलाई लिन सकिन्छ।

९. नयाँ र बढी मूल्य अभिवृद्धि हुने वस्तुको खोजी, विकास र बजारीकरणमा अनुसन्धान र सोको कार्यक्रम समन्वयपूर्ण तरिकाले गर्न नसकिएको अवस्थाले समेत निर्यात प्रभावित भएको अवस्था छ।

१०. निर्यात गरिने वस्तुको गुणस्तर, गुणस्तर प्रमाणिकरण (Certification) तथा प्रयोगशाला परीक्षण सुविधा सम्बन्धी विषयहरू कमजोर रहेको अवस्थाले खासगरी तेस्रो मुलुकको निर्यातमा यसले गम्भीर असर पारेको छ। नेपालले निर्यात गर्ने बस्तु ८९७ र आयात गर्ने बस्तुको संख्या करिव ४०६६ भएबाट समेत हाम्रो प्रतिस्पर्धि क्षमताको आकलन गर्न सकिन्छ।

११. पारवहनजन्य र संरचनागत कठिनाइका कारणले निर्यातजन्य वस्तुको कारोवार लागत उच्च भै नेपाली वस्तुहरू प्रतिस्पर्धी हुन नसक्दा नेपालले अतिकम विकसित मुलकको हैसियतले प्राप्त सुविधा समेत पूर्ण रुपमा उपयोग गर्न नसकिएको अवस्था छ।

१२. सुन, चाँदी, मदिरा, चुरोटजस्ता अनुत्पादक वस्तुको आयात निरन्तर रुपमा बढिरहेको अवस्था छ। कुल व्यापार घाटामा यस्ता वस्तुको योगदान करिव ५ प्रतिशत रहेको छ। यसैगरी बढ्दो विप्रेषण आयका कारण विदेशी सामानको उपयोग र उपभोग गर्ने प्रवृत्ति समेत उल्लेख्य रुपमा बढेको अवस्थाले ब्यापार घाटालाई थप सहयोग पुगेको छ।

१३. नेपालमा औद्योगिकीकरण र बजारीकरणको कार्यमा महत्त्वपूर्ण रुपमा योगदान पुऱ्याउन स्थापना गरिएका सार्वजनिक संस्थानको कमजोर क्षमताका कारण उत्पादन र बजारीकरणमा अपेक्षित सुधार हुन सकेको छैन।

१४. नेपालको तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता उच्च भएका अलैंची, चिया, कफी, गलैंचा, पशिमना आदि वस्तुको ब्रान्डिङ गरी अन्तर्राष्ट्रिय बजारमा बिक्री वितरण गर्न नसकिनुले निर्यातबाट प्राप्त हुने लाभ अपेक्षित रुपमा लिन सकिएको छैन।

१५. निर्यातलाई लक्षित गरी व्यापार पूर्वाधारसम्बन्धी संरचनाहरूको विकास गर्न नसकिनु र स्थानीय उत्पादनलाई केन्द्र र बाह्य बजारमा जोड्न नसकिनुले समेत स्थानीय उत्पादनले अपेक्षित उत्प्रेरणा प्राप्त गर्न सकेका छैनन्।

**बस्तु व्यापार तर्फको घाटामा मुख्य बाह्य कारणहरू**

१. विश्वब्यापी रुपमा खासगरी अति कम विकसित देशको लागि गरिएका बैदेशिक सहयोग र व्यापारका लागि सहयोगको प्रतिबद्धताको तुलनामा नेपालमा आउने व्यापारका लागि सहयोग निकै न्यून रहेको अवस्था छ।

२. अन्तर्राष्ट्रिय बजारमा नयाँ देश र नयाँ वस्तु प्रतिस्पर्धी बन्दै आइरहेको अवस्था छ। यसबाट साबिकको नेपाली निर्यातजन्य वस्तुको स्थानमा थप प्रतिस्पर्धी बन्नुपर्ने वा बजार गुमाउने अवस्था छ। यसको उदाहरणको रुपमा नेपाली गार्मेन्टको ठाँउमा बंगालादेशको गार्मेन्टलाई लिन सकिन्छ।

३. आन्तरिक बचत न्यून रहेको अवस्थामा वस्तु वा सेवाको उत्पादनमा वैदेशिक लगानीको भर पर्नुपर्ने हुन्छ। लगानीकर्ताले बजार, श्रमको अवस्था, ऊर्जा, कच्चा पदार्थ, शान्ति सुरक्षा र अन्य पर्यावरणीय (Ecological) पक्षहरूको समग्र विश्लेषणपश्चात् लगानी गर्ने हुंदा लगानी अपेक्षित मात्रामा आउन सकेको छैन। यसबाट उत्पादन र निर्यात प्रभावित भएको अवस्था छ। नेपालमा आउने प्रत्यक्ष बैदेशिक लगानी कूल ग्राहस्थ उत्पादनको करिव ०.३ प्रतिशत भन्दा कम रहेको छ।

४. पारवहनमा रहेको झन्झटिलो प्रशासनिक प्रक्रिया र ब्यापार सम्वद्ध व्यापार पूर्वाधारको कारणले कच्चा पदार्थको आयात र निर्यात गर्ने वस्तु दुवैको लागत बढ्ने गरेको छ यसबाट निर्यात प्रभावित भएको छ भने बैकल्पिक बन्दरगाहहरूलाई पूर्णरुपमा उपयोगमा ल्याउन बाकी छ।

५. नेपालका प्रमुख निर्यात बजारहरू खासगरी युरोपियन युनियन, संयुक्त राज्य अमेरिका तथा जापान लगायतका अन्य नेपाली वस्तुको निर्यात गर्ने देशमा नेपाली वस्तुको मागमा आएको कमीले समेत ती देशमा निर्यात हुने केही बस्तुमा कमी आएको छ।

६. अन्तर्राष्ट्रिय बजारमा भइरहेको खाद्यान्न र अन्य अत्यावश्यक वस्तुको मूल्यवृद्धिले नेपाली उत्पादनको लागत उच्च हुन पुगेको छ भने अर्कोतर्फ आयातको मूल्यमा समेत बढोत्तरी भएको अवस्था छ।

७. विकसित देशको उच्च क्वारेन्टाइन परीक्षणको स्तरमा नेपाली निर्यातजन्य वस्तुहरूको प्रमाणीकरण हुन नसक्नुले केही निर्यातयोग्य वस्तुको निकासीमा समेत अवरोध आएको छ।

८. अमेरिकाबाट गार्मेन्ट आदि वस्तुमा विगतमा पाई आएको कोटा (MFA) र सहुलियतपूर्ण बजार पहुँच सुविधाको कटौतीले खासगरी अमेरिकामा गार्मेन्टको निकासीमा उल्लेख्यरुपमा कमी आएको छ।

९. युरोपियन युनियनबाट प्राप्त Everything but Arms (EBA) र Generalized System of Preferences (GSP) लगायतका सुविधाको प्रभावकारी उपयोग गर्न नसकिएबाट अति कम विकसित मुलुकको रुपमा प्राप्त अवसरको पूर्ण उपयोग हुन सकेको छैन।

१०. नेपाली वस्तुको निर्यातको लागि नयाँ बजार र नयाँ निर्यातजन्य वस्तुको पहिचान र विकास हुन नसक्नुले निर्यात परम्परागत, आयातित कच्चा पदार्थमा आधारित र न्यून मूल्य अभिवृद्धियुक्त भएको छ।

११. वस्तु व्यापारको तुलनामा नेपालमा सेवा व्यापारको तुलनात्मक लाभ बढी भएको सन्दर्भमा सेवा ब्यापारमा समेत विदेशी लगानी अपेक्षित मात्रामा आकर्षित गर्न सकिएको छैन।

**निष्कर्ष**

विश्वव्यापार प्रणाली  साफ्टा, बिमस्टेक जस्ता संरचनाबाट सृजित अवसरहरूबाट नेपाल जस्ता अति कम विकसित मुलुकहरूले अपेक्षित रुपमा फाइदा लिन सकेका छैनन्। समकालीन विश्वमा समावेशी र कम विकसित देशको पक्षमा बढी योगदान गर्ने विश्व व्यापार प्रणालीको माग भै रहेतापनि विश्व व्यापारमा अति कम विकसित मुलुकको हिस्सा वस्तु व्यापारमा करिब १.२४ प्रतिशत र सेवा व्यापारमा करिव १.१८ प्रतिशत मात्र रहेको छ। वस्तु निर्यातमा अतिकम विकसित मुलुकको हिस्सा १.१७ प्रतिशत रहेकोमा सेवा निर्यातमा त्यसको आधा मात्र अर्थात् ०.६८ प्रतिशत हिस्सा रहेको छ। नेपालको सन्दर्भमा वस्तु आयातमा हिस्सा ०.०४ प्रतिशत र निर्यातमा ०.००५ रहेको छ। अर्कोतर्फ व्यापार घाटा तिब्ररुपमा बढिरहेको स्थिति छ। केही एसियाली अति कम विकसित देशले श्रम प्रधान उद्योगमा विदेशी लगानी आकर्षित गरि तथा आधुनिक व्यापारजन्य संरचनाहरूको विकास गरी निर्यात व्यापारको वृद्धिमार्फत उल्लेख्य आर्थिक लाभ लिइरहेको सन्दर्भमा नेपालले समेत यी

विषयहरूमा ध्यान केन्द्रित गर्नु आवश्यक देखिन्छ। यस पृष्ठभूमिमा मुलुकको बढ्दो व्यापार घाटालाई सम्बोधन गर्न तुलनात्मक लाभ उच्च भएका कृषि, गैर-कृषि तथा सेवाजन्य क्षेत्रमा लगानी केन्द्रित गर्दै एवम् औद्योगिक सुरक्षाको उचित प्रबन्ध मिलाई वैदेशिक लगानी र प्रविधिलाई उच्च मात्रामा आकर्षित गरि विश्व व्यापार प्रणालीबाट लाभ लिनु नै आजको आवश्यकता हो।

**सन्दर्भ सामग्री**


- आर्थिक सर्वेक्षण, २०७३।७४, नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार।
- चौधौ योजना,  राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार।
- वाणिज्य नीति २०७२, नेपाल सरकार, बाणिज्य मन्त्रालय, सिंहदरबार।
- व्यापार र विकास पत्रिकाका विभिन्न अंकहरू, नेपाल सरकार, वाणिज्य मन्त्रालय, सिंहदरबार।
- Globalization and it's Discontents,  Joseph Stiglitz, 2002
- Making Globalization Work, 2007, Joseph Stiglitz
- Understanding the WTO, World Trade Organization, Information and External Relations Division, Geneva.
- www.wto.org

# संघीयतामा उद्योग सम्बन्धी विद्यमान नीति र आगामी कार्यदिशा

✍ दामोदर रेग्मी, सह सचिव
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

नेपाली जनताले पहिलो पटक आफैले निर्वाचित गरेको संविधान सभाका प्रतिनिधिबाट निर्माण गरिएको नेपालको संविधान २०७२ साल असोज ३ गतेदेखि लागू भएको छ। नेपाल संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रुपान्तरित भएको छ। लामो समयको केन्द्रीकृत राज्य सरचनाको सट्टामा जनताको निकटतम दूरीमा सरकारको उपस्थितिको अनुभव गर्ने र स्थानीय विकासका प्रयासहरूलाई तीव्रता दिने उद्देश्य स्वरुप देशले संघीय शासन प्रणाली अवलम्बन गरेको हो। यसै मनसायका साथ सविधानले राज्यका तीन तह संघ, प्रदेश र स्थानीय तहमा अधिकारहरूको विनियोजन गरेको छ। नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरू संविधानको क्रमशः अनुसूची ५, ६ र ८ मा र संघ, प्रदेश र स्थानीयतहका साझा अधिकारलाई अनुसूची ७ र ९ मा समावेश गरिएको छ। संविधानमा उल्लिखित अधिकारसूचीको विवरण अनुसूची – १ मा उल्लेख गरिएको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ।

उद्योग क्षेत्र आर्थिक विकासको सम्वाहक हो। औद्योगिक विकासले रोजगारी सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता गर्न सहयोग पुर्याउँछ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्वारा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकासमार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग क्षेत्रको महत्त्वपूर्ण भूमिका रहन्छ। औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोतसाधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवद्धर्नमा योगदान गर्दछ। त्यस्तै निजी क्षेत्रलाई लगानीप्रति आकर्षित तुल्याउँदै र वैदेशिक लगानीलाई नवीनतम प्रविधिका साथ भित्र्याउँदै मुलुकको उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्न महत्त्वपूर्ण योगदान दिने गर्दछ। वास्तवमा विकासका लागि विभिन्न क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ त्यसमा पनि औद्योगिक विकासको भूमिका अति नै महत्त्वपूर्ण रहेको हुन्छ।

प्रभावकारी र सुलभ सेवा प्रवाह संघीयताको मूल आदर्श हो। यसर्थ केन्द्र र प्रदेश नीति निर्माण, समन्वय र सहजीकरणमा केन्द्रित हुनुपर्नेछ भने स्थानीय तह सेवा प्रवाहका सक्षम इकाइका रुपमा रुपान्तरण हुनु आवश्यक छ। स्थानीय तहको निर्माण र संविधानले स्थानीय तहलाई दिएको अधिकारले अब प्रत्येक स्थानीय तह जनताको निकटतम र सहज पहूँच भएको सिंहदरबार बन्न सक्नुपर्दछ। सेवा जनताको पहूँचमा निकटतम दुरीमा समय, पैसा र प्रभावकारिताका दृष्टीले कम खर्चिलो र गुणस्तरयुक्त हुनु आवश्यक छ। अधिकांश सेवाहरू वडा स्तरबाटै दिन सकेमा संघीय लोकतन्त्रको अनुभूति जनताले गर्न सक्छन्। औद्योगिक विकास, औद्योगिक प्रबर्द्धन र औद्योगिक सेवा प्रवाहको सन्दर्भलाई पनि यसै परिवेशमा हेरिनु आवश्यक हुन्छ। नेपालले केही दशक यता आफ्ना आवधिक योजनाहरूमार्फत गरिवी निवारणको रणनीति लिदै आएको छ र रोजगार केन्द्रित नीतिले नै गरिवी निवारण गर्न सक्ने देखिन्छ। विगतको केन्द्रीकृत राज्य प्रणाली संघीय राज्य प्रणालीमा रुपान्तरण भै संघ, प्रदेश र स्थानीय सरकारमा रुपान्तरण भै स्थानीय सरकार जनताको नजीकको बलियो सरकार भएको सन्दर्भमा अव। औद्योगिक विकास, औद्योगिक प्रबर्द्धन र औद्योगिक सेवा प्रवाहको विषयले स्थानीय तहमा प्राथमिकता पाउनु आवश्यक हुन्छ। यसै वस्तु तथ्यलाई सहयोग गर्ने किसिमबाट विभिन्न नीति तथा आवधिक योजनाहरू निर्माण भएका छन् :

## संविधानमा भएको व्यवस्था

### निर्देशक सिद्धान्त

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ।

### अर्थ, उद्योग र वाणिज्य सम्बन्धी राज्यका नीतिहरू:

१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

२) अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने,

३) सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने,

४) आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वांगीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने,

५) उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने,

६) तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने,

७) कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने,

८) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने,

९) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने,

१०) राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने,

११) वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने,

१२) गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,

१३) औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र संघ बीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्नु।

**चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६) मा भएको व्यवस्था**

**सोच**

अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी आर्थिक रूपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण।

## लक्ष्य

औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धि गर्ने।

## उद्देश्य

- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु।
- औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नु।
- औद्योगिक वस्तुहरूको निर्यात वृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु।

## रणनीति

- उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न नीति निर्माण र कार्यान्वयनमा जोड दिने।
- स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने।
- अन्तरप्रदेश तथा प्रदेश र संघबीचको औद्योगिक अन्तरसम्बन्ध सुदृढ गरी सन्तुलित विकासमा उद्योग क्षेत्रको योगदान बढाउने।
- विदेशी लगानीकर्ता तथा गैरआवासीय नेपालीलाई औद्योगिक लगानीमा प्रोत्साहन गर्न नीतिगत व्यवस्था गर्ने।
- लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, संस्थागत, कानुनी तथा प्रक्रियागत सुधार गर्ने।
- तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी गुणस्तरयुक्त एवम् प्रतिस्पर्धात्मक औद्योगिक वस्तुको निर्यातलाई बढावा दिने।

## औद्योगिक नीति, २०६७ मा भएको व्यवस्था

### दीर्घकालीन लक्ष्य

सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याई गरिवी न्यूनीकरणमा सघाउ पुऱ्याउने।

### नीतिका प्रमुख उद्देश्य

- गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धिबाट राष्ट्रिय आय र रोजगारीमा बढोत्तरीसहित औद्योगिक वस्तुको निर्यात बढाउने।
- स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने।
- नविनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रकृयालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रुपमा स्थापित गर्ने।
- औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सवल लगानीको आधार खडा गरी नेपाललाई दक्षिण एशिया क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रुपमा स्थापित गर्ने।

### संघीयताको सन्दर्भ

वर्तमान संविधानको अनुसूची ५ मा संघको अधिकार, अनुसूची ६ मा प्रदेशको अधिकार, अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार, अनुसूची ८ मा स्थानीय तहको अधिकार र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारहरू उल्लेख भएका छन्। यी अधिकारहरूलाई संघ, प्रदेश र स्थानीय तहको कार्यान्वयनमा सहजता ल्याउने गरी लभगभ १८०० क्रियाकलापहरूमा विस्तृतीकरण गरिएको छ। संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्यविस्तृतिकरण सम्वन्धी नेपाल सरकार मं.प. बाट स्वीकृत प्रतिवेदन अनुसार संघ, प्रदेश र स्थानीयतहमा उद्योगका क्षेत्रमा  निम्नानुसारका अधिकारहरू रहेका छन् :

- संविधानको अनुसूची ७ मा उल्लिखित साझा अधिकार सूचीबाट संघको कार्य विस्तृतीकरण
- उद्योग र भौतिक पूर्वाधार
- औद्योगिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वियन र नियमन
- औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्र सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वियन र नियमन
- वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण सम्वन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वियन र नियमन

- सुरक्षा सम्वेदनशील उद्योग सम्वन्धी दर्ता, सञ्चालन अनुमति, खारेजी र नियमन
- उद्योग, व्यवसाय, कम्पनी स्थापना तथा सञ्चालन सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वियन र नियमन
- उद्योग तथा खनिज विकास सम्वन्धी भौतिक पूर्वाधार नीति, कानून, मापदण्ड, समन्वय र नियमन
- औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन
- अन्तर्राष्ट्रिय औद्योगिक संघसंस्था सँग सम्पर्क, समन्वय र सहकार्य
- औद्योगिक विकास र प्रवर्द्धन
- संघीय सार्वजनिक संस्थाको विकास, प्रवर्द्धन र नियमन

**प्रदेशको एकल अधिकारको (अनुसूची ६) विस्तृतीकरण**

- खानी अन्वेषण र व्यवस्थापन र उद्योग तथा खनिज र भौतिक पूर्वाधार
- खानी तथा खनीज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वियन र नियमन
- संघको कार्यक्षेत्र भित्रका र साधारण निर्माणमुखी खानी तथा खनिज बाहेकका खानी तथा खनीजपदार्थ सम्बन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन र व्यवस्थापन
- संघको कार्यक्षेत्र भित्रका र साधारण निर्माणमुखी खानी तथा खनिज बाहेकका खानी तथा खनीज पदार्थ सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन
- खानी तथा खनीजजन्य वस्तुहरूको लगत संकलन तथा अभिलेखाङ्कन
- भौगर्भिक अध्ययन तथाअनुसन्धान र नक्सासम्बन्धी
- खानी तथा खनिज अनुसन्धान एवं उत्खनन् सम्वन्धी प्रादेशिक प्रयोगशाला, स्थापना र सञ्चालन उद्योग तथा खनिज सम्बन्धी भौतिक पूर्वाधार विकासको योजना कार्यान्वियन

**संविधानको अनुसूची (७) मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण**

- ❑ सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, र श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी
- ❑ सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
- ❑ सामाजिक सुरक्षा कोष व्यवस्थापन र नियमन

- ❑ सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय र प्रादेशिक निकाय तथा संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- ❑ रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, र श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी
- ❑ रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
- ❑ रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
- ❑ श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
- ❑ ट्रेडयुनियन सम्बन्धी नीति, कानून र नियमन
- ❑ श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना
- ❑ औद्योगिक विवाद समाधान, श्रम सम्बन्ध र न्यायिक निरुपण
- ❑ कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन
- ❑ उद्योग, व्यवसाय र कम्पनी प्रशासन

**स्थानीय तहको एकलअधिकारको (अनुसूची ८) विस्तृतीकरण**

- ◎ लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन विकास र प्रवर्द्धन
- ◎ लघु, घरेलु र साना उद्योगको विकास र प्रवर्द्धन
- ◎ उद्यमशीलता प्रवर्द्धन

**संस्थागत व्यवस्था**

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७२ ले उद्योग प्रशासनको समग्र जिम्मेवारी उद्योग मन्त्रालयलाई दिएको छ। यस मन्त्रालय अन्तरगत निम्नानुसारको संस्थागत संरचना रहेको छ।

- ☛ उद्योग विभाग
- ☛ घरेलु तथा साना उद्योग विभाग
- ☛ घरेलु तथा साना उद्योग कार्यालयहरू (झापा, मोरङ; सुनसरी, सप्तरी, सिराहा, महोतरी, धनुषा, सर्लाही, बारा, पर्सा, रौतहट, काभ्रे, काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, चितवन, नवलपरासी, रुपन्देही,कपिलवस्तु, कास्की, पाल्पा, दाङ; बाँके, बर्दिया कैलाली र कन्चनपुर)

- घरेलु तथा साना उद्योग विकास समिति (दार्चुला, बैतडी, डडेलधुरा, डोटी, बझांग, बाजुरा, अछाम, कालिकोट, दैलेख, जुम्ला, मुगु, हुम्ला, डोल्पा, जाजरकोट, रुकुम, सल्यान, रोल्पा, प्यूठान, बालुंग, गुल्मी, अर्घाखांची, स्यांगजा, पर्वत, म्याग्दी, मुस्तांग, मनांग, लमजुंग, तनहु, गोरखा, धादिंग, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा, सिन्धुली, सोलुखुम्वु, ओखलढुंगा, खोटांग, उदयपुर, भोजपुर, संखुवासभा, धनकुटा, तेह्रथुम, पाँचथर, ताप्लेजुंग, इलाम)
- कम्पनी रजिष्टारको कार्यालय
- खानी तथा भूगर्भ विभाग
- राष्ट्रिय भूकम्प मापन केन्द्र, काठमाडौं
- राष्ट्रिय भूकम्प मापन केन्द्र, सुर्खेत
- नेपाल गुणस्तर तथा नापतौल विभाग
- गुणस्तर तथा नापतौल क्षेत्रिय कार्यालय, काठमाडौं, धनगढी, नेपालगञ्ज, बुटवल, वीरगञ्ज, विराटनगर, जनकपुर र पोखरा
- गुणस्तर प्रयोगशाला, भैरहवा
- ट्याक्सी टेम्पो इकाई, काठमाडौं

**आगामी कार्यदिशा**

- संघीय शासन प्रणालीमा उद्योग क्षेत्रको विकास गरी प्रत्येक स्थानीय तहलाई सम्मृद्ध वनाउन उद्योग मन्त्रालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समिति, कम्पनी रजिष्ट्रारको कार्यालय, खानी तथा भूगर्भ विभाग, नेपाल गुणस्तर तथा नापतौल विभागको संघ प्रदेश र स्थानीय तहको सांगठनिक संरचना तयार गर्ने र जनशक्तिको प्रक्षेपण गरी कर्मचारी समायोजनको खाका तयार गर्ने।
- हाल विभिन्न भोगेलिक क्षेत्रमा रहेका कार्यालयहरूको वर्तमान प्रादेशिक उपस्थिति हेरी संघीय संरचनामा ती कार्यालयहरूको उपस्थिति आवश्यक छ छैन, भए कुन रुपमा कुन तहमा आवश्यक छ सो को पहिचान गर्ने। हाल कुनै कार्यालय रहेको स्थान विशेषमा सो कार्यालय नरहेमा उक्त स्थानबाट भैरहेका कार्यहरू अव कुन तहले कसरी सम्पादन गर्न सक्दछ, सो को प्रारुप तयार गर्ने।

- ✭ संघीय प्रादेशिक र स्थानीय तहमा उद्योग क्षेत्रको नीति आवधिक र दीर्घकालीन योजना तथा तत् तहको वार्षिक बजेटमा समेटिनु पर्ने विषयमा पृष्ठपोषण दिने
- ✭ उद्योगमा लगानी अभिवृद्धि का राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वय गर्ने
- ✭ स्थानीय प्रादेशिक र संघीय तहमा संभाव्य उद्योग का पहिचानमा समन्वयकारी भूमिका निर्वाह गर्ने
- ✭ आयात प्रतिस्थापन निर्यात प्रबर्द्धन र तुलनात्मक लाभका उद्योगहरूको स्थानीय प्रादेशिक र संघीय तहमा संभाव्यता खोजी गर्ने

**सन्दर्भ सामग्री**


- औद्योगिक नीति, २०६७
- चौधौं योजना (आर्थिक वर्ष २०७३/७४–२०७५/७६)
- नेपाल सरकार कार्यविभाजन नियमावली, २०७२
- नेपालको संविधान, २०७२
- नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्यविस्तृतिकरण सम्वन्धी नेपाल सरकार मं.प. बाट स्वीकृत प्रतिवेदन

# नेपालमा कम्पनी प्रशासन सम्वन्धी व्यवस्था र उपलब्धिहरू

✍ प्रेमकुमार श्रेष्ठ*
सह–सचिव, सञ्चार मन्त्रालय

## १. परिचय

कम्पनी रजिष्ट्रारको कार्यालय नेपाल सरकार, उद्योग मन्त्रालय अन्तर्गत विभागस्तरीय कार्यालय हो र यसको कार्यक्षेत्र नेपाल राज्यभर रहेको छ। सर्वप्रथम वि.स. १९९३ मा कम्पनी ऐन तर्जुमा भएको र तत्पश्चात वि.स. २००७, २०२१, २०५३ र २०६३ मा समसामयिक रुपले नयाँ ऐन तर्जुमा हुँदै आएको पाइन्छ। यस ऐनलाई अझै सहज र स्पष्ट वनाउन पहिलो संशोधन भै यही २०७४ बैशाखदेखि कार्यान्वयनमा आएको छ। हाल यस कार्यालयमा स्थायी दरवन्दी ४६, सालवसाली स्वीकृत दरवन्दी ५ र दामासाही प्रशासनका लागि ४ दरवन्दी गरी कुल ५५ जना कर्मचारीहरू कार्यरत छन् र यस मध्ये ३० दरवन्दी अधिकृतस्तर र अन्य सहायक र श्रेणीविहिन स्तरका छन्। गत २०७० कार्तिकदेखि यस कार्यालयले अनलाइन सेवा प्रवाह शुरु गरेपछि सूचना प्रबिधि सम्वन्धी पदका ३ दरवन्दी अन्य सेवा समूहका पदबाट समायोजन गरिएकोछ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

क) कम्पनी ऐन, २०६३ वमोजिम प्राइभेट लिमिटेड पब्लिक लिमिटेड कम्पनी र मुनाफा वितरण नगर्ने कम्पनीहरू दर्ता गर्ने,

ख) पब्लिक लिमिटेड कम्पनीहरूको विवरण पत्र प्रकाशित गर्नु पुर्व जाँचवुझ गरी अभिलेख राख्ने,

ग) शेयर पुंजी बढाउन, कम्पनीको नाम परिवर्तन वा संशोधन गर्ने लगायत प्रवन्धपत्र र नियमावलीका दफाहरूमा भएको संशोधनको अभिलेख गर्ने,

घ) दर्ता भएका कम्पनीहरूले कम्पनी ऐन वमोजिम कार्य गरे, नगरेको अनुगमन गर्ने, छानविन गर्ने र आवश्यकतानुसार निरीक्षण गर्ने,

ङ) कम्पनी ऐन, २०६३ को सम्वन्धमा राय परामर्शहरू उपलव्ध गराउने,

च) कम्पनीहरूको अध्यावधिक अभिलेख राख्ने,

छ) कम्पनी ऐन अनुसार कम्पनीको खारेजी सम्वन्धी कार्य गर्ने,

---

* *लेखक गत २०७४ जेष्ठसम्म कम्पनी रजिष्ट्रार कार्यालयमा रजिष्ट्रार हुनुहुन्थ्यो।*

ज)	कम्पनी ऐन, २०६३ विपरित हुने गरी काम कारवाही भएको कुरा शेयरवालाको उजुरी तथा अन्य तरिकाबाट जानकारी हुन आएमा आवश्यक कारवाही गरी नियमित गराउने,

झ)	कम्पनी गाभ्ने सम्वन्धी काम कारवाही गर्ने,

ञ)	कम्पनी ऐन,२०६३ वमोजिम तोकिएका विवरण, सूचना तथा जानकारीहरू निर्धारित समयमा दाखिला गर्न लगाउने, अन्यथा तोकिए वमोजिम जरिवाना लगाउने वा खारेजी सम्वन्धी कार्य गर्ने,

ट)	उल्लेखित कार्यहरू वाहेक कम्पनी ऐन, २०६३ ले निर्दिष्ट गरेका कार्यहरू सम्पादन गर्ने,

ठ)	नेपाल सरकारबाट समय समयमा भए गरेका निर्देशन अनुसार अन्य काम कारवाही गर्ने,

## ३. कम्पनी

कम्पनी भन्नाले उद्योग व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले कम्पनी ऐन, २०६३ अनुरुप प्राईभेट लिमिटेड तथा पव्लिक लिमिटेडको रुपमा संस्थापन गरेका अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था भन्ने बुझिन्छ। यसले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, वेचविखन गर्न वा अन्य किसिमले व्यवसाय गर्न र आफ्नो नामबाट नालिस उजुर गर्न सक्छ। यस ऐनमा तीन किसिमका कम्पनी दर्ता गर्ने व्यवस्था रहेको छ।

**(क)**	**प्राइभेट कम्पनी :–** उक्त बमोजिम संस्थापित बढीमा ५० जनासम्म शेयरधनीहरूको कम्पनी हो र साथै एकल शेयरधनी भएको कम्पनी पनि प्राइभेट कम्पनी अन्तर्गत पर्दछ।

**(ख)**	**पव्लिक कम्पनी :–** उक्त बमोजिम संस्थापित कम्पनीमध्ये प्राइभेट कम्पनी बाहेकको कम्पनी हो र जसमा कम्तीमा ७ जना संस्थापक रहनु पर्ने र चुक्ता पूजी कम्तीमा रु.१ करोड भएको हुनुपर्दछ।

**(ग)**	**मुनाफा वितरण नगर्ने कम्पनी :–** कुनै उद्येश्य प्राप्तिको लागि आर्जित मुनाफा वा वचत गरेको रकमबाट लाभांस वा अन्य कुनै रकम सदस्यहरूलाई वितरण वा भुक्तानी गर्न नपाउने गरी कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित कम्पनी हो र जसमा कम्तीमा ५ जनासम्म संस्थापक रहने र यस्तो कम्पनीले आफ्नो नामको पछाडि सामान्यतया कम्पनी लिमिटेड वा प्राइभेट लिमिटेड जस्ता शब्दहरू लेखिरहनु पर्दैन।

## ४. कम्पनीको दर्ता प्रक्रिया

४.१.	अनलाइनबाट कम्पनीको नाम प्रस्ताव गर्ने,

४.२. प्रस्तावित नाम स्वीकृत भएको जानकारी प्राप्त भएपछि कम्पनी ऐनले निर्धारण गरेको ढांचामा निम्नानुसारको विवरण अध्यावधिक भएको प्रवन्धपत्र र नियमावली तर्जुमा गर्ने,

४.२.१ कम्पनीको नाम र ठेगाना,

४.२.२ संचालककहरूको नाम र ठेगाना,

४.२.३ कम्पनीको उद्देश्य र कार्यक्षेत्र,

४.२.४ अधिकृत पुंजी, जारी पुंजी र चुक्ता पुंजी,

४.२.५ अन्य आवश्यक कुराहरू,

(कम्पनीको संस्थापनका लागि आवश्यक पर्ने प्रवन्धपत्र, नियमावली लगायत अन्य कागजातको ढांचा यस कार्यालयको website: www.ocr.gov.np बाट समेत प्राप्त गर्न सकिन्छ।)

४.३. अध्यावधिक गरिएको प्रवन्धपत्र र नियमावली सहित कम्पनी दर्ताको लागि प्रस्ताव गर्ने,

४.४. कम्पनी दर्ताको स्वीकृति पछि प्रमाणपत्र प्राप्त गर्ने, तोकिएको राजश्व दस्तुर बुझाउनुको साथै स्वीकृत प्रवन्धपत्र र नियमावली प्रमाणित गर्न अनिवार्य हुन्छ।

४.५. आफ्नो उद्देश्य अनुरुप कार्य गर्नु अघि सम्वन्धित निकायको अनुमति, स्वीकृति, इजाजत लिने, जस्तै :-

| **व्यापारिक कम्पनी** | **वाणिज्य विभाग** |
|---|---|
| पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, पशु | सम्वन्धित विभाग र मन्त्रालय |
| साना र घरेलु उद्योग व्यवसाय | घरेलु तथा साना उद्योग विभाग, |
| ठुला उद्योग | उद्योग विभाग, |
| श्रमिक सम्वन्धि (म्यान पावर) | श्रम विभाग, |
| सुरक्षा सम्वन्धि जनशक्ति आपूर्ति गर्ने, | सम्वन्धित क्षेत्रीय प्रशासन कार्यालय, |
| बैंक वा वित्तीय कम्पनी | नेपाल राष्ट्र बैंक |
| धितोपत्र कारोवार गर्ने कम्पनी, | धितोपत्र बोर्ड, |
| वीमा सम्वन्धि व्यवसाय गर्ने कम्पनी | वीमा समिति, |
| वैदेशिक रोजगारमा जनशक्ति पठाउने, | वैदेशिक रोजगार विभाग, |
| वैदेशिक लगानीको कम्पनी स्थापना<br>पूँजी भएमा) औधोगिक<br>भएमा), वैदेशिक लगानी | उद्योग विभाग (रु.५० लाखभन्दा वढीको<br>प्रबर्द्धन बोर्ड (रु २ अरव भन्दा बढी पूँजी<br>बोर्ड (रु. १० अरबभन्दा वढी पूंजी भएमा) |

**कम्पनी दर्ताको लागि पेश गर्नुपर्ने आधारभूत कागजातहरू**

१. रु. १०।– को टिकट सहित नेपाल राजपत्रमा तोकिएको ढाँचामा निवेदन,

२. प्रवन्धपत्र र नियमावलीको २/२ प्रति,

३. संस्थापकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति,

४. पब्लिक कम्पनीको हकमा संस्थापकहरू वीच कुनै सम्झौता भएको रहेछ भने सो सम्झौताको प्रतिलिपि.

५. प्राइभेट कम्पनीको हकमा सर्वसम्मत सम्झौता भएको रहेछ भने सो सम्झौताको प्रतिलिपि,

६ विदेशी लगानीको कम्पनीको हकमा उद्योग विभागबाट जारी विदेशी लगानी स्वीकृति पत्र,

५. नेपाली नागरिक शेयरधनी रहने (मुनाफा वितरण नगर्ने समेत) गरी संस्थापन हुने कम्पनीको प्रवन्धपत्र र नियमावली,

५.१. एकल शेयरधनी रहने प्रस्तावित प्राइभेट कम्पनी भएमा अनुसूची ९ बमोजिम, एकल बाहेक अन्य प्राइभेट कम्पनी भएमा अनुसूची १० बमोजिम, पब्लिक लिमिटेड कम्पनी भएमा अनुसूची ११ बमोजिम र मुनाफा वितरण नगर्ने कम्पनी भएमा अनुसूची १२ बमोजिमको प्रबन्धपत्र २ प्रति।

५.२. प्रस्तावित कम्पनी प्राइभेट लिमिटेड भएमा अनुसूची १४ बमोजिम, पब्लिक लिमिटेड कम्पनी भए अनुसूची १५ बमोजिम र मुनाफा वितरण नगर्ने कम्पनी भए अनुसूची १६ बमोजिमको नियमावली २ प्रति।

५.३. संस्थापक शेयरधनीहरूको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

५.४. प्रा.लि.कम्पनीको हकमा सर्वसम्मत संझौता भएको रहेछ भने त्यस्तो संझौताको प्रतिलिपि।

५.५ पब्लिक लिमिटेड कम्पनीको हकमा कम्पनी संस्थापना गर्नु अघि संस्थापकहरूबीच कुनै संझौता भएको रहेछ भने सोको प्रतिलिपि।

५.६. कुनै निकायको पूर्व स्वीकृति वा इजाजत आवश्यक पर्ने भए त्यस्तो निकायको स्वीकृति वा इजाजत।

५.७. संस्थापक नेपाली कम्पनी (कानूनी व्यक्ति) भएमा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नयाँ संस्थापना हुन लागेको कम्पनीमा के, कति र कसरी लगानी गर्ने तथा संस्थापक कम्पनीको प्रतिनिधित्व गर्ने व्यक्तिको नाम खुलाइएको संचालक

समितिको निर्णयको प्रतिलिपि र प्रतिनिधिको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

६. विदेशी नागरिक संस्थापक तथा शेयरधनी रहने गरी स्थापना हुने संयुक्त लगानी वा पूर्ण विदेशी लगानी हुने कम्पनीको लागि आवश्यक थप कागजपत्र।

६.१. प्रचलित कानून वमोजिम सम्वन्धित निकायबाट नेपाल राज्यभित्र लगानी गर्न अनुमति पाएको इजाजतपत्रको प्रतिलिपि,

६.२. संयुक्त लगानी हुने औद्योगिक कम्पनीको हकमा उद्योग विभागबाट स्वीकृति तथा संयुक्त लगानी सम्झौताको प्रतिलिपि,

६.३. विदेशी व्यक्ति संस्थापक भएमा निजको राहदानी (पासपोर्ट) को प्रमाणित प्रतिलिपि र कानूनी व्यक्ति (कम्पनी) भए कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा कम्पनीले लगानी गर्ने सम्वन्धी निर्णयको प्रतिलिपि र कम्पनीको तर्फबाट प्रतिनिधित्व गर्ने व्यक्तिको मनोनयन पत्र एवं निजको राहदानीको प्रमाणित प्रतिलिपि।

७. प्राइभेट फर्म वा साझेदारी फर्मलाई कम्पनीमा परिणत गरी कम्पनी दर्ता गर्न आवश्यक थप कागजपत्र।

७.१. प्राइभेट फर्म र साझेदारी फर्मलाई कम्पनीमा परिणत गर्ने सम्वन्धमा संस्थापकहरूवीचको संझौता।

७.२ नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र।

७.३. आयकर दर्ताको प्रमाणपत्रको प्रतिलिपि र कर फछ्र्यौटको प्रमाण वा सहमती।

८. प्राइभेट लिमिटेडलाई पब्लिक लिमिटेडमा र पब्लिक लिमिटेडलाई प्राइभेट लिमिटेडमा परिणत गर्न आवश्यक कागजपत्रहरू

८.१ प्रा.लि.लाई प.लि. मा परिणत गर्न आवश्यक थप कागजपत्र

क) रु. १० को टिकटसहित अनुसूची ६ बमोजिमको निवेदन।

ख) साधारण सभाको निर्णयको प्रतिलिपि।

ग) कम्पनीमा कम्तीमा २५ प्रतिशत शेयर पब्लिक कम्पनीले खरिद गरेको कागजात

घ) कम्पनीले कुनै पब्लिक कम्पनीको कम्तीमा २५ प्रतिशत शेयर खरिद गरेको कागजात।

ङ) प्रस्तावित ३ महले प्रवन्धपत्र र नियमावलीको १/१ प्रति।

च) संस्थापक थप हुने भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

८.२ प.लि.लाई प्रा.लि.मा परिणत गर्न आवश्यक थप कागजपत्र

क) रु. १० को टिकटसहित अनुसूची ७ बमोजिमको निवेदन।

ख) साधारण सभाको निर्णयको प्रतिलिपि।

ग) पूँजी खुलेको लेखा परिक्षण प्रतिवेदन।

घ) शेयरधनी संख्या ७ भन्दा कम भएको कारणबाट पव्लिक लिमिटेडबाट प्रा.लि.मा परिणत हुने भएमा सोसम्बन्धि कागजात।

ङ) प्रस्तावित ३ महले प्रवन्धपत्र र नियमावलीको १/१ प्रति।

च) संस्थापक थप हुने भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

९ विदेशी कम्पनीको दर्ता, शाखा कार्यालय र सम्पर्क कार्यालय स्थापना सम्वन्धि (दफा १५४, १५५)

९.१ अनुसुची २९ बमोजिमको ढांचामा निवेदन।

९.२ व्यवसाय वा कारोवार संचालनको लागि अधिकारप्राप्त अधिकारीबाट प्राप्त अनुमतिपत्र।

९.३ कम्पनी संस्थापनको अधिकार पत्र, प्रमाणपत्र, प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि र सोको नेपाली अनुवाद।

९.४ कम्पनीको मूल कार्यालय र कारोवार गर्ने मूख्य ठेगाना, कम्पनी संस्थापना भएको मिति, जारी पूँजी र मूख्य उदेश्य खुलेको विवरण।

९.५ कम्पनीका संचालक, प्रवन्धक, कम्पनी सचिव वा प्रमुख पदाधिकारीको नाम, ठेगाना र निजहरूको नागरिकता सम्वन्धि विवरण।

९.६ म्याद सूचना जारी हुदा कम्पनीको तर्फबाट वुभिलिने आधिकारिक व्यक्तिको नाम ठेगाना खुलेको विवरण।

९.७ नेपाल राज्यमा व्यवसाय वा कारोवार गर्ने भए प्रस्तावित लगानी र कारोवारको विवरण।

९.८ नेपाल राज्यमा व्यवसाय वा कारोवार गर्ने मूख्य स्थान र ठेगाना।

९.९ नेपालमा व्यवसाय वा कारोवार शुरु गर्ने प्रस्तावित मिति।

९.१० कम्पनीको संचालक वा निजको प्रतिनिधिले कम्पनीको तर्फबाट गरेको उदघोषण।

९.११ दफा १५७ बमोजिमको अख्तियारनामा।

१० शाखा थपको अभिलेख गर्ने

१०.१ कम्पनीको अनुरोधपत्र।

१०.२ संचालक समीतिको निर्णय प्रतिलिपि।

१०.३ हाल थप समेत कायम रहने शाखा विवरण।

११ कम्पनी दर्ता गर्दा ध्यान दिनुपर्ने कुराहरू :

११.१ प्राइभेट लिमिटेड कम्पनीको हकमा कम्तीमा एक जना र बढीमा ५० जनासम्म र प.लि. कम्पनीको हकमा कम्तीमा ७ जना संस्थापक शेयरधनीहरू हुनु आवश्यक छ। तर कुनै पब्लिक लिमिटेड कम्पनी संस्थापक भई अर्को पब्लिक लिमिटेड कम्पनी संस्थापना गर्दा ७ जना संस्थापकहरूको आवश्यकता पर्दैन।

११.२ प्रवन्धपत्र र नियमावली यथाशक्य नेपाली कागजमा अथवा टिकाउ खालको कागजमा एकातर्फमात्र टाइप भएको हुनुपर्दछ।

११.३ प्रवन्धपत्र र नियमावली शुद्ध तथा स्पष्ट नेपाली भाषामा तयार गरिएको हुनुपर्दछ। विदेशी लगानी हुने कम्पनीको हकमा प्रवन्धपत्र र नियमावली शुद्ध तथा स्पष्ट अंग्रेजी भाषामा तयार गरिएको हुनुपर्छ तर ती दुवैको नेपाली रुपान्तर पनि पेश गर्नु पर्दछ।

११.४ प्रवन्धपत्र र नियमावलीको प्रत्येक पानामा तलतिर सबै संस्थापक शेयरवालाहरूले दस्तखत गरेको हुनुपर्दछ। प्रवन्धपत्र र नियमावलीको अन्तिम प्रकरणमा संस्थापक शेयरवालाहरूको पूरा नाम, ठेगाना, लिन कवुल गरेको शेयर संख्या र दस्तखतको साथ साथै प्रत्येक संस्थापकको दस्तखत सँगै ल्याप्चे सहिछाप हुनुपर्दछ। हरेक संस्थापक शेयरवालाको एकजना साक्षीको पूरा नाम, ठेगाना र दस्तखत हुनु आवश्यक छ।

११.५ नयाँ कम्पनी दर्ता हुँदा त्यस्तो कम्पनीको शेयर पूरानो कम्पनीले खरीद गर्ने प्रावधान राखिएमा पूरानो कम्पनीको आर्थिक अवस्था चित्रण भएको प्रमाण पेश गर्नुपर्छ।

११.६ कम्पनी दर्ता गर्न आउदा संस्थापक शेयरधनीहरूमध्ये कम्तीमा १ जना शेयरधनी कार्यालयमा स्वयम् उपस्थित भै सनाखत गर्नु पर्दछ।

१२ कम्पनी ऐन २०६३ अनुसार यस कार्यालयमा दर्ता रहेका कम्पनीहरूले देहाय वमोजिम आफ्नो कम्पनीको विवरण तथा कागजात पेश (Online) गर्नुपर्ने व्यवस्था गरिएको छ र

**कम्पनी संस्थापन पश्चात कम्पनीहरूले कार्यालयमा पेश गर्नुपर्ने कागजातहरूको विवरण**

| सि.नं. | विवरण | समयावधि | जरिवाना |
|---|---|---|---|
| १. | प्रवन्धपत्र र नियमावलीमा भएको संसोधन (दफा २१.१) | कम्पनीले निर्णय गरेको ३० दिन | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००। तर वार्षिक रु.१०००। मा नवढ्ने गरी, |
| २. | शुरुको जगेडा शेयर तथा जगेडा शेयर अभिलेख (दफा ३१) | शेयर बाडफाँड गरेको ३० दिनभित्र | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००। तर वार्षिक रु.१०००। मा नवढ्ने गरी, |
| ३. | कम्पनीको स्थितिको संक्षिप्त व्यहोरा (दफा ५१) | वार्षिक साधारण सभा भएको ३० दिनभित्र | कम्पनीको कुल चुक्ता पुंजीको आधारमा (दफा ८१ वमोजिम) |
| ४. | पव्लिक लि. र मुनाफा वितरण नगर्ने कम्पनीले जानकारी गराउनु पर्ने (दफा ७८) | वार्षिक साधारण सभा वस्नु भन्दा २१ दिन अगाडि | कम्पनीको कुल चुक्ता पुंजीको आधारमा (दफा ८१ वमोजिम) |
| ५. | आर्थिक प्रतिवेदन (दफा ८०) | पव्लिक लि. कम्पनीको वार्षिक साधारण सभा गरेको ३० दिनभित्र र अन्य प्रा. लि. ले आर्थिक वर्ष समाप्त भएपछि ६ महिना भित्र, | कम्पनीको कुल चुक्ता पुंजीको आधारमा (दफा ८१ वमोजिम) |
| ६. | संचालक पद वहालपछि लिखित जानकारी (दफा ९२.३) | वहाल रहेको ७ दिन भित्र, | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००। तर वार्षिक रु.१०००। मा नवढ्ने गरी, |
| ७. | लेखा परीक्षक नियुक्ति | कम्पनीले निर्णय गरेको १५ दिनभित्र | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००। तर वार्षिक रु.१०००। मा नवढ्ने गरी, |

| सि.नं. | विवरण | समयावधि | जरिवाना |
|---|---|---|---|
| ८. | संचालक र कम्पनी सचिवको विवरण (दफा १०७.२) | कम्पनीले निर्णय गरेको १५ दिनभित्र | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००। तर वार्षिक रु.१०००। मा नबढ्ने गरी, |
| ९. | नाम परिवर्तन भएको जानकारी (दफा १२०) | कार्यालयले निर्णय गरेको ३० दिनभित्र सूचना प्रकाशित गरी कार्यालयमा पेश गर्नुपर्ने, | दफा ५१ सरह |
| १०. | कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगानाको जानकारी पेश गर्ने (दफा १८४) | ३ महिना भित्र | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००/- तर वार्षिक रु.१०००/- मा नबढ्ने गरी, |

उक्तानुसार विवरण तथा कागजातहरू नियमित पेश नगरेमा कम्पनी अध्यावधिक नहुने र त्यस्ता कम्पनीहरूसंग नेपाल सरकार मातहतका निकाय, संवैधानिक निकाय तथा सरकारी स्वामित्व भएका सार्वजनिक निकायहरूले कुनै वस्तु तथा सेवा आपूर्ति वा खरिदका लागि कुनै सम्झौता नगर्ने र त्यस्ता कम्पनीहरूलाई कुनै कार्य गर्न अनुमति र इजाजत नदिईने गरी कारवाही गर्न सबै सरकारी संवैधानिक निकाय र सार्वजनिक संस्थाहरूमा समेत अनुरोध गरिएको हुँदा सबै कम्पनीहरूलाई यथासमयमा माथि उल्लेख भए अनुसारका विवरण तथा कागजातहरू पेश गरी कम्पनी अध्यावधिक गर्नु हुन भनी सार्वजनिक रुपमा उल्लेखित सूचना प्रकाशन गर्ने गरिएको छ ।

कम्पनी ऐन, २०६३ को दफा ८१ मा उल्लेख भए अनुसार बिभिन्न दफा बमोजिमको विवरण, कागजात ढीला बुझाए बापत लाग्ने जरिवानाको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | कम्पनीको चुक्ता पूँजी रु लाखमा | विवरण बुझाउन ढिलो भएको समय | ढिलो विवरण बुझाएमा हुने जरिवाना रकम | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | दफा ५१ को विवरण | दफा ७८ को विवरण | दफा ८० को विवरण | दफा १२० को विवरण | दफा १३१, १५६ को विवरण |
| १ | १ - २५ लाखसम्म | क. पहिलो ३ महिना<br>ख. दोस्रो ३ महिना<br>ग. त्यसपछि ६ महिना सम्म<br>घ. प्रत्येक बर्ष | १,०००।-<br>१,५००।-<br>२५००।-<br>५,०००।- | १,०००।-<br>१,५००।-<br>२५००।-<br>५,०००।- | १,०००।-<br>१,५००।-<br>२५००।-<br>५,०००।- | १,०००।-<br>१,५००।-<br>२५००।-<br>५,०००।- | १,०००।-<br>१,५००।-<br>२५००।-<br>५,०००।- |
| २ | २५ - १ करोडसम्म | क. पहिलो ३ महिना<br>ख. दोस्रो ३ महिना<br>ग. त्यसपछि ६ महिना सम्म<br>घ. प्रत्येक बर्ष | २,०००।-<br>३,०००।-<br>५,०००।-<br>१०,०००।- | २,०००।-<br>३,०००।-<br>५,०००।-<br>१०,०००।- | २,०००।-<br>३,०००।-<br>५,०००।-<br>१०,०००।- | २,०००।-<br>३,०००।-<br>५,०००।-<br>१०,०००।- | २,०००।-<br>३,०००।-<br>५,०००।-<br>१०,०००।- |
| ३ | १ करोड देखि माथि | क. पहिलो ३ महिना<br>ख. दोस्रो ३ महिना<br>ग. त्यसपछि ६ महिना सम्म<br>घ. प्रत्येक बर्ष | ५,०००।-<br>७,०००।-<br>१०,०००।-<br>२०,०००।- | ५,०००।-<br>७,०००।-<br>१०,०००।-<br>२०,०००।- | ५,०००।-<br>७,०००।-<br>१०,०००।-<br>२०,०००।- | ५,०००।-<br>७,०००।-<br>१०,०००।-<br>२०,०००।- | ५,०००।-<br>७,०००।-<br>१०,०००।-<br>२०,०००।- |

१३ सम्वन्धित ऐन, नियम, विनियम र निर्देशिकाको सूची,

१ कम्पनी ऐन, २०५३

२ कम्पनी ऐन, २०६३

३ दामासाही सम्वन्धनी ऐन, २०६३

४ कम्पनी निर्देशिका, २०६५

५ कम्पनी (विद्युतीय फाइलिंग) निर्देशिका, २०६९

१४ कम्पनी प्रशासन सम्वन्धी कार्यहरू

१ नाम परिवर्तन

२ ठेगाना परिवर्तन

३ उद्देश्य थप र संशोधन

४ पूँजी वृद्धि र पुँजी संरचना परिवर्तन

५ कम्पनीको किसिम परिवर्तन

६ कम्पनी खारेजी

७ कम्पनी गाभ्ने

८ वार्षिक विवरण

९ शुरु अवस्थाको जानकारी र शुरु शेयर बाँडफाँड

१० कैफियत तलवको जवाफ वा आवधिक जानकारीहरू

११ शाखा कार्यालय थप

१२ प्रवन्धपत्र वा नियमावलीको दफा संशोधन

१३ शेयर खरिद विक्री वा जगेडा शेयर विक्री र मृत्युपछिको शेयर नामसारी (शेयर लगत)

१४ एकलबाट वहुलमा ढांचा परिवर्तन

१५ अन्य,

१५ हालसम्मको उपलव्धि र पछिल्ला प्रयासहरू,

आ.व. २०७३/७४ को बैशाखसम्ममा यस कार्यालयबाट प्रा.लि.१६६६८३ पव्लिक लि. १४१८ मुनाफा वितरण नगर्ने कम्पनी १४१९, र वैदेशिक कम्पनीहरूको शाखा कार्यालयहरू १६० वटा दर्ता गरिएको छ। त्यसैगरी चालु आ.व. को बैशाखसम्ममा कम्पनी प्रशासन सम्वन्धि विभिन्न १६७१३ वटा कार्यहरू सम्पन्न भएका छन्। यसैगरी पछिल्लो समयमा यस कार्यालयले निम्न क्रियाकलापहरू सम्पन्न गरेको छ।

१. कम्पनी ऐनमा समसामयिक रुपमा पहिलो संशोधन भएकोछ। यसबाट कम्पनी प्रशासनमा सुशासनको थप प्रत्याभुति भएको र खारेजीमा जान चाहने संस्थापक संचालकहरूलाई आर्थिक रुपमा धेरै राहत पुग्न गएको।

२. कम्पनी निर्देशिकाको तर्जुमा र कार्यान्वयन पछि आवश्यक संशोधन समेत गरी सेवा प्रवाहमा स्तरीयता र एकरुपता ल्याइएको छ।

३. प्रत्येक आ.व. मा सुचनाको हक सम्वन्धी ऐन, २०६४ अनुसार कार्यालयको जानकारी पुस्तिका प्रकाशन गरेको र चौमासिक तथा बार्षिक प्रगति बिवरण Website मा अद्यावधिक गर्ने गरेको,

४ Company Registrar Forum को सदस्यता प्राप्त गरी अन्तराष्ट्रिय मञ्चमा आवद्ध भएको

५. लगानीकर्ता संरक्षण कोष स्थापना भई बिभिन्न कम्पनीहरूलाई उक्त कोषमा रकम जम्मा गर्न अनुरोध गरिएको छ। कोषको संचालन पछि प्राप्त हुने व्याज रकमबाट कार्यालयको जनशक्ति विकास, भौतिक पूर्वाधार विकास र समसामयिक रुपमा नीति, ऐन, नियम निर्देशिका तर्जुमाका लागि पर्याप्त श्रोत उपलब्ध हुन सक्ने भएको।

६. संगठन पुन संरचना गरी सूचना प्रबिधि सम्वन्धी जनशक्तिको पर्याप्त व्यवस्था गरिएको छ। यसबाट हालको अनलाइन सेवा बढी भरपर्दो र स्तरीय बनाउन मद्दत पुग्ने भएको।

७. कार्यालयको इ-फाइलिङ्ग तथा भौतिक फाइल व्यवस्थापनका लागि क्षमता बढाएको,

८. कार्यालयमा रहेका पुराना तथा काम नलाग्ने सामाग्रीहरूको लिलाम बिक्री गरी जिन्सी खातालाई चुस्त दुरुस्त पारिएको छ।

९. नागरिक बडापत्र सहित कार्यालयको जानकारी पुस्तिका प्रकाशन गरिएको।

१०. कार्यालयको प्रत्येक कार्यकक्षको गतिबिधि निगरानीमा राख्न ३० वटा सी.सी. टि.भी. जडान गरी सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याइएको।

१६. कम्पनी ऐन (पहिलो संशोधन), २०७४ को मुख्य विशेषताहरू :

यही २०७४ बैशाख देखि कार्यान्वयनमा आएको कम्पनी ऐन (पहिलो संशोधन), २०७४ को मुख्य विशेषताहरू यस प्रकार रहेको छ :-

१. कम्पनी दर्ता र अद्यावधिक गर्न विद्युतीय प्रणाली अपनाउनु पर्ने अनिवार्य व्यवस्था गरिएको।

२. भिडियो कन्फरेन्स वा त्यस्तै प्रकारको अन्य प्रबिधि मार्फत पनि संचालकहरू साधारणसभामा उपस्थित हुन सक्ने व्यवस्था,

३. प्राइभेट कम्पनीहरूमा संचालकहरूको संख्या बढीमा ११ जनासम्म मात्र हुन सक्ने व्यवस्था,

४. कारोवार संचालन नगरेको, संचालनमा नरहेको वा ऐन बमोजिम जरिवाना नबुझाएको कम्पनीहरूले खारेजी हुन चाहेमा आफ्नो चुक्ता पूँजीको ०.५% वा नियमानुसारको जरिवाना रकम मध्ये जुन कम हुन्छ सो रकम बुझाई र अन्य नियमानुसारको विवरण, कागजात बुझाई दर्ता खारेज हुन सक्ने व्यवस्था,

५. कम्पनीको संस्थापना वा कम्पनीमा लगानी गर्दा लगानीकर्ताले सो लगानी रकम सम्पत्ति शुद्धीकरण गर्न लगानी नभएको र गैर कानूनी रुपमा आर्जन नगरेको व्यहोरा उदघोष गर्नुपर्ने व्यवस्था भएको,

६. कम्पनी रजिष्ट्रारको कार्यालयको शाखा कार्यालय खोल्न सक्ने व्यवस्था गरिएको,

७. मुनाफा बितरण नगर्ने कम्पनीले आफ्नो बार्षिक कार्यक्रम तर्जुमा गर्दा प्रशासनिक खर्च २५% भन्दा बढी हुन नहुने व्यवस्था गरिएको,

८. रु ५ करोडभन्दा बढी पूँजी भएको दुरसंचार कम्पनीहरूले सर्वसाधारणका लागि शेयर जारी गर्नुपर्ने व्यवस्था।

९. प्रा.लि. संस्थापक संख्या ५० जनाबाट बढाएर १०१ जनासम्म संस्थापक हुनसक्ने व्यवस्था गरिएको।

१०. महिला शेयरधनी भएको पब्लिक लिमिटेड कम्पनीको संचालक समितिमा कम्तीमा एकजना विद्यमान संचालक हुनु पर्ने।

१७ विद्यमान समस्याहरू,

१. Online सेवा प्रवाहपछि IT क्षेत्रमा जनचेतनाको कमीको कारण सर्वसाधारणले आफैले सेवा लिन नसकेको,

२. कार्यालयको कार्य प्रकृति अनुसार counter service अनुरुपको भवन र कार्यकक्ष नभएको,

३. कम्पनी दर्ता र कम्पनी अध्यावधिक गर्ने सम्वन्धमा स्थानीय तहमा पर्याप्त अभिमुखीकरण कार्यक्रम संचालन हुन् नसकेको,

४. कर्मचारीहरू आउन, जान तथा जिल्ला र स्थानीय तहमा अभिमुखीकरण कार्यक्रम संचालन गर्न जान सवारी साधनको अभाव भएको,

१८ समाधानका उपायहरू

१ हाल निजी क्षेत्रको संस्थाबाट Consulting Service लिइ Online सेवा संचालन गरी राख्नु परेकोले भबिष्यमा यसै कार्यालयका सूचना प्रबिधि सम्वद्ध

कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी स्थायी दरवन्दी कै प्राबिधिकहरूबाट सम्पूर्ण कार्य गर्न सकिने,

२. यस कार्यालयलाई एक स्वायत्त निकायको रुपमा बिकास गर्न कम्पनी ऐनमा बोर्ड/प्राधिकरण गठनको व्यवस्था गरी त्यस अन्तर्गत कार्यालयको संचालन गर्दा कर्मचारीहरूको स्थायित्व भई कार्यमा व्यवसायिकता र बिशिष्टता हासिल हुने,

३. केन्द्रमा एकमात्र कम्पनी रजिष्ट्रारको कार्यालय व्यवस्था गरी प्रत्येक प्रादेशिक उद्योग मन्त्रालयहरूमा एक अधिकृत र एक ना.सु. स्तरको दरवन्दी सिर्जना गरी कम्पनी दर्ता र अध्यावधिक गर्ने प्रक्रिया र बिधिको बारेमा चेतनामुलक र अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्ने।

४. कार्यालय परिसरमा जीर्ण रुपमा रहेको औद्योगिक उर्जा व्यवस्थापन आयोजनाको भवन हटाई सेवाग्राही मैत्री Counter Service दिन सकिने pre-fab कार्यालय भवन निर्माण गर्नुपर्ने,

५. जिल्ला र स्थानीय तहमा अनुगमन गर्न तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्न थप सवारी साधन गाडी -२ र मोटर साइकल-५ को व्यवस्था गर्नुपर्ने,

## उपसंहार

विश्वका विभिन्न देशहरूको उद्योग मैत्री वातावरण मापन गर्ने एउटा आधार Doing Business Indicator हो र यस सूचकलाई माथि उठाउन उद्योग व्यवसायीहरूले कम्पनी दर्ता गर्दा र कम्पनी प्रशासन सम्वन्धि सेवा लिदा वढी सरल, सहज, सुपथ र सुरक्षित अनुभूति गरेको हुनुपर्दछ र यसको लागि ऐनको समसामयिक परिमार्जन, कर्मचारीको क्षमता अभिवृद्धी, कार्य प्रक्रियामा सरलीकरण र सम्वद्ध निकायहरू वीच पारस्पारिक सहयोग, समन्वय र सहकार्य अपरिहार्य छ। यिनै भावना, सिद्धान्त र व्यवहारलाई वस्तुपरक वनाई ठोस उपलव्धि हासिल गर्न कार्यालयको विद्यमान व्यवस्थापन क्रियाशील रहेको छ।

## सन्दर्भ सामाग्री


- औद्यौगिक नीति, २०६७, उद्योग मन्त्रालय, काठमाडौं।
- कम्पनी ऐन, २०५३
- कम्पनी ऐन, २०६३
- कम्पनी निर्देशिका, २०६५
- कम्पनी (विद्युतीय फाइलिंग) निर्देशिका, २०६९
- दामासाही सम्वन्धनी ऐन, २०६३

# नेपालको आर्थिक सम्मृद्धि र उद्योग क्षेत्र

✍ **पुरूषोत्तम नेपाल**
**सह सचिव, उद्योग मन्त्रालय**

आगामी माघ महिनासम्ममा सबै तहका सरकारहरू अर्थात स्थानीय तह, प्रदेश तह र संघीय तहको निर्वाचन सम्पन्न भएपछि मुलुकमा राजनीतिक संक्रमणको अन्त्य भई मुलुक सम्पूर्ण रुपमा आर्थिक उत्थानको सवालमा केन्द्रित हुनेछ। संविधानले संघीय नेपालका संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीबारे स्पष्ट गरेको छ। संविधानमा सवै तहका सरकारको संयुक्त जिम्मेवारी अन्तर्गत उल्लेखित कार्यजिम्मेवारी पनि सरकारले गरेको २०७३ माघ २४ गतेको निर्णयले स्पष्ट गरिसकेको छ। हालै सम्पन्न प्रदेश नं २ बाहेकका अन्य सबै प्रदेशका स्थानीय तहका नगरपालिका तथा गाउँपालिकाहरूमा जनताले चुनेका जनप्रतिनिधिहरूले बहाली गरिसकेका छन्। प्रदेश नं २ को स्थानीय निर्वाचन आगामी आश्विन २ गते गर्ने गरी मिति तोकिसकिएको छ। संवैधानिक समय तालिका भित्रै प्रदेश सभा र संघीय संसदको निर्वाचन सम्पन्न गर्न नेपाल सरकारले संविधान बमोजिम निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरिसकेको र यसले भाद्र महिनाको पहिलो साताभित्र निर्वाचन क्षेत्र निर्धारणे गरि सक्नेछ। यसबाट संविधान बमोजिमका राजनैतिक बिषयहरू क्रमशः कार्यान्वयन हुने सुनिश्चितता बन्दै गएको छ। हालैमा भएका यी कदमहरूले अब मुलुकको सरकारी, निजी, सहकारी तथा गैर सरकारी सबै क्षेत्रलाई आर्थिक समृद्धिको एजेण्डामा केन्द्रित हुन मार्ग प्रसस्त गरेको छ।

नेपालमा योजनाबद्ध विकास प्रयास सुरू भएको छ दशक नाघेको छ। यस अवधिमा मुलुकका आर्थिक, सामाजिक तथा भौतिक विकासका परिसूचकहरूमा धेरै गुणाले बृद्धि भएका छन्। मुलुकका ७५ जिल्लाहरूमध्ये ७३ जिल्ला सदरमुकाममा सडक मार्ग पुगेको छ। पूर्व पश्चिम राजमार्ग नै मुलुकको प्रमुख आवतजावतको माध्यम रहेको छ भने अब हुलाकी मार्ग, मध्य पहाडी मार्गको निर्माण सम्पन्न भएपछि पहुँचको बिषय सर्वसुलभ हुनेछ। मुलुकमा हालसम्ममा २९१५७ कि.मी. सडक सञ्जाल निर्माण भएको छ। जलविद्युततर्फ पनि जडित क्षमता करिब ७०० मेगावाट नाघेको छ भने आगामी १० बर्षभित्र यो १० हजार मेगावाट भन्दा बढी हुने सम्भावना देखिएको छ। सञ्चार क्षेत्रको पूर्वाधार विकास उत्साहजनक देखिएको छ। सामाजिक क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाईमा पनि प्रसस्त विकास भएका छन्। कृषि क्षेत्रको विकासबाट खाद्यान्न तथा अन्य उत्पादन बढेको छ भने वन क्षेत्रमा पनि विकासको सकारात्मक असर परेको छ। (आर्थिक

सर्वेक्षण : २०७३) उद्योग क्षेत्रमा पनि विभिन्न ठूला, मझौला र साना उद्योग स्थापना भएका छन्। मुलुकमा करिब ४१०० उद्योगहरूमा २१३ अर्ब लगानी भई करिब २ लाख जनालाई रोजगारी प्राप्त भएको छ। यद्यपि विश्व आर्थिक परिवेश, विज्ञान र प्रविधिको विकास एवं मानवको भौतिक जीवनमा आत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा आएको सहजपना, सञ्चार क्षेत्रले एकिकृत गरेको विश्व समुदाय लगायतका कारणले अन्य देशले गरेको प्रगति र हाम्रो सम्भाव्यताको तुलनामा हामीले हालसम्म गरेको उपलब्धि कछुवा गतिको बाउन्ने देखिएकोमा यस क्षेत्रका विद्वानहरूमा मतैक्य रहेको देखिन्छ।

मुलुकमा अझैपनि जनसमुदायको ठूलो हिस्सा निरपेक्ष गरिबीको रेखामुनी रहेको तथा काम र मामको खोजिमा स्वदेश तथा विदेशका शहरी क्षेत्रमा भौतारिन बाध्य भएका छन्। विगत केही दशक देखि औद्योगिक क्षेत्रमा आएको गिरावटले राष्ट्रको उर्जाशील जनशक्ति विदेश पलायन भई जोखिमयुक्त रोजगारीमा निर्भर रहनुपर्ने भएको र सोको फलस्वरुप राष्ट्रको आर्थिक तथा सामाजिक मूल्यमा ह्रास आएको छ। करिब ४० लाख युवाहरू रोजगारीका लागि अरब तथा पूर्वी एसियाका देशहरूमा पलायन भएका छन्। करिब एक दशकयता मुलुकको अर्थतन्त्र यीनै युवाहरूले सामान्यतया अत्यन्त तल्लोस्तरका जोखिमयुक्त खराब, खतरा र कठिन कामहरू (घम व्यदक) गरेर पठाएको विप्रेषण आयको भरमा सञ्चालन भइरहेको छ। अर्कोतर्फ नेपालमा विप्रेषणबाट नेपाल भित्रने रकमको आकार कूल गार्ह्यस्थ उत्पादनको झण्डै ३० प्रतिशत भएको भएतापनि यो रकमलाई उत्पादनमूलक क्षेत्रमा पुनः लगानी गर्न नसकिएकोले उपभोगमा बृद्धि भई आयातमा चाप परेर व्यापार घाटा बर्षेनी बढ्दै गैरहेको छ। नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको तथ्यांक अनुसार गत आर्थिक बर्ष २०७३।७४ मा नेपालको व्यापार घाटाको आकार अझै बढ्न गई ८२८ (८९६।५७ – ६८।६२ अर्ब) अर्ब पुगेको छ। (नेपाल राष्ट्र बैंक : २०७४)

पछिल्लो राजनीतिक परिवर्तनले स्थापित गरेको नागरिक अधिकारसँगै सामाजिक न्यायसहितको आर्थिक विकास र समृद्ध समाज निर्माण कार्य राज्यको प्रमुख कार्यसूचीमा परेको छ। मुलुकको संविधानले अङ्गिकार गरेका नागरिकका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा नीति अबको विकासका मार्गदर्शक भएका छन्। हामीसँग भएका विगतका योजनाहरू कार्यान्वयनको अनुभवले अब कसरी मुलुकलाई समृद्धितर्फ लैजाने भन्ने बिषयमा स्पष्टता समेत आएको छ। यसैगरी भिजन २०३० सम्बन्धी दस्तावेजले मुलुकलाई विकासशील वर्गमा स्तरोन्नतिका लागि प्रतिव्यक्ति आय २५०० डलर पुऱ्याउनु पर्ने देखाएको छ। यसका लागि वार्षिक ७ प्रतिशतको वृद्धिदर हासिल गर्नुपर्ने छ। सन् २०२२ भित्र देशलाई अति कम विकसितबाट विकाससिल देशमा रुपान्तरण गर्ने घोषित उद्देश्यलाई पूरा गर्न र सन् २०३० सम्म पुरा गर्नेगरी ल्याईएको विश्वव्यापी दिगो विकासका लक्ष्यहरूलाई पुरा गर्न उद्योग यस्तो माध्यम हो जसले अतिकम विकसित मुलुकको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग एकीकरण गरी आय, रोजगारी र आर्थिक वृद्धिमा महत्वपूर्णरुपमा

सघाउ पुऱ्याउन सक्छ। नेपालको दीर्घकालिन आर्थिक सम्मृद्धि रणनीतिमा मुख्य आर्थिक बृद्धिका सम्बाहकका रुपमा जनसांख्यिक संरचना लाभ, ठूलो जनसंख्या र आकार भएका छिमेकी देशहरू भारत र चीनमा सिधा सम्पर्क (Connectivity) स्थापित गरी व्यापारमा विस्तार, बढी आर्थिक बृद्धि सम्भावना भएका जलविद्युत, पर्यटन र कृषिको आधुनिकीकरण र पूर्वाधारमा लगानीबाट आर्थिक बृद्धिको लक्ष्य हासिल गर्ने अठोट गरिएको छ। यद्यपि यसमा विपद्को सामना, जलवायु परिवर्तन र आन्तरिक तथा बाह्य आर्थिक झड्काहरूको व्यवस्थापनमा भने मुलुकले पर्याप्त ध्यान दिनुपर्ने हुन्छ (Envisioning 2030: NPC, 2016)।

संयुक्त राष्ट्र संघले अतिकम विकसित स्तरबाट विकासोन्मुख स्तरमा जान कुनैपनि राष्ट्रलाई प्रति व्यक्ति औसत कुल राष्ट्रिय आय, मानव सम्पत्ती सूचक (HAI) र आर्थिक जोखिम सूचक (EVI) गरी ३ मापदण्ड निर्धारण गरेको र तिनको सीमा समेत निर्धारण गरेको छ। सन् २०२२ सम्म विकासोन्मुख स्तरमा पुग्न नेपालले तीनमध्ये न्यूनतम २ मापदण्डको निर्धारित सीमा पार गर्न आवश्यक छ। तीन मापदण्डमध्ये तेह्रौं योजना अवधिमा प्रतिव्यक्ति कुल राष्ट्रिय आय अमेरिकी डलरमा ७१३ बाट ९०२ र आर्थिक जोखिम सूचक २७.८५ बाट २६.९५ पुग्ने अनुमान गरिएको योजना दस्तावेजमा उल्लेख छ (तेह्रौं योजना दस्तावेज, रायोआ)। अहिले राष्ट्र संघले प्रतिव्यक्ति आय सीमा बढाएर १०३५ डलर पुऱ्याएको छ भने थप पुनरावलोकन गरी १२४२ डलर पुऱ्याउने तयारी गरिएको छ। अर्कोतर्फ विश्वव्यापीकरणको कारण मुलुकमा परेको आर्थिक एवम् सामाजिक प्रभाव, भूकम्पलगायतका प्राकृतिक प्रकोप एवम् विपद्बाट सिर्जित पुनर्निर्माणको जिम्मेवारी र दक्षिणी सीमा क्षेत्रमा भएको अवरोधका कारण शीथिल भएको अर्थतन्त्रलाई क्रियाशील बनाउन र जनताको विकासको आकाङ्क्षालाई एकसाथ सम्बोधन गर्न आवश्यक देखिएको छ।

राष्ट्रिय जनगणना २०६८ अनुसार वार्षिक १.३ प्रतिशतको वृद्धिदरका आधारमा गरिएको प्रक्षेपणअनुसार सन् २०३० मा नेपालको कुल जनसंख्या ३ करोड ३६ लाख पुग्नेछ। यो जनसंख्या अनुपातलाई राखेर हेर्दा नेपालको कुल गार्हस्थ्य उत्पादन (GDP) हालको विनिमयदरलाई स्थिर मान्दा ८४ अर्ब अमेरिकी डलर अर्थात् ८४ खर्ब नेपाली रुपैयाँ बराबर (हालको २१ अर्बभन्दा चार गुणा बढी) हुनेछ । यो लक्ष्य हासिल हुने हो भने हामी दक्षिण एसियाको दोस्रो ठूलो अर्थतन्त्र बन्ने अवस्थामा पुग्नेछौं। (गजेन्द्र बुढाथोकी : २०७३)

६६ प्रतिशत जनता कृषिमा आश्रित भएकोले कृषिको आधुनिकीकरण र उत्पादकत्व बृद्धि नभएसम्म यहाँको आर्थिक विकासमा फड्को मार्न सकिदैन। आर्थिक वृद्धिदरलाई उच्च पार्न कृषि क्षेत्रमा भूमीको एकिकरण गरी उत्पादनमा व्यावसायीकरण, कृषिसंग सम्बन्धित पूर्वाधारहरू जस्तै सिंचाई, सडक, कृषि संकलन केन्द्रहरूको निर्माण, उन्नत मल, बिउ तथा कृषि औजारहरूको सर्वसुलभ उपलब्धता, कम समयमा उत्पादन हुने खाध्य तथा तरकारीजन्य र उच्च मूल्य कम तौलका बालीहरूको विकास, मिल्दा बालीहरूको एकिकृत तथा सघन उत्पादन, भ्यालु चेनको विकास

र उपयोग, प्रोसेसिंग उद्योगहरूको स्थापना र विकास तथा आयात प्रतिस्थापन हुने वस्तुहरूको उत्पादनमा विशेष प्राथमिकता दिने तथा उपभोक्ताहरूको खाना खाने बानीमा क्रमशः सुधार समेत गर्न सकेमा यसबाट अर्थतन्त्रमा ठूलो योगदान पुग्न सक्छ। (कृषि आधुनिकीकरण योजनाः २०७२)

डएफआइडीले गरेको एक अध्ययन अनुसार आर्थिक बृद्धि नै गरिबी न्युनिकरणका लागि प्रमुख माध्यम भएकोले अति कम विकसित, विकासोन्मुख र विकासशील सबै राष्ट्रले आर्थिक बृद्धिलाई ध्यान दिनु पर्छ। यस्तो आर्थिक बृद्धिले अवसर र सम्मृद्धिको साङ्लो तयार गर्दछ जस्ले गर्दा रोजगारीको अवसर बढ्ने, स्तरीय ज्यालादर र पारिश्रमिक पाईने, यसबाट आर्जित साधनले स्तरीय स्वास्थ्य र शिक्षा प्रदान हुने र अन्तत्वोगत्वा व्यक्ति र परिवारको जीवनस्तरमा सकारात्मक परिवर्तन भई खुसीमा बृद्धि हुन्छ भने लगानीमा समेत बृद्धि हुन्छ।

वैदेशिक रोजगारीबाट प्राप्त आयले अल्पकालमा आनन्द र सन्तोष दिएतापनि दीर्घकालमा यसले ल्याउने असर र परिणाम भयावय हुन्छ। दीर्घकालमा मुलुकले सामाजिक समावेशीकरण र सुरक्षामा निकै ठूलो लगानी गर्नुपर्छ। यस स्थितिलाई तत्कालै संवोधन गरी मुलुकमा औद्योगिकीकरण गर्दै रोजगारीका थप अवसरहरू सिर्जना गर्ने र युवा जनशक्तिलाई देश निर्माणमा संलग्न गराउन समेत यस क्षेत्रमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। भौतिक पूर्वाधार निर्माण, समष्टिगत आर्थिक स्थायित्व कायम गरी लगानीमा आमविश्वास बढाउनुका साथै औद्योगिक पूर्वाधारहरू विकास गरी मुलुकलाई औद्योगिकीकरण र आधुनिकीकरण गर्नु परेको छ। आन्तरिक उत्पादन तथा निर्यात व्यापारमा वृद्धि र कुल व्यापार विविधीकरण गरी व्यापार घाटा कम गर्दै बाह्य सन्तुलन सुदृढ गर्नुपर्नेछ। ठूलो सङ्ख्याको युवाशक्तिलाई पुंजी, प्रविधि र सीप उपलब्ध गराई मुलुकभित्रै रोजगारी सिर्जना गर्नुपर्नेछ।

अध्ययन अनुसन्धानको आधारमा प्रविधिको विकास गर्ने कार्यलाई निजी क्षेत्रको हकमा व्यवसायिक नाफाले क्षतिपूर्ति गर्छ भने सरकारी क्षेत्रले साझेदारीमा गर्ने लगानीलाई त्यसबाट हुने उत्पादनमा बृद्धि, रोजगारीमा बृद्धि, कर र अन्य अप्रत्यक्ष लाभबाट सोधभर्ना प्राप्त गर्छ। अन्य उत्पादन जस्तो सृजनात्मकता, नवप्रवर्तन जस्ता कुराहरूको कुनै प्रतिस्पर्धि पनि नहुने र यस्मा गरिने लगानीबाट उत्पादकत्वमा बृद्धि तथा परिमाणात्मक लाभ हुन गई समष्टिगत रुपमा मुलुकको अर्थतन्त्रले गती लिई फायदामूलक हुन जान्छ। यसमा देश विदेशमा अध्ययन गर्न गएका तथा कामको अनुभव प्राप्त गरेका व्यक्ति समेत संलग्न हुने अवसर प्रसस्त हुने र देशभित्रको जनशक्तिको क्षमता समेत विकासको सम्भावना बढी हुन्छ। नेपालमा निजी क्षेत्रको मात्र नभई वैदेशिक लगानीकर्ताहरूको पनि अर्थतन्त्रमा सहभागिता बढाउनु अपरिहार्य भइसकेको छ। यसका लागि व्यवसाय गर्ने वा लगानीको वातावरणमा सुधार गर्नु नितान्त जरुरी छ। यसमा सरकारको भूमिका सहजकर्ताको

रुपमा रहने नीति अनुरुप व्यवसायिक वातावरण सुधार गर्न आवश्यक नीतिगत पहल नेपाल सरकारले गर्नु आवश्यक छ।

मुलुकलाई तिब्र आर्थिक विकास गर्न सघाउने अर्को तत्व भनेको श्रमिकको उपलब्धता र उत्पादकत्व बृद्धि हो। नेपालमा जनसंख्याको संरचनाले युवा जनसंख्याको अंश अन्यत्रको तुलनामा बढी भएकोले जनसंख्याविद्हरू यसको लाभांश लिन सक्नुपर्ने बताउँछन्। यस्तो अवस्था निकै लामो अन्तरालमा मात्र आउने भएकोले देशले यसको लाभ लिन विशेष कार्यक्रम ल्याउनुपर्ने हुन्छ। जनसांख्यिक संरचनाको यस्तो लाभ हामीले अन्य देशमा युवा श्रमशक्ति निकासी गरेर उपलब्ध गराएका छौं। मुलुकलाई तिब्र औद्योगिकरणमा लैजान सकेमा विदेशमा पलायन भएको श्रमशक्ति नेपालमा नै संभावना देखेपछि क्रमशः स्वदेशमा नै फर्कन थाल्नेछ। प्रविधिको विकास गरी श्रमशक्तिको उत्पादकत्व बृद्धिको कार्यक्रम संगसंगै सञ्चालन गर्न सकिएमा औद्योगिक उत्पादन बढ्दै जानेछ।

औद्योगिकीकरणलाई तीव्र र दिगो आर्थिक विकासको इन्जिन नै मान्ने गरिन्छ। नेपालमा औद्योगिकीकरणको आरम्भ भएको आठ दशक नाघिसकेको भएपनि हाम्रो औद्योगिक क्षेत्रले कुल गार्हस्थ्य उत्पादन (GDP) मा केवल ५.४ प्रतिशतको मात्र योगदान राख्छ (आर्थिक सर्वेक्षण : २०७४)। कुनै समयमा जीडीपीको १९ प्रतिशत अंश पुगिसकेको निर्माण, उद्योग र विद्युत, ग्यास तथा पानी क्षेत्र समेटिएको द्वितीय क्षेत्रको योगदान अहिले १३.५ प्रतिशतमा झरेको छ। औद्योगिकीकरण र उद्यमशीलताबारे हाम्रो बुझाइले पनि यस क्षेत्रको विस्तारमा समस्या पारिरहेको छ। ठूला उद्योग-व्यवसाय स्थापना गर्ने हाम्रो क्षमता कमजोर भएतापनि नेपालको अवस्था र परिवेशअनुकूलका घरेलु, साना तथा मझौला उद्योगहरूको स्थापना र विस्तारलाई पनि प्राथमिकता दिनु अत्यावश्यक छ। विशेष गरी स्थानीय कच्चापदार्थमा आधारित उद्योग-व्यवसायको संरक्षण र प्रवर्द्धनका लागि राज्यले प्रवर्द्धनकारी भूमिकामा थप मिहेनत गर्नुपर्ने देखिन्छ। नेपालको आफ्नो बजार र सक्षमताअनुसार साना तथा मझौला उद्योगहरू नै हाम्रो औद्योगिकीकरणका आधार हुन सक्छन् र तिनलाई महिला उद्यमीले समेत सबल ढंगले नेतृत्व गर्न सक्छन् भन्ने घरेलु तथा साना उद्योगहरूको विगतको अनुभवबाट सिक्न सकिन्छ।

**लगानीको वातावरण :**

अर्थशास्त्रीहरूका अनुसार नेपाललाई विकासशील अर्थतन्त्रमा स्तरोन्नति गर्न वार्षिक औसत ७ प्रतिशतको वृद्धिदर आवश्यक पर्छ। यसका लागि राज्य र निजी क्षेत्रले औसत बार्षिक १२.५ खर्ब लगानी गर्नुपर्ने हुन्छ, जसमध्ये निजी क्षेत्रलेमात्रै वार्षिक औसत ८ खर्ब २५ अर्ब लगानी गर्नुपर्छ। तर विभिन्न स्वदेशी तथा विदेशी लगानीकर्ताहरूले समय समयमा नेपालमा लगानीको वातावरण नभएको भनेर बिषय उठान गर्ने गरेको पाइन्छ। अझ कतिले खुलेरै नेपालमा लगानीमैत्री वातावरण

नबन्नुको पछाडि यहाँको कमजोर शान्ति-सुरक्षा एवं औद्योगिक सुरक्षा, गैरराज्य पक्षको हस्तक्षेप रोक्न नसक्नु, दशकौं देखिको राजनीतिक अस्थिरता, विशेष स्थानहरूमा अमिल्दो क्षमता भएका कर्मचारीहरूको बाहुल्यता, नाफाको सुनिश्चितताामा अस्पष्टता र स्थानीय अन्य स्थानीय समस्याहरू वाधक रहेको भन्ने गरेका छन् (नेउवासंघः २०७३)। यस प्रसंगमा लगानी मैत्री वातावरण भनेको के हो ? र के कस्तो नीतिगत तथा व्यवस्थापनको वातावरण निर्माण गरेमा लगानी मैत्री अवस्था सिर्जना हुन्छ ? भन्ने बिषय उद्योग प्रशासनसंग सम्बन्धितको लागि जटिलताको बिषय बन्ने गरेको छ। यस सम्बन्धमा अध्ययन गर्दा देहायको अवस्था सिर्जना भएमा लगानी मैत्री अवस्था सिर्जना हुने पूर्व अनुभवबाट सिकाइ भएको छ :

क) उद्योगहरू स्थापना, सञ्चालन र बहिर्गमनमा सरकारी निकायबाट गरिने कारबाहीको प्रकृयागत स्पष्टता र तोकिएको समयमा तोकिएको काम हुने अवस्था;

ख) बैंकिङ क्षेत्रबाट प्रोजेक्ट फाइनान्सिङको व्यवस्था र उद्योग सञ्चालन गर्दा हुने मुनाफालाई पूनर्लगानी वा सजिलैसंग फिर्ता लैजान सकिने अवस्था;

ग) उत्पादनका साधनहरू जस्तै जग्गा, श्रम, प्रविधि र उद्यमशीलताको प्राप्ति र उपयोगमा सरलता;

घ) औद्योगिक पूर्वाधारहरू जस्तै सडक, विद्युत, पानी र अन्य बिषयहरूमा पर्याप्त पहुँचको अवस्था;

ङ) राजनीतिक स्थिरता र शान्ति सुरक्षा एवं औद्योगिक सुरक्षाको व्यवस्था;

च) अध्ययन अनुसन्धान र बौद्धिक सम्पत्ति संरक्षणको व्यवस्था;

छ) कर तथा अन्य प्रोत्साहनका प्याकेजहरूको व्यवस्था;

ज) उद्योग मैत्री श्रम कानून र उत्पादन बन्द गरेर बन्द हड्ताल गर्न नपाइने नीतिगत व्यवस्था; र

झ) सरकारी निकायहरूबीच समन्वय र सेवा प्रदान गर्ने एकद्वार नीति।

यी बिषयहरूका सम्बन्धमा नीतिगत हिसाबले नेपालमा धेरै प्रगति भएको छ। औद्योगिक व्यवसाय ऐन, २०७३, कम्पनी (पहिलो संशोधन) ऐन, २०७३, बौद्धिक सम्पत्ति संरक्षण नीति, २०७३ ले धेरै बिषय स्पष्ट पारेका छन्। नयाँ श्रम विद्येयक संसदमा विचाराधिन छ। यद्यपी विभिन्न सरोकारवालाहरूले नीतिगत व्यवस्थाको कार्यान्वयनमा बार्षिक रुपमा आउने आर्थिक ऐन तथा अन्य प्रचलित ऐन तथा नीतिहरूबाट अझै व्यवधान रहेको गुनासो गर्न छोडेका छैनन्।

नेपाल उद्योग वाणिज्य संघ तथा नेपाल उद्योग परिसंघ जस्ता निजीक्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूले आफ्ना मागहरू सरकार समक्ष प्रस्तुत गर्दा उत्पादनमुलक उद्योगमा लगानी बढाउन

सरकारले कच्चा पदार्थ सहज रुपमा सुपथ मूल्यमा उपलब्ध गराउने, कच्चा पदार्थ आयातमा भन्सार घटाउने, रुग्ण तथा प्राथमिकता प्राप्त उद्योगहरूमा अनुदानको व्यवस्था गर्ने कार्य गरेमा यसमा सुधार आउने, ऊर्जाको निरन्तर उपलब्धता, बाटोघाटोको सुविधा, र शान्ति स्थिरता तथा सुरक्षा अनुभूति भएमा लगानीमैत्री वातावरण बन्न सक्ने उल्लेख गरेका छन्। लगानी बिना कुनै पनि मुलुकको अर्थतन्त्र सबल हुन नसक्ने निश्चित छ। सबल अर्थतन्त्र बिना समृद्धि असम्भव छ।

खास गरेर साना तथा मझौला उद्योगको लागि उद्योग शुरु लागत, लगानी बैंकसंग पूंजी लगानी पहुँच, उद्योगसंग सम्बन्धित कार्यविधि र त्यसको पालनामा रहेका जटिलताहरू, सार्वजनिक प्रशासनिक सेवाको सकारात्मक सोच र स्तर आदिले औद्योगिक लगानी र उद्योग सञ्चालनमा प्रत्यक्ष असर पार्ने यसका सरोकारवाला बताउँछन। यसैगरी उद्योगलाई आवश्यक लगानी जुटाउन सुरक्षित, पारदर्शी, भरपर्दो र आवश्यकता पुरागर्ने गरी लगानी गर्ने बैंक तथा वित्तीय संस्थाको उपलब्धता तथा भरपर्दो वित्तीय सूचना प्रणाली पनि रोजगारी र आर्थिक बृद्धिका लागि अति आवश्यक छ। औद्योगिक सहजकारी र नियामक निकायको कार्यप्रकृया र कानूनी प्रावधानले पनि औद्योगिक विकासमा प्रत्यक्ष प्रभाव पार्ने हुन्छन्। औद्योगिक पूर्वाधारमा सार्वजनिक निजी लगानी, भरपर्दो विद्युत आपूर्ति, इन्टरनेट, फोन लगायत सञ्चार सुविधा, सुगम यातायात प्रणाली र बजार सूचना प्रणालीले पनि यसमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। औद्योगिक कच्चापदार्थको स्वदेशमा नै उपलब्धता र विदेशबाट आयात गर्नुपर्ने भएमा सरल र सहयोगी आयात प्रणालीले पनि उद्योग फस्टाउन सहयोग गर्छन्।

डुइङ्ग बिजनेसको अन्तर्राष्ट्रिय प्रतिवदेन एक प्रमुख सूचक हो। सन् २००६ मा उक्त प्रतिवेदनको ५५ औं स्थानमा रहेको नेपाल सन् २०१७ मा विश्वका १९० देशमध्ये १०७ औं स्थानमा आइपुगेको छ। यो प्रतिवेदनले नेपाल व्यवसाय स्थापनामा १०९ औ, निर्माण व्यवसायसंगको कारोबार सहजतामा १२३ औ, विद्युत आपूर्तिमा १३१ औ, सम्पत्ति दर्तामा ७२ औं र लगानीको लागि ऋण सहजतामा १३९ औ स्थानमा रहेको देखाएको छ। दोस्रो चरणको आर्थिक सुधार कार्यक्रम ल्याई नेपालमा व्यवसाय गर्ने वातावरण सहज बनाएर यस्ता प्रतिवदेनमा स्तरोन्नित गर्दै नेपाली तथा विदेशी लगानीकर्ताहरूको नेपाली अर्थतन्त्रमाथि विश्वास अझ दृढ पार्दै लानुपर्ने देखिएको छ।

नेपालको आर्थिक सम्मृद्धिको कुरा गर्दा चीनले हासिल गरेको प्रगतिलाई उदाहरण दिने गरिन्छ। चीनले अन्य पूर्वी एसियाली देशहरूको जस्तै मुलुकलाई औद्योगिकरण गर्ने, अन्तर्राष्ट्रिय व्यापारमा खुलापन ल्याउने, वित्तीय बजारलाई क्रमिक रुपमा उदारीकरण गर्ने मोडेल अपानाएकोले यसको पनि आर्थिक बृद्धिको दर निकै उत्साहजनक हुन पुग्यो। यस अन्तर्गत विभिन्न औद्योगिक प्रविधि पश्चिमा देशबाट आयात गरियो भने कतिपय आफै अध्ययन अनुसन्धानबाट विकास गर्नुका साथै श्रमशक्तिलाई क्षमतावान बनाउने काम समेत गरियो (दत्तः २००५)। श्रम कानूनलाई समेत लगानीकर्ता मैत्री बनाइयो।

यसबाट उत्पादन र उत्पादकत्व बढ्न गई सस्तोमा गुणस्तरीय सामानहरू विदेश निकासी समेत सम्भव भयो। विश्वका ज्यादाजसो देशमा चाइनिज सामान पुग्न थाले र प्रतिस्पर्धामा अब्बल देखिए। यही अवधिमा चीनले देशभरी नै औद्योगिक पूर्वाधारको उल्लेखनीय विकास गर्न सक्यो। लगानीमा भएका वाधा अड्चनहरू हट्न गएपछि र लाभ देखिएकोले चीनमा लगानीकर्ताको ओइरो लाग्न थाल्यो। अर्थशास्त्री अरबिन्द सुब्रमण्यमले सन् २०३० भित्र चीन विश्वव्यापी जीडीपीको १८ प्रतिशत हिस्सासहित विश्वकै पहिलो अर्थतन्त्र बन्ने र भारत ६.३ प्रतिशतको हिस्सासहित तेस्रो ठूलो अर्थतन्त्र बन्ने प्रक्षेपण गरेका छन्। यस समयमा १०.१ प्रतिशतको हिस्सासहित अमेरिका दोस्रो अर्थतन्त्र हुनेछ। दुईवटा तातो भाँडाका बीचमा एउटा चिसो भाँडो राख्यो भन्यो त्यो पनि तात्छ भन्ने मान्यता छ। नेपालका उत्तरी र दक्षिणी छिमेकी देशको अर्थतन्त्र विश्वकै पहिलो र तेस्रो अर्थतन्त्र भए भने त्यसको पोखिएको प्रभाव (स्पिल ओभर इफेक्ट) ले हाम्रो अर्थतन्त्र पनि पक्कै उचाल्ने अपेक्षा गर्न सकिन्छ। तर के हामी यसको लागि तयारी हालतमा छौं त ? भन्ने प्रश्नको उत्तर खोज्ने जमर्कोमा सबैले लाग्नुपर्ने देखिएको छ।

एनआरएनका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोका अनुसार नेपालको सबै क्षेत्र भर्जिन अवस्थामा छ। यहाँ जस्तोसुकै परियोजना वा व्यवसायमा पनि लगानी गऱ्यो भने पनि लाभदायक हुने देखिन्छ। ठूला लगानीकर्तादेखि लिएर साना र थोरै लगानी गर्नेका लागि पनि यहाँ अवसर देखिन्छन्। उदाहरणका लागि ठूला लगानीकर्ताका लागि जलविद्युत उत्पादनमा लगानीका अवसर छन्, मध्यम खालको लगानीकर्ताका लागि पर्यटन वा कृषि उद्योगमा लगानीका अवसर छन्। साना लगानीकर्ताका लागि सेवाक्षेत्रमा लगानीका अवसर छन् र निकै कम लगानीबाट अगाडि बढ्न चाहानेका लागि भने पशु र कृषि उत्पादनको क्षेत्रमा गुणस्तर बृद्धि र प्रोसेसिङ गर्ने बिषयमा लगानीका अवसर छन्। त्यसकारण नेपालमा सबै खालको लगानीको क्षेत्र खुला छ। वास्तवमा देशमा सामाजिक स्थिरताका लागि र सबैको बीचमा राम्रो सम्बन्ध होस् भन्नका लागि साना र मझौलामा बढी जोड दिनुपर्छ। यसले गर्दा समाजमा स्थायित्व ल्याउँछ, समाजमा राम्रो वातावरण बन्छ। ठूला लगानीलाई पनि जोड दिनुपर्छ, तर ठूला लगानीलाई मात्र हेर्दा साना लगानीलाई ओझेलमा पर्ने अवस्था सिर्जना हुनु हुँदैन।

बाटोको भरपर्दो पहुँच नभएकै कारण पर्यटनका अथाह सम्भावना बोकेका नेपालका दुर्गम क्षेत्रहरू जहाँ जलविद्युत उत्पादन, फलफुल, पशुपालन, वेमौसमी खेती, हिमाली जडिबुटी प्रशोधन आदिको अपार सम्भावना रहेका छन् पूर्वाधारमा लगानी नभएर गरिवीमा बाँच्नु परेको छ। उदाहरणको लागि हाल वीपी–मार्गको आसपासका क्षेत्रहरू बिशेष गरेर सिन्धुली क्षेत्रका जनताको जीवनमा परिवर्तनका संकेतहरू देखिइसकेका छन्। पोखरा, धनकुटा, जुम्ला, दोलखा, सिन्धुपाल्चोक, डडेलधुरा आदिमा बाटोले स्थानीय अर्थतन्त्रमा पारेका सकारात्मक प्रभाव हेर्दा ठिक ढंगका बाटोहरूले समृद्धिको अभियान शुरु गराउने चिनियाँ भनाई नेपालको सन्दर्भमा पनि लागु हुन्छ।

## मुलुकको औद्योगिकरणमा पहिचान गरिएका चुनौतिहरू

(१) **लगानीमैत्री वातावरण निर्माण :** सरकारले उद्योग सञ्चालनको लागि आवश्यक पूर्वाधारको निर्माण, स्तरीकरण र विकास गर्नुपर्छ। उद्योग क्षेत्रमा आवश्यक पूर्वाधारहरूमा सडक, भवन, स्तरीय र निरन्तर विद्युत आपूर्ति, औद्योगिक तथा पिउने पानी, औद्योगिक सुरक्षा र उद्योग मैत्री श्रम कानून र सोको प्रशासन नै हो। सरकारले औद्योगिक वातावरण तयार गर्दा लगानीलाई आकर्षण गर्नुको अलावा बजार प्रतिस्पर्धालाई प्रोत्साहन गर्नु पर्छ भने उद्योगीले पनि बजारको माग अनुसार आफ्ना उत्पादनको विविधिकरण तथा स्तरीकरण र राष्ट्रिय तथा क्षेत्रीयस्तरमा एकिकरण तथा समायोजन गर्न तत्पर हुनु अत्यावश्यक हुन्छ।

(२) **आन्तरिक तथा बाह्य लगानी बृद्धि :** आर्थिक समृद्धिका लागि सरकारले लगानीको वातावरण तयार पारे विदेशीकै हात पर्खिरहनु पर्दैन। कुनै कम्पनी वा संस्थाले सेयर निष्कासन गर्दा अर्बौं पैसा जुटाउन सक्ने नेपालीहरू सुरक्षित लगानीको पर्खाइमा देखिन्छन्। यसले के देखाउँछ भने साना तथा मझौला स्तरका लगानीका लागि पैसाको अभाव छैन। हाम्रो आँट र हिम्मत भए पुग्छ। हामीले देशभित्रै भएका सम्भावनाहरू पर्गेल्न सक्नुपर्छ। आफूसँग भएका स्रोतसाधनहरूलाई अधिकतम उपयोग गर्न सके त्यसले रोजगारी सिर्जना गर्छ। यसले अर्थतन्त्रलाई दिगो र मजबुत बनाउँछ। अन्ततः यसले छोटो समयमा ठूलो आर्थिक फड्को मार्न सक्ने वातावरण निर्माण गर्छ।

(३) **उद्योगको स्थापना :** अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने हो भने ठूल्ठूला उद्योगधन्दा तथा कलकारखानाहरू खोल्नुपर्छ। रोजगारीको सिर्जना हुनुपर्छ। ठीक उल्टो देशमा भएका तथा सञ्चालन हुँदै आएका उद्योगहरू धेरै बन्द भइसके र केही बन्द हुने क्रममा छन्। यसरी नयाँ उद्योगहरू खोल्न सकिने वातावरण पनि नहुने र भइरहेका उद्योगहरू पनि बन्द हुँदै गएपछि अर्थतन्त्र धराशायी हुन्छ।

(४) **राजनैतिक स्थिरता तथा विकास :** राजनीतिक स्थिरता लामो अन्तरालमा क्रमशः हुदै आएको र सबै राजनीतिक दल बीच विकास र सम्मृद्धिमा आम सहमति देखिएको छ तर यसलाई कसरी व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउने सम्बन्धित निकायहरूको पूर्व तयारी कम छ र स्पष्ट रणनीति बन्न सकेको छैन। देशको विकास प्रक्रियामा जनता नै विकासको केन्द्रबिन्दु हुनुपर्छ। त्यसैले मुलुकको आर्थिक क्षमता विकास गर्ने कार्यमा जनताले अपनत्व र स्वामित्व लिने अवस्था हुनु पर्छ। यसो भएमा मात्र विकास कार्यको अनुगमन, निगरानीमा सम्बन्धित क्षेत्रका जनता सक्रिय हुनेहुन्छन्।

(५) **औद्योगिक पर्यावरण :** उत्पादकत्व बृद्धि नै प्रतिस्पर्धामा खरो उत्रने एक अति महत्वपूर्ण तत्व हो। यसको अलावा व्यवसायिक वातावरणका चुनौति सामाना गर्न सक्ने क्षमता

सफलताको लागि अत्यावश्यक छ। औद्योगिक विकासलाई आर्थिक, सामाजिक, वातावरणीय र संस्थागत आयामहरूको समग्रतामा निरन्तर विश्लेषण र नीतिगत सुधार गर्ने रणनीति अख्तियार गर्न सकिएको छैन। आन्तरिक तथा बाह्य बजारको विश्लेषण, प्रतिस्पर्धा र गुणस्तर प्रतिको सजगतामा ध्यान दिन सकिएको छैन। उद्योग मन्त्रालयले विकास गरेको नीति, कार्यनीति र रणनीतिमा औद्योगिक वातावरण तयार गर्ने कुरालाई विस्तृत रुपमा उल्लेख गरिएको भएतापनि औद्योगिक पर्यावरणलाई कसरी सकारात्मक बनाउने भन्ने बिषयमा निकै काम गर्न बाँकी छ।

(६) **सृजनशीलता र नवप्रवर्तन** : औद्योगिक सफलताको लागि सृजनशीलता, कार्यदक्षता, नवीनता र नवप्रवर्तन जस्ता बिषयहरूको खोजी अनुसन्धान र विकास मार्फत गरी सञ्चालन सफलता हासिल गर्नुपर्ने हुन्छ। यसको लागि व्यवस्थापकीय कार्यकुशलता, उपयुक्त व्यवस्थापकीय शैली, लागत कूशल उत्पादन परिमाण, उपयुक्त र आधुनिक प्रविधिको प्रयोग, जनशक्ति व्यवस्थापन र निरन्तर क्षमता विकास जस्ता कुराहरू अत्यन्त महत्वपूर्ण हुन्छन्। उद्योग क्षेत्रबाट प्राप्त भएको साधनबाट उद्योगमा नै पूनर्लगानी गर्ने र सर्वसाधारणको लागि विकासका कुराहरू जस्तै स्तरीय स्वास्थोपचार, राम्रो र निशुल्क शिक्षा, सडक, ढल निकास, बिजुली, आवास भवन तथा अन्य सार्वजनिक सरोकारका बिषयमा सामाजिक उत्तरदायित्व अन्तर्गत उद्योग आफैले वा सरकारमार्फत थप लगानी गर्न सम्भव हुन्छ। यसको व्यवस्थापन नेपालको सन्दर्भमा उपयुक्त ढंगले हुन नसकेको गुनासो सर्वसाधारणको रहने गरेको छ।

(७) **उत्पादन विविधिकरण र उत्पादकत्व बृद्धि** : नेपाल जस्तो जनजीविकाका अत्यावश्यक कुराहरू विदेशबाट आयात गरेर पुरा गर्नुपर्ने अवस्था भएको र व्यवसाय स्थापना भएको बर्षौसम्म पनि यसको बृद्धि अति सामान्यस्तरमा मात्र भएको स्थानमा सफलतम उद्योगीले आर्जन गर्नसक्ने लाभहरू प्रशस्त छन्। उत्पादन क्षेत्रमा गुणस्तर र उत्पादकत्व बृद्धि गर्ने प्रशस्त गुन्जायसहरू देखिएका छन्। केही उद्योगपतिहरू परंपरागत प्रविधि र हालको उत्पादनलाई नै बर्षौं देखि निरन्तरता दिई उत्पादन विविधिकरण र उत्पादकत्व बृद्धिमा कम ध्यान दिएको देखिन्छ। यसले बजारमा सामानको मागलाई साविकको स्तरमा कायम राख्न नसकी व्यवसाय ओरालो लाग्दै गएको पाइन्छ। यसैले उत्पादन विविधिकरण, उत्पादकत्व सुधार र तुलनात्मक रुपमा बढी सफल देखिएका व्यवसायिक क्षेत्रमा कम उत्पादकत्व देखिएका क्षेत्रबाट लगानी स्थानान्तरण गर्न सकिएमा सफलताको अनुपात बढ्न सक्ने देखिन्छ।

(८) **श्रमिक मैत्री श्रम कानून** : हाम्रो देशमा उद्योगी श्रम सम्बन्धमा भएका कानूनहरू उद्योगको सफलता भन्दा श्रमिकले काम गरेपनि नगरेपनि बढी लाभ पाउने किशिमको छ। उद्योगको

गुणात्मक विकासको लागि यस्तो श्रम कानूनलाई सकारात्मक मानिदैन। उद्योगपतिहरूका अनुसार यस्तो कानूनको कारणबाट उद्योगमा श्रमिक आपूर्ति र अवकासमा लागत बढ्न जाने, नेपाली श्रमिक भर्ना गरेपछि उद्योगको स्थिति जे जस्तो भएपनि श्रमिक व्यवस्थापनमा समस्या हुने, उद्योगको लागि आवश्यक सीप र दक्षता भएका श्रमिक बजारमा नपाइने जस्ता समस्याहरूले उद्योगीहरू पिडित भएका छन्। अर्कोतर्फ श्रमिकहरूको आवाज अर्कै छ जसअनुसार उद्योगीहरूले नाफामा मात्र ध्यान दिने र उपभोक्ता तथा श्रमिकलाई ठगी चाँडै धनीहुन खोज्ने प्रवृति पनि बृद्धि हुँदै गएको छ। यसले गर्दा उपभोक्ता हित, श्रमिक हित, उद्योगको सामाजिक उत्तरदायित्व जस्ता कुराहरूमा दवावको सिर्जना वा नकारात्मक असर पार्नसकेमा मात्र सम्बोधन गर्ने परिपाटी बढ्दै गएकोले श्रमिकहरू उद्योगपतिलाई दवाव दिन बाध्य छन्। यी दुबै तर्कहरू आ–आफ्नै ठाउँमा ठिक भएपनि उद्योग फस्टाउन उद्योगपति श्रमिक सम्बन्ध सकारात्मक हुनै पर्छ। सामुहिक सौदाबाजीमा सिमित हुनुपर्ने श्रम सम्बन्धमा मुलुकको राजनीतिक माहोलले प्रत्यक्ष प्रभाव पारेको र यसले उद्योगको स्वस्थ्य विकासमा नकारात्मक असर पारेकोमा सबैले स्वीकार गरेका छन्।

(९) **सदाचारिता** : उद्योगी र उद्योग प्रशासनको सदाचारितामा आएको स्खलनले पनि नेपालमा उद्योग फस्टाउन सकेका छैनन्। अझ निर्वाचन महंगो हुदै जानु र राजनीतिक दल तथा कार्यकर्ता र स्थानीय मसल शक्तिको प्रभाव र यसले उद्योग क्षेत्रमा पार्ने दवाव र चापलाई कम गर्न नसकेसम्म यो बिषय जहिले पनि चर्चाको शिखरमा रहने देखिन्छ। यस्ता कुराले केही सिमित व्यक्तिलाई अल्प समयको लागि सकारात्मक योगदान गरेतापनि उद्योगक्षेत्रको समग्र उन्नति र स्वस्थ्य विकासमा नकारात्मक असर नै पारेको देखिन्छ।

(१०) **विविध** : अन्तर्राष्ट्रिय व्यापारमा रहेका व्यापारिक अवरोधहरू, कृषि उत्पादनको निकासीमा रहेका व्यवधानहरू र कोटा प्रणाली, दीर्घकालिन योजना र स्पष्ट कार्यदिशा तथा प्राथमिकता विना कृषिमा जथाभावी दिइने अनुदान र उदार आयात नीतिले कृषिमा आधारित उद्योगहरू मुलुकमा फस्टाउन नसकेको व्यवसायीहरू बताउँछन्।

## उद्योग क्षेत्रको विकासका सम्भावनाहरू

नेपालको औद्योगिक विकास गर्न विभिन्न रणनैतिक सम्भावनाहरू देखिएका छन्।

### (क) जलविद्युत उत्पादन

**जलविद्युतमा लगानी** :

- नेपालमा जलविद्युत विकासलाई औद्योगिक पूर्वाधारको रुपमा र नेपालबाट निकासी गरिने उत्पादनका रुपमा गरी दुइवटा आयामबाट हेरिनु पर्छ (NPC: 2016)। यसरी हेर्दा आगामी एक दशक भित्र नेपालमा औद्योगिक विकासलाई तीव्र पार्न सकिएमा

आन्तरिक खपत नै करिब १० हजार मेगावाट पुग्न सक्ने देखिन्छ भने निकासीको कुरा गर्दा सस्तो उत्पादन र प्रशारण लाइन विस्तार गर्न सकिएमा दक्षिण एसियाका भुटान बाहेक प्रायः सबै मुलुकमा बढ्दो विद्युत मागलाई हाम्रो उत्पादनले सम्बोधन गर्न सक्छ।

- मुलुकमा उपलब्ध हिमालय तथा महाभारत पहाडमा मुहान भई तीव्र बहाव भएका नदीबाट बहने जलश्रोतबाट विद्युत उत्पादनमा लगानी बढाई विद्युत आपूर्ति बढाउने प्रशस्त सम्भावना रहेको छ। मझ्यौला र केही ठूला जलविद्युत आयोजनामा स्वदेशी तथा वैदेशिक लगानीका लागि विद्युत विकास विभागबाट प्रसस्त अनुमतिहरू दिइएका छन्। यस्ता आयोजनाहरूमा कतिपय आयोजनाहरू रन अफ दि रिभर प्रकृतिका छन् भने केही आयोजना ठूलो बाँध बनाई रिजर्भ्वायरमा नदिको पानी सञ्चय गरी विद्युत उत्पादन गर्ने प्रकृतिका छन्। यसरी लाइसेन्स लिएका लगानीकर्ता मध्ये कतिपय लगानीकर्ताले विस्तृत परियोजना प्रस्ताव तयार गरी ड्याम र विद्युत गृह निर्माण गर्ने चरणमा कतिपय उत्पादन प्रकृया थालनी गर्नेस्तरमा समेत पुगीसकेका छन् भने कतिपयको पिपिए, डिपिआर समेत हुन बाँकी रहेको छ। विद्युत उत्पादन र विद्युत प्रशारण लाइन विस्तार दुबैमा प्रसस्त लगानी आवश्यकता पर्छ। त्यसैले सरकारले लगानीको वातावरण बनाईदिने, बैंक फाइनान्सिङको वातावरण मिलाई दिने, निर्यातको लागी छिमेकी देशहरूसंग आर्थिक कुटनीति परिचालन गर्ने जस्ता काम गर्न ढिलो भइसकेको उद्योगपतिहरू बताउँछन्।

जलविद्युतको आन्तरिक खपत : यसरी उत्पादित विद्युत स्वदेशमा नै खपत बढाउन औद्योगिक कल कारखाना, खानी, विभिन्न प्रशोधन उद्योगहरू, सार्वजनिक यातायात प्रणाली विशेष गरेर विद्युतीय रेल, बस जस्ता ठूला यातायातका साधनमा, सामाजिक क्षेत्र जस्तै शिक्षा र स्वास्थ्य उपकरणहरू तथा टेली मेडिसीन, विद्युतीय सञ्चार र घरायसी क्षेत्रको सम्पूर्ण इन्धन उपभोगमा विद्युत प्रयोग गर्न जोड गर्दा हालकै माग प्रक्षेपण अनुसार पनि बार्षिक करिब ४ हजार देखि ५ हजार मेगाबाट स्वदेशभित्रै उपभोग बढ्न सक्ने विज्ञहरू बताउँछन्।

- **जलविद्युतको निर्यात** : उत्पादित विद्युत विदेश निकासी गर्न भारत, वंगलादेश लगायत दक्षिण एसियाका अन्य देशमा नेपाली विद्युत प्रवाह हुनेगरी प्रशारण लाइन विकास गरी निर्यात गर्ने सम्भावना देखिन्छ। यसको लागि नेपालको विद्युत उत्पादन तुलनात्मक रुपमा सस्तो र आर्थिक कुटनीतिको सफल कार्यान्वियन आवश्यक देखिन्छ।

### (ख) पूर्वाधारको विकास

- नेपालमा विकास प्रयास थालनी गरिएको करिब ६ दशक भइसकेतापनि मुलुकभरी अत्यावस्यक पूर्वाधारहरू जस्तो सडक, सिंचाई, विजुली, सञ्चार आदिको पर्याप्त विकास गर्न सकेको छैन। सबै जिल्ला सदरमुकामहरूमा स्थल यातायातको पहुँच पुग्न सकेको छैन। भएका पूर्वाधार पनि सबै याममा चल्नसक्ने अवस्थाका छैनन्। नेपालमा हालसम्ममा करिब २९ हजार किलोमिटर रणनैतिक सडक छ भने करिब ५८ हजार किलोमिटर ग्रामीण सडक बनेको छ। तर धेरै स्थानका सडकको अवस्था दयनीय रहेको छ। यसैको कारण दैनिक जसो सडक दुर्घटना हुने र समस्या पर्ने गरेको छ। औद्योगिक करिडोरहरूमा राम्रो सडक पूर्वाधार बन्न सकेको छैन भने यातायातमा छिटोपना ल्याउन प्रशस्त पूर्वाधार विकास गर्नुपर्ने देखिएको छ।
- ठूला पूर्वाधारमा लगानी (पूर्व पश्चिम तथा उत्तर दक्षीण पक्की र भरपर्दो सडक यातायात र रेल मार्ग विकास भएमा यसबाट कृषि, उद्योग, पर्यटनमा पर्ने सकारात्मक प्रभाव पर्ने निश्चित छ। बाटोको विकास भएपछि उद्योग तथा व्यापार व्यवसायहरू बढ्दै जाने सम्भावना भएतापनि यस्ता बिषयमा योजनाबद्ध ढंगले जान सकिएमा अर्थतन्त्रमा चाँडै नै सकारात्मक प्रभाव पर्नजान्छ। यसैगरी विद्युत प्रशारण लाइन, शहरी पूर्वाधारहरू, कृषि पूर्वाधारहरूमा समेत सरकारी लगानी बढाउँदै जानु अनिवार्य छ।
- **चीनको नीति र यसले नेपालको पूर्वाधार विकास तथा औद्योगिकरणमा पर्ने सम्भाव्य असर** : चीनका राष्ट्रपति सि जिन पिङले सन् २०१३ मा घोषणा गरेको One Belt One Road Initiatives मा नेपालले हालै मात्र पक्षरराष्ट्रको रुपमा समझदारी गरेको छ। यसमा चीन र मध्य, पूर्वी तथा दक्षिण एसियालाई आधुनिक सडक, रेल, पाइपलाइन, ट्रान्समीसन लाईन तथा सूचना मार्गको सञ्जालले जोडि यसक्षेत्रका देशहरू बीच भौतिक, व्यापारिक एवं कुटनीतिक, साँस्कृतिक तथा सामाजिक रुपमा समेत जोड्न जमर्को गरिएको छ। यो परियोजना अन्तर्गत छ वटा मुख्य आर्थिक करिडोरहरू खासगरी नयाँ युरासियन ल्याण्ड ब्रिज, चीन–मंगोलिया–रुस, चीन–मध्यएसिया–पश्चिम एसिया, इण्डो–चीन प्रायदिप, चीन–पाकिस्तान, चीन–बंगलादेश–भारत–म्यानमार करिडोरलाई विकास गरी यी करिगोरमा उर्जा, औद्योगिक ग्राम लगायतका संरचना निर्माण गरी आर्थिक सामाजिक विकासमा सहकार्य गर्ने उद्धेश्य राखिएको छ। चीन सरकारको आधुनिक सिल्करोड योजनाको थालनीबाट सेन्ट्रल एसिया, युरोप, अफ्रिका,

दक्षिण एसियालाई एउटै सञ्जालमा जोड्ने जमर्को गरिएको छ। यस योजनाका विभिन्न कार्यहरूको निर्माण प्रारम्भ भइसकेको र यसबाट लाभ पाउने प्रायः सबै देश, अमेरिका, एसियाली विकास बैंकले समेत लगानी गरी हाइस्पिड रेल, स्तरीय सडक निर्माण कार्य शुरु गरिसकेका छन्।

ओबिओआर मार्फत चीनले आफ्ना छिमेकी देशहरूमा पनि आर्थिक विकास, उत्पादन र व्यापारमा सहकार्य गर्न आर्थिक सहायता, पूर्वाधारमा लगानी तथा जनस्तरमा सम्बन्ध सुधार लगायतका कार्य गर्न चाहेको विभिन्न सञ्चार माध्यमबाट स्पष्ट भएको छ। चीनले नेपालमा सरकारी सहयोगको अलाबा निजी लगानी मार्फत पनि नेपालको पूर्वाधार विकास र औद्योगिक लगानीमा संलग्न हुन चाहेको देखिन्छ। गत फाल्गुण महिनामा नेपालमा भएको लगानी सम्मेलनमा चीनीयाँ लगानीकर्ताहरूले ८ खर्ब ८० अर्बको लगानी आकाँक्षा व्यक्त गर्नुले पनि यो कुरालाई पुष्टि गर्छ।

संसारको औद्योगिक उत्पादन कोरिडोरको रुपमा विकास भएको चीनको पूर्वी क्षेत्रको तुलनामा चीनको पश्चिमी भागमा पर्याप्त औद्योगिक विकास भइसकेको छैन। सिल्करोड विकाससंगै चीन आफ्ना औद्योगिक केन्द्रहरू पश्चिम चीनतर्फ स्थानान्तरण गरिरहेको छ। यसो गर्दा चीनको सिन्ज्याङ र तिब्बत जस्ता क्षेत्रमा पनि विकास र आर्थिक स्थायित्व बढ्दै गएको र नेपालको उत्तरी सीमासम्म कनेक्टीभिटी बढ्दै आएको छ। यसैगरी चीनले छिमेकी देशहरूमा समेत आफ्ना औद्योगिक केन्द्रहरू स्थानान्तरण भएको हेर्न चाहेको र विशेष आर्थिक क्षेत्र, क्रसबोर्डर विशेष आर्थिक क्षेत्र जस्ता औद्योगिक ग्रामहरू स्थापना गरेर छिमेकी देशहरूसंग उत्पादनमा हातोमालो गर्दै क्रमशः प्रविधि र क्षमता हस्तान्तरण गर्न चाहेको देखिन्छ। नेपालले पनि चीनसंग सन् २०१७ मा गरेका तीनवटा समझदारीहरू ओविओआर, क्रसबोर्डर सेज र इण्डस्ट्रियल इन्टिटी रजिष्ट्रेशनको कार्यान्वियन गर्दा दुबै देशले संयुक्त परियोजनाहरू विकास गरी यस मार्फत उत्तर दक्षिण र पूर्व पश्चिमका विभिन्न भागमा स्तरीय सडक पूर्वाधार, विद्युतीय रेल, जलविद्युत आयोजनाहरू र यीनै पूर्वाधारहरूको आधारमा खानीजन्य, उत्पादनमूलक र सेवा क्षेत्रमा पर्यटन र सूचना प्रविधिमा आधारित विभिन्न उद्योगहरूको स्थापना, विकास र उत्पादन गर्न पर्याप्त आधारहरू तयार भएको छ।

नेपाल चीन सीमाक्षेत्र १४३९.१८ (श्रेष्ठः२०१३) किलोमीटर लामो रहेको र नेपाल र चीनबीच मानिस आवतजावत गर्नसक्ने ३७ वटा नाकाहरू रहेको (श्रेष्ठः२०११) सन्दर्भमा क्रसबोर्डर सेजको स्थापना र सुरक्षित औद्योगिक लगानी गर्ने स्थानको विकास गर्न चीनले देखाएको चासोलाई हामीले कार्यरुप दिन नेपाल पक्षबाट तयारी अगाडि बढाउन शीघ्रता दिनु परेको छ। नेपाल चीन सीमाक्षेत्रमा कुन कुन स्थान सेज स्थापना गर्न उपयुक्त

छन् र हामीले एकल तथा संयुक्त लगानीका के कस्ता उद्योगहरू त्यस्ता सेजमा स्थापना र विकास गर्नसक्छौ भन्ने बिषयमा अध्ययन अनुसन्धान गरी तत्काल कार्यान्वियन गर्न अति आवश्यक छ। चीनले नेपाललाई करिब ८ हजार उत्पादनलाई भन्सार छुट दिएको भएतापनि निर्यात योग्य परिमाणमा उत्पादन गर्न नसकिएकोले हालसम्म यसबाट नेपालले पर्याप्त फाइदा लिन नसकिरहेको परिप्रेक्षमा नेपालले व्यापार घाटा कम गर्नपनि यसलाई कार्यान्वियन गर्न शीघ्रता दिनुपर्ने देखिन्छ।

ओबिओआर मार्फत हामी **ल्याण्ड लक कन्ट्रिबाट ल्याण्ड लिंक कन्ट्रिको** रुपमा विकास गर्न सक्छौं। सन् २०१९ सम्ममा केरुङ्गमा आइपुग्ने हाइस्पिड रेल सेवा आइपुग्ने संभावना छ र हामीले पनि नेपालका सम्पूर्ण आर्थिक, सामाजिक र राजनीतिक शक्तिहरूले राष्ट्रिय स्वार्थलाई आत्मसात गरी परियोजनाहरू विकास गर्दै विभिन्न लगानीकर्ता अन्तर्राष्ट्रिय बैंक तथा वित्तीय संस्थाहरू समक्ष वार्ता गरी लगानी जुटाउन सकेमा उक्त रेल सेवालाई काठमाण्डौं, पोखरा, लुम्बिनीसम्म जोड्न सक्छौ। यस बाहेक पूर्व पश्चिम हुलाकीमार्ग, मध्यपहाडि राजमार्ग र सबै उत्तरी नाका जोड्ने हिमाली मार्ग, विभिन्न उत्तर दक्षिण करिडोरहरू जस्तै कोशी मार्ग, सगरमाथा मार्ग, काठमाण्डौ कोदारी राजमार्ग, काठमाण्डौ रसुवा केरुङ मार्ग, गण्डकी करिडोर, कर्णाली करिडोर जस्ता मार्गहरूलाई निर्माण सम्पन्न गरी स्तरीय बनाउन सकेमा यस क्षेत्रमा नेपालका खानी, वन, कृषि र जलश्रोत जस्ता सम्पदामा आधारित उद्योगहरू र पर्यटन तथा सूचना प्रविधिजस्ता सेवा उद्योगहरूको विकास गरी सम्पन्नता हासिल गर्न सक्ने देखिन्छ।

अबको नेपालको एजेण्डा भनेको नेपाल र चीनबीच भएका समभ्रदारीहरूलाई कसरी प्रभावकारी रूपमा कार्यान्वियन गर्ने भन्ने गृहकार्यलाई तिब्र गतिमा अगाडि बढाउने हुनुपर्छ। उद्योग, व्यापार-पारवहनका बिषयमा हामीले दीर्घकालीन रणनीति बनाई यसलाई कार्यान्वियन गर्न सकेमा मात्र हामीले विगत देखि नेपालको भौगोलिक बाध्यता र कमजोर अर्थतन्त्रलाई सुदृढ र सक्षममा परिवर्तन गर्न सक्छौं। त्यसैले अब नेपालले आफु पक्ष भएर गरिएका समभ्रदारीका बुँदाहरूमा बहस प्रारम्भ गरिहाल्नु पर्छ। रेल मार्ग बनाउनको लागि यसको स्टाण्डर्ड र कति क्षमताको बनाउने, सडकको स्तरोन्नति कसरी गर्ने भन्ने बिषयलाई प्राथमिकता र तदारुखता राखेर काम गर्नुपर्ने देखिन्छ। कनेक्टिीभिटिसँगै हाम्रो प्रमुख प्राथपमकता उत्पादन बढाउनु नै हुनुपर्छ। कृषिलाई आधुनिकीकरण गर्ने, उर्जालाई विकास गर्ने र छिमेकी मुलुकसँग उर्जा सञ्जालमा कसरी जोडिने लगायतका कुरामा राष्ट्रिय सहमति जुटाई छिमेकीसंग कुटनीतिक पहल समेत शुरु गरिहाल्नु पर्छ। त्यस्तै, निर्यातमा आधारित उद्योग सञ्चालन गरेर भारत, चीन (तिब्बत) तीर नेपाली सामान निर्यात गर्नेगरी तयारी गर्नुपर्छ। अब चीनले नेपाललाई ओविओआरमा प्राविधिक

सहयोग गर्ने, कमभन्दा कम ब्याजदरमा ऋण दिने, टेक्नोलोजिको विषयमा पनि सहयोग दिने कुरालाई द्विपक्षीय वार्तामा विषय बनाउनु पर्छ।

कुटनीतिज्ञ हिरण्यलाल श्रेष्ठका अनुसार अहिले काभ्रेको पाँचखालमा भारत र चीन दुवैको ज्वाइन्ट भेन्चर (इकोनोमिक्स प्रोसेसिङ ज्वाइन्ट) चीनसँगको सहयोगमा बनाउन लागिएको छ। पाँचखाल क्षेत्रलाई नेपालपट्टिको सुक्खा बन्दगाहसहितको विशेष आर्थिक क्षेत्र विस्तारको सम्भावना भनेर तातोपानीसँगै जोडेर भनिएको हो। त्यस्तै, केरुङमा पनि बनाउने भनिएको छ। यसमा नेपालको कच्चापदार्थ र नेपाली जनशक्तिको प्रयोगबाट स्वदेशी उत्पादन गरेर ती सामानलाई चीन र भारतमा निर्यात गर्न सकिन्छ। यसका लागि हामीले अहिलेदेखि नै गृहकार्य शुरु गर्नु पर्छ।

पूर्व सांसद तथा चीन विज्ञ सुरेश कार्कीका अनुसार चिनियाँहरू नेपाललाई 'स्लिपिङ ओभर अ गोल्ड माइन' भन्छन्। अर्थात् सुन खानीमाथि सुतिरहेको देश। ठीक ढंगले नेपालको स्रोत-साधन, सम्पदा उपयोग भयो भने नेपालले अभूतपूर्व विकास गर्नेछ भन्नेमा उनीरू विश्वस्त छन्। त्यो विकासले चीनलाई पनि फाइदा छ भन्ने उनीहरूले बुझेका छन्। उनीहरू नेपालमा दह्रिलो (स्थायित्व भएको) सरकार र आफ्नो नीति-निर्णयलाई कार्यान्वयन तहमा लैजान सक्ने अवस्थाको पर्खाइमा छन्। यसो भएमा वैदेशिक लगानी (एफडीआई) को प्रत्याभूति सहज हुनेछ भन्ने उनीहरूको बुझाइ छ। नेपालको त्यो सम्भावना देखेरै चीन सबैभन्दा ठूलो लगानीकर्ता भएको हो। उत्पादन क्षेत्रमा विश्वलाई नै उछिन्न सफल चीन र पूर्वी एसियाका देशहरूमा जनसंख्या नियन्त्रणको कार्यक्रमको सफल कार्यान्वयनले हालको श्रम कार्य समूह (Workforce) उमेर हदका कारण क्रमशः बुढो समूहमा जाँदै गरेकोले नेपालले ती देशमा सञ्चालित केही उद्योगहरूलाई मात्र नेपालमा ल्याउन सकेमा यसले मूलुकको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नेमा सबैको एकमत रहेको छ।

**(ग) क्षेत्रीय विकास र व्यावसायिक एकिकरण**

- नेपाल र दक्षिण एसियाका अन्य देशहरू बीच विद्युत प्रशारण लाईन विस्तार गर्ने
- नेपाल लगायत दक्षिण एसियाका देशहरू बीच सहकार्य गरी औद्योगिक उत्पादन बृद्धि गर्ने
- भारत–नेपाल–चीन र चीन–नेपाल–भारत पर्यटन विस्तार गर्न दोहोरो यातायात, निशुल्क भिसा तथा अन्य सुविधाको व्यवस्था गर्ने

## (घ) नेपालमा तिव्र औद्योगिकरण

- औद्योगिकरणको लागि लगानीयोग्य परियोजनाहरू विकास गरी परियोजना बैंक तयार गरी राख्नु पर्छ। केहीबर्ष देखि नेपालमा लगानी बोर्डले केही परियोजनाहरू विकास गरी लगानीको लागि आह्वान गर्ने अवस्थामा पुऱ्याएको भएतापनि लगानीकर्ताले खोजेका सम्भाव्य परियोजनाहरूको नेपालमा यसको सर्वथा अभाब रहेको देखिन्छ।
- उत्पादनमूलक (कृषि तथा खाद्य प्रविधि विकास र यसमा आधारित) उद्योग, वन पैदावारको व्यवस्थित उपयोग, निर्माण सामाग्री उद्योग, जडिबुटी प्रशोधन, औषधी उद्योग, सेवा (सूचना प्रविधि, निर्माण तथा पर्यटन) उद्योगहरूको विकास तथा विस्तार, उच्च मूल्य र कम तौल भएका वस्तुहरूको पहिचान र विकास, नयाँ प्रविधिको विकास तथा पहिचान, पुरानो रैथाने प्रविधिको आधुनिकीकरण गर्ने तथा यसता वस्तुको मूल्य सृंखला विकासका लागि अनुसन्धान र विकासमा जोड दिई कार्य प्रारम्भ गरिहाल्नु पर्छ।
- कृषि र वन पैदावारमा आधारित श्रममूलक साना, मझौला तथा ठूला उद्योगहरूको व्यापकता
- नेपालका खानी तथा खनिज पदार्थमा आधारित उद्योगहरूको स्थापना र विकास
- लघु उद्यमशीलताको विकास मार्फत रोजगारी सिर्जना तथा गरिबी निवारण

(ङ) सूचना तथा सञ्चार प्रविधिको विकास तथा घरायसी, औद्योगिक र प्रशासनिक उपयोगलाई व्यापक बनाउने

(च) शिक्षा, स्वास्थ्य, सरसफाई र सुशासन जस्ता सामाजिक सेवामा व्यापक लगानी तथा नागरिकको क्षमता विकास र शासकीय सुधार

(छ) व्यवस्थित र योजनाबद्ध शहरी पूर्वाधारको विकास

- हाल स्थापना भएका सबै नगरपालिकाहरू तथा केही ग्रामीण क्षेत्रमा हुने तीव्र सहरीकरण र यसमा हुने लगानीले सिर्जना गर्ने रोजगारी र विकास
- मुलुकले गर्ने संरचनागत सुधारसँगै आर्थिक नीतिहरूको कार्यान्वियन गराउने बलिया संस्था (इन्स्टिच्युसन) को सिर्जना, विश्व अर्थतन्त्रसँग आबद्धता, जनसांख्यिक लाभ, अर्थतन्त्रको आधुनीकरण, निजी क्षेत्रको विकास, सहरीकरण, नवीतम प्रविधिको अधिक प्रयोग र आविष्कार अनि दिगो आर्थिक विकासका नीतिले मुलुक समृद्ध बन्न सक्ने

(झ) लघु, घरेलु तथा साना उद्योग मार्फत रोजगारी सिर्जना र गरिबी निवारण गर्ने कार्यक्रम सञ्चालन गर्ने। यस अन्तर्गत देहायका रणनीति अख्तियार गर्नुपर्ने देखिन्छ :

१. पुराना उद्योगहरूलाई विस्तार गर्ने, क्षमता विकास गर्ने, बजारको खोजीमा सहयोग गर्ने, उत्पादनलाई गुणस्तरयुक्त बनाउन प्रेरित गर्ने,

२. उद्यमशीलता विकास सम्बन्धी तालिम प्रदान गरी नयाँ उद्योग स्थापना गर्न प्रोत्साहित गर्ने,

३. सीप विकास सम्बन्धी तालिम, श्रमको उत्पादकत्व बढाउने कार्यक्रम सञ्चालन गर्ने,

४. मौजुदा उद्यमीहरूको क्षमता विकास गर्ने,

५. सबै प्रदेशमा पर्याप्त औद्योगिक क्षेत्र विकास र विस्तार, छानिएका स्थानमा विशेष आर्थिक क्षेत्रको विकास र विस्तार तथा उद्योग स्थापना र सञ्चालनमा विशेष जोड दिने,

६. उद्योगहरू र यसका कच्चा पदार्थ पाइने स्थानसम्म बाह्रै महिना चल्ने सडक निर्माणमा सहयोग गर्ने,

७. प्रत्येक स्थानीय तहमा नग निश्चित स्थानलाई औद्योगिक ग्राम स्थापना गर्न प्रोत्साहित गर्ने र यस्ता स्थानमा पूर्वाधार विकास गर्न सहयोग गर्ने। साथै  एक नगर/गाउँ एक उत्पादनमा जोड दिने,

८. लघु उद्यम विकास कार्यक्रमलाई देशव्यापी बनाउने र स्थानीय तहलाई यो कार्यक्रम साझेदारीमा सञ्चालन गर्न प्रोत्साहित गर्ने,

९. निर्यातमूलक उद्योग स्थापना तथा सञ्चालनमा जोड दिने।

(ट) **करिडोरमा आधारित औद्योगिक विकास (Corridor-base Approach to Industrial Development)** : नेपालमा उद्योग स्थापना गर्नको लागि जग्गाको उपलब्धता समस्याको रुपमा रहदै आएको छ। निजीक्षेत्रबाट जग्गा प्राप्त गर्दा मूल्यबृद्धि अत्यधिक भई तुलनात्मक रुपमा उत्पादनको लागत बढी पर्न जाने र प्रतिस्पर्धा गर्न नसक्ने विगतको अनुभव छ भने सरकारी पर्ति र वनक्षेत्रको जग्गा प्राप्त गर्न पनि अत्यन्त जटिल कार्यप्रकृया रहेकोले अबदेखि उद्योग स्थापना गर्न औद्योगिक करिडोर वा आद्योगिक क्षेत्र भनेर सरकारले निश्चित गरेको स्थानमा जग्गा निश्चित अवधिको लागि भाडामा उपलब्ध गराउने र पूर्वाधार निर्माण सरकारले गर्ने व्यवस्था गर्ने विकल्प उपयोगी हुने देखिएको छ। यसैगरी विशेष आर्थिक क्षेत्रको संख्या आवश्यकता अनुसार खोली यस्ता विशेष आर्थिक क्षेत्रमा जग्गा, सडक, विजुली, खानेपानी तथा औद्योगिक प्रयोजनको पानी, सरकारका तर्फबाट उपलब्ध गराउने कार्यलाई अगाडि बढाउन हतार भईसकेको छ।

**तत्काल गर्नुपर्ने कार्यहरू**

- हालसम्म ६ वटा देशहरूसंग मात्र द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण संझौता (BIPPA) भएकोले अन्य देशहरूसंग पनि यस्तो संझौता यथासम्भव छिटो सम्पन्न गर्नुपर्छ। यसरी भएका संझौताको कार्यान्वयनमा पनि गर्दैजानु पर्ने देखिएको छ। हालसम्म भएका विप्पा संझौताबाट नेपालको उत्पादन र व्यापारमा के कस्तो सुधार भयो भन्ने बिषय धेरैको चासो भएको देखिन्छ।
- दोश्रो पुस्ताको आर्थिक सुधारलाई समेट्ने गरी औद्योगिक नीति, २०६७ र औद्योगिक व्यवसाय ऐन, २०७३ मा सुधार र परिमार्जन गर्नुपर्ने देखिन्छ।
- सबै प्रदेशमा कम्तिमा एउटा औद्योगिक स्मार्ट नगर को स्थापना र सञ्चालन गर्नुपर्छ।
- हरेक स्थानीय तहमा उद्योग विकास शाखाको स्थापना तथा सञ्चालन र प्रत्येकमा विशेष उत्पादन बस्तु पहिचान गरी कम्तिमा एउटा उत्पादनको ब्राण्ड दिनुपर्छ।
- हरित औद्योगिक उत्पादन नीति ल्याई वातावरणीय र अर्ग्यानिक उत्पादनमा जोड दिनुपर्छ।
- वैदेशिक लगानीलाई लक्षित गरी आर्थिक कुटनीतिको सञ्चालन र गैर आवासीय नेपालीलाई नेपालमा लगानी गर्न विशेष प्रोत्साहन प्याकेजको व्यवस्था गर्नुपर्छ।
- औद्योगिक प्रविधिको विकास तथा यसलाई प्रवर्द्धन गर्न प्रत्येक बर्ष औद्योगिक मेला तथा प्रदर्शनीको आयोजना गर्नुपर्छ।
- मुलुकमा विशेष प्राथमिकता दिनुपर्ने खालका औद्योगिक लगानीका परियोजनाहरूबारे विस्तृत अध्ययन प्रतिवेदनहरू समेत भएको लगानी परियोजना बैंक तयारी गरी सम्भावित लगानीकर्तालाई यसबारे जानकारी दिने व्यवस्था गरिनुपर्छ।
- लगानीकर्ताका हरेक प्रश्नको उत्तर दिने गरी बारम्बार सोधिने प्रश्नहरू (Frequently Asked Questions) को जवाफ संगालो अंग्रेजी र नेपाली भाषमा प्रकाशन गरी अन्यौलता हटाउन जोड दिनुपर्छ।
- नेपालमा उद्योग स्थापना गर्न आवश्यक पर्ने जग्गाजमीनको व्यवस्था गर्ने कार्य जटिल देखिएकोले यस सम्बन्धमा सरकारले लामो अवधिको करार (लिज) मा उद्योगस्थल

उपलब्ध गराउन विभिन्न औद्योगिक क्षेत्र, औद्योगिक ग्राम र विशेष आर्थिक क्षेत्रको व्यवस्था र सडक, विजुली, खानेपानी तथा औद्योगिक पानी, ढल निकास जस्ता औद्योगिक पूर्वाधारको विकास गर्न जोड दिनुपर्छ।

- औद्योगिक प्रशासनलाई सरल र सहज तथा सबैको पहुँच भित्र पारी औद्योगिक सुशासन कायम गर्न कानूनी तथा प्रक्रियागत सुधारलाई निरन्तरता दिनुपर्छ।

**सन्दर्भ सामाग्री :**


अर्थ मन्त्रालय, नेपाल सरकार; आ.ब. २०७३/७४, आर्थिक सर्वेक्षण, सिंहदरबार, काठमाडौं।

आर्थिक न्यूज (अनलाइन) र अभियान दैनिकका विभिन्न अंकमा प्रकाशित लेखहरु ।

गजेन्द्र बुढाथोकी, २०७३, कारोबार दैनिकका विभिन्न अंकमा प्रकाशित लेखहरू, कारोबार दैनिक काठमाण्डौ।

घिमिरे रुद्रप्रसाद (२०७३), आत्मनिर्भरताका लागि औद्योगिकरण, कारोबार दैनिक

नेपाल रराष्ट्र बैंक, असार २५, २०७४; आर्थिक बर्ष २०७४/७५ को मौद्रिक नीतिको सारांश,

निर्णय नं ८५२१ उत्प्रेषणयुक्त परमादेश, फैसला मिति २०६७।०४।२१ नेपाल कानून पत्रिका, भाग ५२, अंक १२, सर्वोच्च अदालत, काठमाडौं।

प्रा. मिश्र चैतन्य, २०७३, त्रिदेशीय सहकार्य र एसियाली युग, नेपाल अध्ययन केन्द्र, काठमाडौं http://www.nepalreaders.com

प्रा. शर्मा पिताम्बर, २०७३ वन बेल्ट वन रोड र नेपाल, नेपाल अध्ययन केन्द्र, काठमाडौं http://www.nepalreaders.com

महिला उद्यमशीलतामा लगानी, सम्पादकीय, कारोबार दैनिक, पौष ५, २०७३

राष्ट्रिय योजना आयोग, नेपाल २०७३, चौधौं आवधिक योजना, सिंहदरबार, काठमाडौं।

लोहनी प्रकाशचन्द्र, २०७३, बदलिंदो विश्व सन्दर्भमा नेपाल चीन सम्बन्ध, नेपाल अध्ययन केन्द्र, काठमाडौं http://www.nepalreaders.com

Agriculture and Structural Transformation in Developing Asia: Review and Outlook, Roehlano Briones and Jesus Felipe, ADB Economics Working Paper SeriesADB Economics Working Paper Series, No. 363 | August 2013

Development of Manufacturing Industries in Nepal, Current State and Future Challenges, Central Bureau of Statistice, November 2014

DFID 2015Ù Growth Building Jobs and Prosperity in Developing Countries,

Envisining Nepal 2030, Proceedings of the International Seminar, National Plannig Commission and Asian Development Bank, March 2016

Financing for Development, Procedings of Addis Ababa Action Agenda of third International Conference for Financing for development, 13- 16 July, 2015

Globle Economic Prospects, A Fragile Recovary, World bank Group, June 2017

JEYAKUMAR DEVARAJ Michael (2011); Industrialization in the Third World, Paper submitted to Third World Forum during the World Social Forum 2011, Senegal between the 6-11th. February, 2011

Linggui, Wang & Jianglin, Zhao 2016; the belt and road initiative in The Global Context, International Joint Study report (No 1), Social science Academy Press, China.

Roehlano Briones and Jesus Felipe (2013) Agriculture and Structural Transformation in Developing Asia: Review and Outlook, ADB Economics Working Paper Series, No. 363, August 2013

Shrestha, Buddhi Narayan (2011), Border Fences, Walls and Identities of Nepal, http:www.bordernepal.com

Shrestha, Buddhi Narayan (2013), The Natural Environment and the shifting Borders of Nepal; Eurasia Border Review, Volume-4, No. 2, fall 2013, Slavic Research Center, Hokkido University, Sapporo, Japan.

# औद्योगिक व्यवसाय ऐन, २०७३ का परिवेशहरू

✍ प्रदीपकुमार कोइराला
सहसचिव, उद्योग मन्त्रालय

**पृष्ठभूमि**

सरकारले सन् २०२२ भित्र विकासशील मुलुकबाट विकासोन्मुख मुलुकमा जाने लक्ष्य लिएको छ। कुल जीडीपीमा उद्योग क्षेत्रको योगदान ५ प्रतिशतबाट बढाउने दृष्टिकोण राखेर नयाँ ऐनको परिकल्पना गरी सोही अनुरुप वि सं. २०७३ मंसिर ७ गते नयाँ औद्योगिक व्यवसाय ऐन, २०७३ जारी भएको छ। यस ऐनले औद्योगिक सुशासन कायम गर्दै त्यसको कार्यान्वयन गर्ने र नेपालमा भइरहेको दोस्रो पुस्ताको आर्थिक सुधार अन्तर्गत समग्र उद्योग क्षेत्रको सुधारको प्रयास गरेको छ। संसार भरी नै सबै मुलुकमा औद्योगिक विकासले रोजगारीका अवसरहरूको सिर्जना हुने, वस्तु र सेवाको मूल्य अभिवृद्धि हुने, आवश्यक वस्तु तथा सेवाको उत्पादन भई आयात प्रतिस्थापनमा सहयोग पुग्ने र उच्च गुणस्तरयुक्त प्रतिष्प्रर्धात्मक वस्तु उत्पादनद्वारा निर्यात बढ्न गई व्यापार सन्तुलनमा समेत सहयोग पुऱ्याउने जस्ता विषयहरूलाई औद्योगिक प्रवर्द्धनको विषयको रुपमा हेरिन्छ। नेपाल पनि यही दिशामा अगाडी बढेको त छ तर यसका आफ्नै प्रकृतिका चुनौतीहरू छन्।

नेपालमा हालसम्म औद्योगिक लगानीमैत्री वातावरण बन्न नसक्नु, औद्योगिक विद्युत आपूर्तिमा सुधार नहुनु, औद्योगिक वस्तुहरूको उच्च प्रतिस्पर्धा हुनु, औद्योगिक पूर्वाधारहरूको पर्याप्त विकास नहुनु, आवश्यक जनशक्ति स्वदेशबाट पलायन हुनु, दक्ष जनशक्ति र नवीनतम प्रविधिको अवलम्वन गर्ने क्षमता न्यून हुनु जस्ता समस्याहरू विद्यमान रहेको कारणले गर्दा कूल गाहर्यस्थ उत्पादनमा करीव ५.५ प्रतिशत र राष्ट्रिय रोजगारीमा करीव ६.६ प्रतिशत मात्र औद्योगिक क्षेत्रको योगदान रहेको छ।

नेपालमा उद्योग क्षेत्रले केही विशिष्ट प्रकृतिका समस्याहरू सामना गरिरहेका छन्। नयाँ प्रविधिको प्रयोग गर्दै औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्नु, औद्योगिक क्षेत्रमा नियमितरुपमा विद्युत आपूर्तिको अवस्था सिर्जना गर्दै उत्पादकत्व बढाउनु, औद्योगिक क्षेत्रमा आवश्यक पर्ने पूर्वाधारको विकास बढाउदै जानु, सञ्चालित उद्योगहरूलाई उत्पादन र उत्पादकत्वको दृष्टिले प्रतिस्पर्धि बनाउनु, मौजुदा उद्योगलाई रुग्ण हुनबाट जोगाउनु र रुग्ण उद्योगलाई पुनःस्थापना गर्नु, औद्योगिक नीतिका प्रावधानहरूलाई आर्थिक ऐनले सम्बोधन गर्नु, विश्वव्यापीकरण तथा आर्थिक उदारिकणले

सिर्जना गर्दै ल्याएको प्रतिस्पर्धात्मक वातावरणको सामाना गर्नु तथा औद्योगिक क्षेत्रमा सुमधूर श्रम सम्बन्ध कायम गर्नु जस्ता विषयहरू नेपालको सन्दर्भमा अझै समाधान हुन सकेको छैन।

औद्योगिक क्षेत्रसँग सम्बन्धित नीतिगत व्यवस्था, संरचनागत सुदृढीकरण, प्रक्रियागत सरलीकरण तथा पूर्वाधार निर्माणको माध्यमबाट औद्योगिक लगानीमैत्री वातावरण सिर्जना गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नु, गुणस्तरीय उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्दै विद्यमान व्यापार घाटा कम गर्नु, स्थानीय स्रोत साधनमा आधारित कच्चा पदार्थको उपयोग, स्थानीय श्रम, सीप, सरल प्रविधि, सीमित पूंजी आदिबाट लघु, घरेलु तथा साना उद्योगको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दै रोजगारी तथा उद्यमी सिर्जना गरी दिगो र भरपर्दो एवं आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नु अवका दिनका उद्योग क्षेत्रका स्पष्ट प्राथमिकताका विषयहरू हुन।

उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु, औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीको अवसर सिर्जना गर्नु, औद्योगिक बस्तुहरूको निर्यात वृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु तथा स्वदेशमा उपलब्ध खानी तथा खनिजजन्य पदार्थको अध्ययन तथा अन्वेषण कार्यलाई अगाडि बढाउनु अझै पनि ज्यादै संवेदनशील र चुनौतीपूर्ण छ। यी र यस्ता समस्या र चुनौतीहरू सवैको समाधान र अवसरको कार्यान्वियन नयाँ औद्योगिक व्यवसाय ऐन ल्याउदैमा आउँदैन तर यसले उद्योग क्षेत्रको कानूनी र संरचनागत खाकाहरू केही हदसम्म स्पष्ट पार्छ। यी उदेश्यहरू परिपूर्तिका लागि यस यो जारी गरिएको हो।

## औद्योगिक व्यवसाय ऐन, २०७३

यस ऐनद्वारा औद्योगिक नीतिले निर्दिष्ट प्रावधानहरूलाई समेट्न खोजेको देखिन्छ। नेपाल सरकारले औद्योगिक क्षेत्रलाई बढावा दिने उद्देश्यसहितको औद्योगिक नीति, २०४९ लाई प्रतिस्थापन गरी विगतमा भएका कमीकमजोरीलाई सच्याउँदै द्रुततर औद्योगिक विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तन गर्ने र नेपाललाई आकर्षक लगानी गन्तव्यस्थलको रुपमा विकास गर्ने अभिप्रायले समयानुकल नीतिगत सुधार सहित औद्योगिक नीति, २०६७ जारी गरेकोमा यस नीतिका निर्दिष्ट प्रावधानहरूलाई औद्योगिक व्यवसाय ऐन २०७३ ले समेटने प्रयास गरेको छ। यस ऐनको कार्यान्वियनबाट मुलुकमा औद्योगिक विकाससम्बन्धी क्रियाकलापहरूमा बढोत्तरी हुन जाने, व्यापक रुपमा रोजगारीका अवसरहरू सिर्जना हुने र जनताको आयस्तरमा वृद्धि हुन गई अन्ततोगत्वा मुलुकको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान अग्रणी हुने अपेक्षा गरिएको छ।

यस ऐन जारी भएसँगै उद्योगको स्थापना, सञ्चालन, बहिर्गमन आदि उद्योग प्रशासनसँग सम्वन्धित अवयवहरू व्यवस्थित र नियमसङ्गत भई औद्योगिक सुशासन कायम गर्ने दिशामा एक अहम खुड्किलो

हुने अपेक्षा गरिएको छ । यस ऐनबाट नयाँ प्रविधिको प्रयोग गर्दै औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्ने, औद्योगिक क्षेत्रमा विद्युत् आपूर्तिलगायत आवश्यक पूर्वाधारको विकास गर्दै उत्पादकत्व बढाउने, सञ्चालित उद्योगहरूलाई उत्पादन र उत्पादकत्वको दृष्टिले प्रतिस्पर्धी बनाउने, मौजुदा उद्योगलाई रुग्ण हुनबाट जोगाउने र रुग्ण उद्योगलाई पुनःस्थापना गर्ने, विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणले सृजना गर्दै ल्याएको प्रतिस्पर्धात्मक वातावरणको निर्माण गर्ने, औद्योगिक क्षेत्रमा सुमधुर श्रम सम्बन्ध कायम गर्ने जस्ता विषयहरूमा प्रष्टता आउने देखिएको छ ।

राष्ट्रिय प्राथमिकताका क्षेत्रमा विदेशी पूँजी, प्रविधि, सीप र ज्ञान आकर्षित गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको माध्यमबाट व्यापार सन्तुलन कायम गरी राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्थापन र गतिशील बनाउने दीर्घकालीन लक्ष्यका साथ जारी गरिएको विदेशी लगानी नीति, २०७१ ले लिएका नीति तथा कार्यनीतिहरू समेतलाई आत्मसात गरी जारी भएको औद्योगिक व्यवसाय ऐन, २०७३ ले उद्योगको परिभाषालाई स्पष्ट पारेको छ, उद्योग दर्ताको प्रक्रियालाई सहज बनाएको छ, वैदेशिक लगानी स्वीकृतिको प्रक्रियालाई निश्चित बनाएको तथा प्रविधि हस्तान्तरणलाई सहज बनाएको छ ।

विगतमा उद्योग दर्ता नगरी जग्गा लिन नपाइने, जग्गा नलिई वातावरणीय परीक्षण नहुने र वातावरणीय परीक्षण नभई उद्योग दर्ता नहुनेजस्तो घुमिरहने प्रशासनको दुश्चक्र रहेको थियो । यसले उद्योगीहरूलाई उद्योग सञ्चालन गर्नलाई हतोत्साहित नै गरेको थियो । यस अवस्थामा सुधार ल्याई यस नयाँ ऐनले उद्योग दर्ता गरिसकेपछि वातावरणीय प्रभाव अध्ययन गरे हुने व्यवस्था गरी उद्योग दर्ता र संचालनको प्रकृयालाई अत्यन्तै सरल वनाएको छ। यस ऐनले उद्योगको नियमित अनुगमन र प्रतिवेदनको व्यवस्था गर्नुका साथै उद्योगको हस्तान्तरण, नामसारी, शेयर हस्तान्तरण जस्ता उद्योग प्रशासनको व्यवस्थालाई समेत सहज बनाएको छ। त्यसैगरी यस ऐनले विशेष आर्थिक क्षेत्र (SEZ) मा स्थापना हुने उद्योग सेजमै दर्ता हुनसक्ने बाटो खोलेको छ भने उद्योग दर्ता खारेजी प्रक्रियालाई सहज बनाएको, उद्योगको स्पष्ट वर्गीकरण गरी अन्योल हटाएको र उद्योगको पूँजी मूल्याङ्कन प्रक्रियालाई स्पष्ट बनाएको छ ।

यस ऐनद्वारा उद्योग तथा लगानी प्रवर्द्धन बोर्डको व्यवस्था गरी उक्त बोर्डको काम, कर्तव्य र अधिकार स्पष्ट गरी उद्योग क्षेत्रमा गर्नुपर्ने नीतिगत निर्णय प्रक्रियालाई सहज बनाउनुका साथै कर, महशुल लगायत राजस्व छूट र सहुलियत सम्बन्धी स्पष्ट व्यवस्था गरेको, विशेष अवस्थाका उद्योगहरूलाई थप छूट दिन सक्ने प्रावधानको समेत व्यवस्था गरिएको छ । यसमा लघु उद्यम, महिला उद्यम तथा स्थानीय उद्यमशीलताको विकासमा विशेष जोड दिएको, उद्योगलाई आवश्यक पर्ने जग्गा प्राप्तिमा सहजीकरण गरिने, जग्गा लीजमा समेत उपलब्ध गराइने, उद्योगमा आवश्यक पर्ने जग्गामा हदबन्दी नलाग्ने जस्ता व्यवस्थाहरू राखी उद्योग स्थापना र विस्तारमा जोड दिइएको छ ।

नेपालले हालसम्म छ वटा देशसंग मात्र विप्पा सम्झौता गरेको सन्र्दभमा अन्य देशहरूले पनि नेपालमा लगानी गर्ने प्रयोजनार्थ उनीहरूको आफनो लगानीको सुरक्षा चासो देखाउदै यस विषयलाई गम्भिर रुपमा उठाउने गरेको सन्दर्भमा यसले नेपालमा स्थापित उद्योगलाई राष्ट्रियकरण नगरिने प्रत्याभूति गरिएको र औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था गरिएको तथा उद्योगलाई आवश्यक पर्ने सबै सेवासुविधा एकै स्थानबाट उपलब्ध गराउन एकल बिन्दु सेवा केन्द्रको व्यवस्था गर्नुपर्ने कानूनी प्रावधान राखिएको छ।

नेपालमा रुग्ण उद्योगको पहिचान र वर्गीकरणका लागि संस्थागत संयन्त्रको व्यवस्था गरी विशेष छूट र सुविधा दिने प्रावधान राखिएको छ।

मुलुकको औद्योगिक विकास, प्रवर्द्धन तथा संरक्षणका लागि निजी तथा सहकारी क्षेत्रसमेतको सहभागितामा (१) लघु, घरेलु तथा साना उद्यम विकास कोष, (२) जोखिम पूंजी (भेन्चर क्यापिटल) कोष, (३) प्रविधि विकास कोष, (४) औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोष, (५) रुग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन कोष, (६) महिला उद्यमशीलता विकास कोष जस्ता विभिन्न कोषहरू स्थापना गर्न सकिने व्यवस्था गरी नेपालमा उद्यम विकासका लागि साधन स्रोतको अभाव हुन नदिने व्यवस्था गरिएको छ। यस ऐनबमोजिम नियमावली शीघ्र जारी गरी यसमा व्यवस्था गरिएका प्रावधान कार्यान्वयनमा ल्याई नेपालको समग्र उद्योग क्षेत्रको सुधारमा स्पष्ट फड्को मार्न सकिन्छ।

## औद्योगिक व्यवसाय ऐनका सम्वन्धमा फरक धारणा

२०७३ सालमा जारी भएको औद्योगिक व्यवसाय ऐन उद्योगीका लागि धेरै सकारात्मक छ। व्यापार व्यवसाय सञ्चालन गर्न र त्यसको प्रवर्द्धन गर्न सजिलो बनाइएको छ। ऐनले आयकर, भ्याटजस्ता विषयमा सुविधा दिएको छ। त्यति मात्र नभएर उद्योगहरूलाई पनि वर्गीकरण गर्ने र सुविधा पनि त्यसैअनुसार दिने विषय राखिएको छ। तर यी ऐनद्बारा दिने भनिएका सुविधाहरू साच्चै पाइन्छ भनी उद्यमी तथा उद्योगीहरू बराबर प्रश्न गर्ने गर्दछन। नेपालमा मात्र सायद यस्तो मुलुक होला जहाँ ऐनद्बारा दिने भनिएको सुविधाहरू दिइने छ भन्दा उद्योगी व्यवसायीहरू मजाक उडाउने गर्छन, विदेशी लगानीकर्ताहरू ऐनद्वारा प्रदान गरिएका सुविधाहरू दिइने छ भनेर सरकार संग भिन्दै सम्झौता गर्ने गर्छन र सरकारलाई नियन्त्रण गर्न भनेर बसेका संस्थाहरू यो सुविधा किन दिइयो भनेर सरकारका पदाधिकारीहरूसँग स्पष्टीकरण सोध्छन र कारवाही समेत गर्छन। नेपालमा लगानीको वातावरण कागजमा मात्रै छ, व्यवहारमा अझै आउन बाँकी छ भनेर सरोकारवालाहरू बराबर प्रश्न उठाउने गर्छन्।

पहिलाको औद्योगिक व्यवसाय ऐन, २०४९ र अहिलेको नयाँ ऐनले उद्योगीलाई विभिन्न किसिमका सुविधा दिएकाले पनि उत्कृष्ट छ। यस ऐनले उद्योग वर्गीकरणका आधारमा ५ वर्षदेखि १०

वर्षसम्मका लागि छूटको व्यवस्था गरेको छ। यस्तो छूट भने नेपाली उद्योगीका लागि मात्र दिने प्रावधान छ। यसरी विद्यमान औद्योगिक व्यवसाय ऐन राम्ररी अध्ययन गर्ने हो भने उद्योगीलाई कुनै समस्या हुँदैन। यसको कार्यान्वयन चाँडै होस् भन्ने उद्योगीले चाहेका छन्। वास्तवमा ऐन जारी गर्नु भन्दा पनि यसमा व्यवस्था गरिएका प्रावधानहरूको अक्षरस कार्यान्वयन हुनुपर्छ भन्ने पक्षमा उद्योगी व्यवसायीहरूले चासो व्यक्त गरेको पाइन्छ।

ऐनमा व्यवस्था भएका कर तथा महशुल छुटका प्रावधानका सम्वन्धमा अझै चित्त नबुझेको कुरा पनि उठने गरेको छ। धेरै वर्षदेखि उद्योग व्यवसायीको लगानी सुरक्षित गर्ने उद्देश्य बोकेको उद्योग व्यवसाय ऐनको परिकल्पना गरिँदै आइएको हो। अनौपचारिक रूपमा वि.सं. २०४९ साल देखि यस विषयमा व्यापक छलफल हुँदै, २०७३ सालमा आएर व्यवस्थापिका-संसद्ले पास गरेको छ। अहिले जारी भएको ऐन पनि उद्योगीले चाहेको र खोजेको जस्तो छैन भन्नेहरूको पनि ठूलै जमात छ। सहज तरीकाले व्यवसाय गर्न दिने औद्योगिक व्यवसाय ऐन हुनुपर्छ मन्ने मागहरू समेत नआएका होइनन्। वास्तवमा उनीहरू नेपालमा पनि भारत र चीनको जस्तो औद्योगिक व्यवसाय ऐनको माग गर्ने गर्छन देशलाई उद्योगको हब बनाउने हो भने उद्योगलाई सरकारले प्रवर्द्धन गर्नुपर्छ र रुग्ण भएमा पाल्न पनि आवश्यक छ। उद्योगलाई अहिले दिइरहेको छूट पनि पर्याप्त छैन  भन्ने गुनासो उद्यमीहरूको रहेको छ।

उद्योगी व्यवसायीहरूको भनाई जस्ताको तस्तै यसरी राख्न सकिन्छ। २०५८ सालको आर्थिक ऐनले विभिन्न सहुलियतलाई काटेको छ। राजनीतिक रूपमा पनि व्यवसायीलाई समस्या पर्ने गरेको छ। २०४६ पछि लगभग स्थिर सरकार छैन। राजनीतिको स्थिरता कहिल्यै भएन। यसले गर्दा पनि नयाँ उद्योगधन्दा खुल्न सकेका छैनन् र पुरानालाई पनि अप्ठ्यारो पर्ने गरेको छ। वि.सं. २०४५ सालतिर कुल गार्हस्थ उत्पादनमा उद्योगको अंश लगभग १६ प्रतिशत थियो र अहिले घटेर ५ प्रतिशतमा पुगेको छ। उद्योगलाई संरक्षण नगर्ने र भएका उद्योगलाई व्यवसाय गर्ने वातावरण नबन्नु अहिलेको चुनौती हो। विदेशी र नेपाली उद्योगलाई समान व्यवहार भएको छैन। सरकारले मेशिनरी सामानमा अलिअलि छूट दिएको छ तर अन्य विषयमा छूट छैन। यस्तै अवस्थामा हामीले भारत र चीनको उद्योगसँग प्रतिस्पर्धा गर्नुपर्छ। नेपालमा हरेक व्यवसायीले कस्तो तरीकाको बजेट आउँछ भन्ने विषयमा डर मान्नुपर्छ। अहिले आएको औद्योगिक ऐनलाई पनि आर्थिक र श्रम ऐनले काटेको छ। औद्योगिक व्यवसाय ऐनमा 'नो वर्क नो पे' को व्यवस्था छ। तर श्रम ऐनमा छैन।

उद्यमी व्यवसायीका कुरा जस्ताको तस्तै राख्दा थप कुरा यसरी राख्न सकिन्छ। सरकारले अहिले विशेष आर्थिक क्षेत्रको अवधारण ल्याएको छ। कस्तो ठाउँमा सेज राख्ने भन्ने विषय महत्त्वपूर्ण हो। तर, ठाउँ छनोट गर्दा कतिपय अवस्थामा राजनीतिक स्वार्थ हावी हुन्छ। न्यूनतम तलबको विषयमा साना, ठूला सबै उद्योगलाई सरकारले एकै दृष्टिले हेरेको छ। उद्योग आफै त्यत्तिकै

आउने विषय होइन। उद्योगीले लगानी गर्दा सुरक्षित नाफा खोजेका हुन्छन्। आयात व्यापार गर्दा भन्सार तिरे पुग्छ र उद्योग व्यवसाय सञ्चालन गर्न धेरै संघर्ष गर्नुपर्छ। सरकारलाई यति धेरै प्रतिवदेनहरू बुझाउनुपर्छ। त्यो नबुझाएमा धेरै जरीवाना तिर्नुपर्छ। यस अवस्थामा सुधार आउनु आवश्यक छ। अन्तरराष्ट्रिय जगतमा हेर्ने हो भने देश युद्धमा होमिएको छ भने पनि अर्थतन्त्रलाई कुनै असर नपरेका उदाहरण प्रशस्तै छन्। तर, नेपालमा त्यस्तो देखिँदैन। नेपालमा त सानातिना राजनीतिक विषयले पनि समस्या पार्ने गर्छ। त्यसलाई रोक्ने किसिमको ऐन कानूनको अभाव अहिले पनि देखिन्छ।

नेपालमा समन्वयका समस्यालाई दर्शाउदै प्रतिनिधि उद्योगी व्यवसायीले उठाएको समस्यालाई यसरी हेर्न सकिन्छ। नेपालमा एउटा मन्त्रालयले उद्योग खोल्ने अनुमति दिन्छ अर्कोले बन्द गराइदिन्छ। यसको उदाहरणका रूपमा प्लाष्टिक उद्योगलाई लिन सकिन्छ। सरकारकै मन्त्रालयले प्लाष्टिक उद्योग खोल्न अनुमति दियो तर वातावरण मन्त्रालयले केही महीनाको अवधिमा बन्द गरायो। मुलुक चलाउनेले कसरी चलाउनुपर्छ भनेर बुझ्नु जरुरी छ। उद्योग खोल्न वाणिज्य मन्त्रालय, उद्योग, वातावरणजस्ता मन्त्रालय जानुपर्छ।

अमेरिकामा १२ ओटा मन्त्रालय छन्। हाम्रो जस्तो सानो मुलुकमा २५ ओटाभन्दा धेरै मन्त्रालय छन्। उद्योग खोल्दा परिवारका १८ वर्ष पुगेका सबै सदस्यलाई साक्षी राख्नुपर्ने बाध्यात्मक व्यवस्था छ। तर, विदेशमा जुन उद्योग छ, त्यसैको जायजेथा मात्र जमानीमा रहने प्रावधान हुन्छ। भारत र भियतनामजस्ता मुलुकमा उद्योग खोल्ने वातावरण राम्रो छ।

उद्योगी व्यवसायीले नेपालमा रहेको उद्योगमैत्री वातावरण र कानूनी प्रावधानहरूलाई सुझावात्मक तरिकाले पनि हेर्ने गरेको पाइन्छ। उनीहरू नै भन्छन की अहिले आएको औद्योगिक व्यवसाय ऐनले नेपालका व्यवसायीको हित हुन्छ भनेर बुझिएको छ। तर त्यो ऐन मात्रले केही हुँदैन। उद्योग व्यवसाय सञ्चालनका लागि व्यावसायिक वातावरण र राजनीतिक स्थिरताको चाहिएको छ। दिगो, उच्च र फराकिलो आर्थिक वृद्धिमार्फत राष्ट्रको आर्थिक सामाजिक रूपान्तरणका लागि औद्योगिकीकरणको महत्त्वपूर्ण भूमिका हुन्छ। मुलुक भित्रै उद्यमशीलताको विकास र उद्योग व्यवसायको प्रवर्द्धन गर्दै आर्थिक समृद्धि प्राप्तिका लागि नेपालमा दोस्रो चरणको सुधार आवश्यक छ भन्ने सोचको आवश्यकता छ। यसै क्रममा औद्योगिक व्यवसाय ऐन तर्जुमा भएर कार्यान्वयनको चरणमा पुगेको छ। ऐन निर्माणको चरणमा पनि निजीक्षेत्रका तर्फबाट विभिन्न सरोकारवालासंस्थाहरू निरन्तर सहभागी भई आफ्ना अवधारणा र सुझावहरू प्रस्तुत गरिरहेका छन। निजी लगानीकर्ता विदेशी वा स्वदेशी जो भए पनि आफूले चाहेको व्यवसायमा सहज रूपमा प्रवेश गर्ने, प्रचलित कानूनको अधीनमा रहेर निर्बाध व्यवसाय सञ्चालन गर्ने र चाहेको समयमा सहज रूपमा निस्कन पाउने उनीहरूको अधिकार हो, जसलाई विश्व व्यापार संगठनलगायत

विभिन्न अन्तरराष्ट्रिय तथा बहुपक्षीय सम्झौताहरूले समेत आत्मसात् गरेको अवस्था छ। नेपालको सन्दर्भमा भने जति नयाँ कानून बने पनि तिनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा व्यवसायमा प्रवेशदेखि सञ्चालन र बहिर्गमनसम्म झन्झटै झन्झट छन् भनी उनीहरू भन्ने गर्छन्।

## भावी कार्यदिशा

ऐन बनिसकेको अवस्थामा ऐनले प्रदान गरिएका छुटका विषयलाई नियमावलीमा व्यवस्था गरेर भए पनि लगानी तथा व्यवसायमैत्री वातावरणको सुनिश्चितता हुनुपर्छ। बढ्दो व्यापारघाटा न्यूनीकरण गर्न र रोजगारी सृजनाका लागि औद्योगिक विकास नै पूर्वशर्त भएको यथार्थतामा औद्योगिक व्यवसाय ऐनले प्रदान गरेका सेवासुविधालाई अन्य ऐन नियमले काट्न नसक्ने व्यवस्था अहिलेको आवश्यकता हो। यस विषयमा नयाँ ऐनमा केही बोलिएको भए पनि कार्यान्वयनमा नल्याउँदासम्म उद्योगी व्यवसायीले त्यस्ता सुविधाको उपयोग गर्न नपाउने भएकाले निर्माणको चरणमा रहेको नियमावली जारी हुन जरुरी छ।

दोस्रो पुस्ताको आर्थिक सुधारको मुख्य आधार नै आर्थिक उदारीकरण तथा प्रक्रियागत सरलीकरण र निरन्तर सुधार नै हो। यस यथार्थतालाई औद्योगिक व्यवसाय ऐनले आत्मसात् गरेजस्तो देखिए पनि कतिपय व्यवस्थाले व्यावहारिक रूपमा थप जटिलता सृजना गरेको अनुभूति निजीक्षेत्रले गरेको छ। त्यस्ता जटिलतालाई सार्वजनिक निजी संवादको अवधारणामार्फत सहजीकरण र सरलीकरण गर्दै औद्योगिक व्यवसाय ऐनमा भएका प्रावधानलाई कार्यान्वयन गर्ने दिशामा अघि बढ्नु अहिलेको आवश्यकता हो।

उद्योग व्यवसायीहरूको माग एवम् निरन्तर सरकारी पहलपछि आएको उक्त ऐनको प्रभावकारी कार्यान्वयन हुनसके यसले उद्योग व्यवसायको प्रवर्द्धन एवम् लगानीको वातावरण सृजना गर्नेतर्फ अपेक्षित नतिजा दिन सक्ने सम्भावना छ। अन्तर्राष्ट्रिय एवम् विशेष गरी छिमेकी मुलुकहरू भारत र चीनसँग निर्भरता, व्यापारिक प्रतिस्पर्धा र लगानीको तुलनामा लगानीमैत्री वातावरण तयार गर्न अझै अपुग भएको र कतिपय प्रावधानहरूका कारण उद्योग विस्तारमा अपेक्षित प्रतिफल ल्याउन अझ प्रक्रियागत सुधारतर्फ ध्यान दिनुपर्ने अवस्था छ। लामो संक्रमण, राजनीतिक व्यवस्था र शासकीय स्वरूपमा व्यापक परिवर्तन भइसकेको अहिलेको अवस्थामा केही ऐन कानूनहरूमा सुधार हुँदैमा मात्र आर्थिक क्षेत्रमा व्यापाक सुधार हुन्छ र मुलुक समृद्ध हुन्छ भन्न सकिँदैन। औद्योगिक व्यवसाय ऐनले परिकल्पना गरेका कतिपय प्रावधान श्रम ऐन, सामाजिक सुरक्षा ऐन, वैदेशिक लगानी ऐन तथा वातावरण संरक्षण ऐनसँग अझै तादाम्यता मिलाउन वांकी नै छ। त्यसैले ती ऐन तथा सम्बन्धित नियमावलीहरूमा पनि समय सापेक्ष पुनरावलोकन गरेर अघि बढ्न सके मात्र अपेक्षित नतिजा प्राप्त हुन सक्छ।

औद्योगिक व्यवसायको अवरोधका रूपमा मानिएको श्रम सम्बन्ध र औद्योगिक सुरक्षामा पछिल्लो समय केही सुधार भए पनि अर्को महत्त्वपूर्ण पक्ष विधिको शासन र कानूनी राज्यको पूर्ण प्रत्याभूति गर्नुपर्ने हुन्छ। सरकारी निकायमा पारदर्शिताको कायम गर्नुका साथै निजी क्षेत्रका समस्याहरूलाई बुझ्ने र निराकरणको उपाय पहिल्याउनु आवश्यक छ। निजी क्षेत्रलाई संस्थागत सामाजिक उत्तरदायित्व अनिवार्य गर्ने, औद्योगिक व्यवसाय ऐन सरकारी संयन्त्रलाई पनि जवाफदेही बनाउने र सबै उद्योग प्रतिष्ठानहरूलाई समान व्यवहार एवम् काम गर्ने वातावरणम सृजना गर्ने प्रावधान ऐनमा थप गर्नुपर्ने आवश्यक छ। औद्योगिक व्यवसाय ऐन, २०७३ मा केही सुधार गर्नुपर्ने धेरै विषय छन् तापनि आजको परिस्थितिमा यो ऐन जारी हुनु एक महत्त्वपूर्ण पहल हो। निजीक्षेत्रले पनि यसलाई सकारात्मक रूपमा मूल्याङ्कन गरेको छ। तथापि निजीक्षेत्र विकासको महत्त्वपूर्ण साझेदार भएको परिप्रेक्ष्यमा यस ऐन मार्फत वा यो ऐनको मर्मलाई कसरी अघि बढाउने र कार्यान्वयन तहमा ल्याउने सबैको सरोकारको विषय हो। औद्योगिक व्यवसाय ऐन अन्तर्गतको नियमावली अझै मस्यौदाको क्रममा छ। यो ऐनमा कतिपय स्पष्ट नभएका विषयलाई यस नियमावली मार्फत सुधार गर्न सक्ने सम्भावना भएको हुँदा यसमा सरोकारवाला सँगको छलफल र सुझावको आवश्यकता पर्छ। यसैले निर्माणको चरणमा रहेको औद्योगिक व्यवसाय नियमावलीमा ऐनमा छुटेका विषयलाई समेट्न विशेषतः नेपाल सरकारको सम्बन्धित निकायले विशेष ध्यान दिई सो विषयमा सुधारका लागि पहल गर्नुपर्ने अवस्था छ।

## सारांश

नेपालमा पहिलो पुस्ताको आर्थिक सुधार वि.सं. २०४६ को प्रजातान्त्रिकीकरणसँगै भएको थियो। बन्द आर्थिक संयन्त्रबाट त्यस वखत नेपाल खुला आर्थिक संयन्त्रमा प्रवेश गरेर धेरै आर्थिक व्यवस्थाहरू लाइसेन्स तथा बन्द संयन्त्रबाट खुला सुधारतर्फ मुलुक अगाडी बढी रहेको अवस्थामा हामी कहाँ लामो समाजिक द्वन्द्व र जनयुद्धसमेतबाट आर्थिक सुधार केही पछाडी परेको अवस्था थियो। अहिले मुलुक संविधान निर्माण तथा स्थानीय तहको निर्वाचनसँगै राजनीतिक संक्रमणबाट अगाडी वढी आर्थिक सुधारमा फडको मार्ने अवस्थामा पुगेको छ। यस आर्थिक अभियानलाई अगाडी वढाउन मुलुकलाई आर्थिक सम्वृद्धिको गन्तव्यमा पुऱ्याउन नेपालमा लगानी भित्र्याउनु जरुरी छ, विशेष गरेर विदेश लगानी नै भित्र्याउनु जरुरी छ।

संसारमा विदेशी सहायता धेरै भित्र्याउने मुलुकहरूमा अफ्रिकन मुलुकहरू अग्रपंक्तिमा रहेका छन् तर ती देशको विकास कति सुस्त छ, जवकी संसारमा धेरै विदेशी लगानी भित्र्याउने मुलुकहरूको अवस्था कस्तो छ, ती विदेशी लगानी धेरै भित्र्याउने मुलुकहरूको आर्थिक समृद्धि कति छिटो भएको छ। यसमा भएका सवै अध्ययन र अनुसन्धानहरू यहां उल्लेख गर्न त सकिदैन तर यसै दृष्टान्तबाट के भन्न सकिन्छ भने विदेशी लगानी जति मुलुकमा भित्र्याउन सकिन्छ, जति मुलुकमा लगानी मैत्री वातावरण वनाउन सकिन्छ त्यस देशको आर्थिक समृद्धिको गन्त्यव्य त्यति चाडो प्राप्त

हुन्छ। नेपालमा पनि विदेशी लगानी सम्वन्धी नीति, औद्योगिक नीति र राष्ट्रिय बौद्धिक सम्पति सम्वन्धी नीति जारी भइसकेको छ। जारी भएको औद्योगिक नीति अनुरुप औद्योगिक व्यवसाय ऐन समेत जारी भइसकेको अवस्था छ। अवका दिनमा विदेशी लगानी सम्वन्धी नीति र राष्ट्रिय बौद्धिक सम्पति सम्वन्धी नीति अनुरुप ऐन वनाउनु जरुरी छ, साथै औद्योगिक व्यवसाय ऐन अनुरुप औद्योगिक व्यवसाय नियमावली जारी गर्नुपर्ने छ।

उद्योगी व्यवसायीले नेपालमा उद्योग तथा लगानी मैत्री वातावरण वनाउनका लागि तीन वटा मुख्य समस्याहरू उठाउने गर्छन। ती तीनवटा समस्याहरू १. जमिन, २. श्रमिक र, ३. औद्योगिक सुशासन। यी तीन समस्याहरू मध्ये हालको सुधारको प्रयासमा औद्योगिक सुशासनका विषयमा जोड दिइएको छ। यो सुधार पूर्णरुपमा भएको अवस्थामा पनि समग्र लगानी भित्रयाउनका लागि केही प्रगति मात्र हो। तसर्थ, नेपालमा लगानी मैत्री वातावरण वनाउनका लागि यसमा रहेका सवै प्रकारका अवरोधहरू हटाई मुलुकलाई आर्थिक समृद्धिको गन्तव्यमा पुर्‍याउनु नै आजको आवश्यकता हो।

**सन्दर्भ सामाग्री**


- आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्य, २०७४, अर्थ मन्त्रालय, काठमाडौं।
- औद्यौगिक नीति, २०६७, उद्योग मन्त्रालय, काठमाडौं।
- औद्योगिक व्यवसाय ऐन, २०७३, कानून किताव व्यवस्था समिति, काठमाडौं।
- चौधौ योजना (२०७३/७४ –२०७५/७६), राष्ट्रिय योजना आयोग, काठमाडौं।
- नेपालको संविधान, २०७२, कानून किताव व्यवस्था समिति, काठमाडौं।
- विशेष आर्थिक क्षेत्र ऐन, २०७३, कानून किताव व्यवस्था समिति, काठमाडौं।

# नेपालमा खनिज सम्पदा : वर्तमान अवस्था र विकासका प्रयासहरू

✍ राजेन्द्र प्रसाद खनाल
महानिर्देशक, खानी तथा भूगर्भ विभाग

## १. पृष्ठभूमि

नेपालमा परम्परागत रुपमा धेरै वर्ष पहिले देखि नै खनिज कार्य सञ्चालन भई आइरहेको तथ्य विभिन्न नदी, नाला, गाउँ एवं स्थानको नाम विभिन्न खानीहरू सँग सम्बन्धित भएर राखिएको बाट प्रष्ट हुन्छ। विभिन्न स्थानहरूमा रहेका खनिज सम्पदाको उपयोग गरी स्थानीय आवश्यकतालाई पूर्ति गर्न विगतमा त्यस्ता खानीहरू सञ्चालनमा ल्याउन गरेका प्रमाणहरू पुराना खानीहरूमा देखिएको सुरुङ्ग र प्राप्त किटबाट देख्न सकिन्छ। पृथ्वीनारायण शाहले "खानी भएका ठाउँमा गाउँ भया पनि गाउँ अरु जग्गामा सारीकन पनि खानी चलाउनु" भन्ने उपदेशबाट नेपालमा विभिन्न खनिज पदार्थ रहेको र सो को महत्त्वलाई आत्मसात गरेको पाइन्छ। खनिज सम्पदाको उचित उपयोग र विकासबाट नै औद्योगीकरण हुने यथार्थतालाई दृष्टिगत गरी खनिज कार्यलाई विगत धेरै पहिले देखि प्राथमिकतामा राख्ने गरिएको देखिन्छ। खनिज सम्पदाको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दीगो रुपमा उपयोग गर्न सकिएमा देशको समग्र विकासमा विशेष योगदान पुग्दछ।

## २. खनिज सम्पदाको विकासका लागि गरिएका प्रयासहरू

नेपालमा २००७ सालदेखि व्यवस्थित रुपमा खनिज अन्वेषण कार्य सुरु भएको पाइन्छ। खानी एवं खनिज सम्पदाको विकास गर्ने उद्देश्यले नेपालमा सर्व-प्रथम खानी ऐन, २०१३ लागू गरिएको थियो। खानी ऐनलाई समय सान्दर्भिक विकास गर्ने क्रममा हाल खानी तथा खनिज पदार्थ ऐन, २०४२ लागू भई हाल कार्यान्वयनमा रहेको छ। उक्त ऐनलाई कार्यान्वयन गर्ने क्रममा हाल खानी तथा खनिज पदार्थ नियमावली, २०५६ समेत लागू गरी कार्यान्वयन भई रहेको र सो ऐनमा वि.सं. २०५० सालमा गरिएको पहिलो संशोधन तथा नियमावलीमा वि.सं. २०७२ र वि.सं. २०७३ मा गरिएको संशोधन मार्फत हालको कानूनी आवश्यकतालाई थप पूर्णता दिइएको छ। संस्थागत विकासको कुरा गर्दा साविकमा रहेका दुइ छुट्टा छुट्टै विभागहरूलाई "खानी विभाग" र "भौगर्भिक सर्भेक्षण विभाग" वि.सं. २०३३ सालमा एकीकृत गरी "खानी तथा भूगर्भ विभाग" को स्थापना भई हालसम्म यही विभागबाट खनिज नियमन तथा प्रशासन र खनिज अन्वेषण तथा भौगर्भिक सर्वेक्षण कार्यहरू भई रहेका छन्।

## ३. भौगर्भिक सर्भेक्षण तथा अनुसन्धान

खनिजजन्य उद्योग विकासका लागि वैज्ञानिक तवरले खनिज अध्ययन तथा अनुसन्धान कार्य गर्नु अपरिहार्य मानिन्छ। हालसम्म नेपालको मध्य हिमाली (Lesser Himalaya) क्षेत्रको ४१,६०० वर्ग कि.मी क्षेत्रमा भौगर्भिक कार्य सम्पन्न भएको छ। भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान कार्यबाट चुरे पहाड तथा महाभारत श्रृंखलाको सम्पूर्ण भाग र उच्च हिमाली क्षेत्रको केही भागमा प्रथम चरणको भागर्भिक सर्भेक्षण कार्य पूरा गरी दोश्रो चरणको नक्साङ्कन शुरु गरिएको छ। हाल सम्ममा १:१,०००,००० स्केलको सम्पूर्ण नेपालको भौगर्भिक नक्सा १ सीट, १:२५०,००० स्केलको उच्च हिमाली तथा कर्णाली क्षेत्रको केही भाग बाहेक सम्पूर्ण नेपालको ५ सीट, १:५०,००० स्केलको २२,१०० वर्ग कि.मि. क्षेत्रमा ४१ सीटको भौगर्भिक नक्साङ्कन कार्य सम्पन्न भएको छ। भौगर्भिक एवं भू-इञ्जिनियरिङ्ग र भू-वातावरणीय अध्ययन गरी व्यवस्थित शहरी विकास र फोहरमैला व्यवस्थापन गर्नको लागि काठमाडौं उपत्यका, पोखरा, बुटवल, भैरहवा, हेटौंडा, धरान, विराटनगर, सुर्खेत, नेपालगञ्ज, जनकपुर, धनगढी, महेन्द्रनगर र भरतपुरको भू-इञ्जिनियरिङ्ग तथा भू-वातावरणीय अध्ययन कार्य सम्पन्न भइसकेको छ।

## ४. खनिज अन्वेषण तथा विकास कार्य

विभागबाट खनिज अन्वेषण कार्यलाई उच्च प्राथमिकतामा राखी नियमित रुपमा हरेक वर्ष वार्षिक कार्यक्रममा समेत समावेश गरी विभिन्न स्थानहरूमा एकीकृत रुपमा भौगर्भिक सर्भेक्षण तथा खनिज अन्वेषण कार्य गर्दै आइरहेको छ। विगत वर्ष देखि उक्त कार्यलाई अझ थप प्रभावकारी एवं नतिजामूलक बनाउन "खनिज अन्वेषण कार्यको लागि भौगर्भिक नक्साङ्कन (Geological Mapping for Mineral Exploration)" प्रत्येक क्षेत्रका विभिन्न भागहरूमा गरी आगामी तीन वर्षभित्र सम्भाव्य ठूला खनिज भण्डार एकिन गरी सो को आधारमा खनिजजन्य उद्योग स्थापनाबाट राष्ट्रिय आयमा बढोत्तरी गर्न विशेष प्राथमिकता दिई अन्वेषण कार्य सञ्चालन गरिएको छ। विभागबाट नवलपरासीको धौबादीमा विभिन्न चरणको फलाम खनिज अन्वेषण कार्य एवं मकवानपुर, बैतडी र मुस्ताङ्गमा विभिन्न चरणका युरेनियम खनिजको अन्वेषण कार्य भइरहेको छ।

हाल सम्मको अध्ययन अनुसार नेपालमा २१ किसिमका धातु खनिज, २३ किसिमका औद्योगिक खानी, ६ किसिमका किमती तथा अर्ध किमती रत्न खनिज, ४ किसिमका इन्धन खनिज एवं ९ भन्दा बढी किसिमका निर्माणजन्य खनिजहरू पाइएका छन्। खनिज पदार्थको अन्वेषणका लागि २०७४ जेष्ठ मसान्त सम्ममा विभिन्न २४ वटा खनिजको ३३१ वटा खोजतलास र विभिन्न १५ वटा खनिजको १२५ वटा उत्खनन् अनुमति जारी भई बहाल रहेको अवस्था छ।

## ५. खनिज सम्पदाको वर्तमान अवस्था

खनिज अन्वेषण, विकास तथा उत्पादन कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गरी सन्तुलित क्षेत्रीय विकासको अवधारण अनुरुप प्रत्येक क्षेत्रमा सिमेन्ट उद्योग खोल्ने प्रयोजनार्थ सुर्खेत, दाङ्ग, मकवानपुर, उदयपुर र धनकुटामा चुनढुङ्गा खनिजको अध्ययन, अनुसन्धानका आधारमा उद्योग स्थापना गरी सञ्चालन भइसकेको छ। पाल्पा, अर्घाखाँची, सल्यान, बैतडी, सिन्धुली, ललितपुर, धादिङ्ग, स्याङ्जा आदि जिल्लामा गरी ५४ करोड टन प्रमाणित, ११ करोड टन अर्ध प्रमाणित तथा ४२ करोड टन सम्भाव्य गरी कूल लगभग १ अरब टन चुनढुङ्गा खनिज पत्ता लागेको छ। यसको फलस्वरुप निजी तथा सरकारी स्तरमा करिब ८,५०० टन प्रति दिन क्षमताको १४ वटा सिमेन्ट उद्योगहरू स्थापना भई सञ्चालनमा छन् भने थप ९ वटा साना तथा ठूला सिमेन्ट उद्योगहरू निर्माणाधीन अवस्थामा छन्।

विगतमा गरिएको खनिज अन्वेषण कार्यबाट दोलखामा १८ करोड टन म्याग्नेसाइट भण्डार, दोलखा, तनहुँ, म्याग्दी, कास्की तथा बैतडी जिल्लाहरूमा गरी १.४ करोड टन खरी भण्डार पत्ता लागेका छन्। जाजरकोट, अछाम, कालिकोट, दैलेख, संखुवासभा र धादिङ्ग जिल्लामा किमति तथा अर्ध किमति पत्थर काईनाईट, टुर्मालिन तथा क्वार्ज क्रिस्टल रहेका छन्। ललितपुर, मकवानपुर, धादिङ्ग, दोलखा, बैतडी, बझाङ्ग जिल्लाहरूका विभिन्न स्थानहरूमा मार्वल, डोलोमाइट, ग्रेनाईट, म्याग्नेसाईट, फस्फराइट, आदि खनिज भण्डारहरू रहेका छन्। विभिन्न १४ वटा जिल्लाका ९२ वटा स्थानहरूमा साधारण निर्माणमुखी खनिज भण्डार पत्ता लगाई थप स्थानहरूमा समेत अध्ययन कार्य भइरहेको छ। धादिङ्ग, सिन्धुपाल्चोक, नवलपरासी, चितवन, मकवानपुर, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर आदि जिल्लाका विभिन्न स्थानहरूमा साधारण निमार्णमुखी ढुङ्गा, माटो, बालुवा तथा स्लेटको भण्डार समेत प्रशस्त मात्रामा देखिएको छ।

रामेछाप (ठोसे) मा फलाम खानी सञ्चालन हुने अवस्थामा रहेको छ भने ललितपुर (फूलचोकी) र पर्वतमा समेत फलाम उद्योग स्थापनाको लागि निजी क्षेत्रलाई अनुमति प्रदान गरिएको छ। नवलपरासीको धौबादीमा हाल सम्मको अन्वेषणको प्रारम्भिक नतिजा अनुरुप गुणस्तरीय फलाम कायम रहेमा करिब १० करोड टन फलामको भण्डार हुने अनुमान गरिएको छ। त्यस्तै सोलुखुम्बु (वाप्सा), मकवानपुर (कालीटार), डडेलधुरा (बावन गाउँ), उदयपुर (कुरुले), तनहुँ, चितवन, वाग्लुङ्ग आदि क्षेत्रमा गरी १.४ करोड टन तामा खनिज भण्डार रहेको अवस्था छ। गणेश हिमाल रसुवा, खैराङ्ग मकवानपुर, आदि स्थानमा शिशा र जस्ता खनिजका भण्डार रहेको पुष्टि भइसकेको छ। त्यस्तै रोल्पा, बैतडी, दार्चुला, बझाङ्ग, धादिङ्ग, रसुवा, इलाममा सुन, तामा, जस्ता, सिसा, पोलिमेटल खनिज भण्डार रहेको छ।

हालसम्मको अध्ययन अनुसार इन्धन खनिजतर्फ काठमाडौं जिल्लामा ३१ करोड ६० लाख घन मिटर प्राकृतिक ग्याँस भण्डार, दाङ्ग, रोल्पा, पाल्पा र अर्घाखाँची जिल्लामा ५० लाख टन पत्थर कोइला खनिज भण्डार पहिचान भएका छन्। हाल सम्मको पेट्रोलियम अन्वेषण कार्यबाट नेपालमा पेट्रोलियम पदार्थको भण्डार हुन सक्ने सम्भावना रहेकोले सम्भाव्य पेट्रोलियम क्षेत्रलाई १० वटा अन्वेषण खण्डहरूमा विभाजन गरी उक्त क्षेत्रमा पेट्रोलियम प्रवर्द्धन कार्य भइरहेको छ साथै मकवानपुर, बैतडी र मुस्ताङ्गका विभिन्न स्थानहरूमा भइरहेको अध्ययन अनुसन्धानबाट युरेनियम खनिजको राम्रो सम्भावना देखिएको छ।

## ६. खनिज कार्यमा समस्या र चुनौतिहरू

नेपालमा खनिज अन्वेषण, विकास, उत्खनन् र उत्पादन कार्यमा उच्चतम विकास नहुनुमा दक्ष जनशक्ति एवं नयाँ प्रविधिको समुचित उपयोग नहुनु, समय सान्दर्भिक ऐन, नियममा सुधार नहुनु खानी स्थल सम्म सडक तथा विजुली जस्ता महत्त्वपूर्ण पूर्वाधारको विकास नहुनु र निजी क्षेत्रलाई लगानीका लागि आकर्षित गर्न नसकिनु नै मुख्य समस्या हुन्।

नेपालको भौगोलिक अवस्थिति, भौगर्भिक संरचना, भू-धरातलीय बनोट तथा तदनुरुप प्राविधिक क्षमता अभिवृद्धि गर्नु, स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्नु एवं विभिन्न क्षेत्रगत नीतिमा एकरुपता र समन्वय ल्याउनु आदि खनिज सम्पदाको विकासमा चुनौति रहेका छन्।

## ७. निष्कर्ष

देशमा विद्यमान प्राकृतिक श्रोतहरू मध्ये खनिज सम्पदा आर्थिक समृद्धि र औद्योगिक विकासको एक मूख्य पूर्वाधार हो। वातावरणीय सन्तुलन र नवीनतम् प्रविधिको प्रयोग गर्दै वैज्ञानिक तवरले खनिज अन्वेषण, विकास तथा उत्पादन कार्य गर्न सकिएमा रोजगारी अभिवृद्धि भई समग्र मुलुकको दीगो विकास र आर्थिक समृद्धि हुने निश्चित छ। अतः मुलुकले आत्मसात गरेको अग्रगामी संकल्पलाई पूर्णता प्रदान गर्न आगामी दिनमा विशेष प्राथमिकता र कार्य योजना सहित खनिज कार्य गर्न अपरिहार्य देखिएको छ।

## सन्दर्भ सुची

खानी तथा खनिज पदार्थ ऐन, २०४२

खानी तथा खनिज पदार्थ नियमावली, २०५६

नेपालको खनिज सम्पदा, २०७४

राष्ट्रिय खनिज नीति, २०७४

# नयाँ ट्रेडमार्क ऐनमा समेटिनुपर्ने पक्षहरू

✍ दिपक घिमिरे
निर्देशक, उद्योग विभाग

राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ हालसालै नेपाल सरकार मन्त्रिपरिषद्‌बाट स्वीकृत भएको छ। सो नीतिले ट्रेडमार्क लगायतका अन्य विभिन्न प्रकारका बौद्धिक सम्पत्तिहरूको पहिचान गरी सोको दर्ता र संरक्षणका सम्बन्धमा विस्तृत व्यवस्था गरेको छ। तथापि, कार्यपालिकाबाट स्वीकृत नीतिले भविष्यको कानूनी, संस्थागत एवं प्रक्रियागत व्यवस्थाको मार्गदर्शन गर्ने भएतापनि नीतिले स्वतः विधायिकी कानूनको स्वरुप ग्रहण गर्न नसक्ने भएकोले प्रचलित बौद्धिक सम्पत्ति कानूनमा समयसापेक्ष सुधार गर्नु अपरिहार्य भैसकेको छ। औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षणका लागि व्यवस्था गरिएको सन् १८८३ को पेरिस महासन्धि (Paris Convention for the Protection of Industrial Property, 1883) को नेपाल सन् २००१ देखि सदस्य भएको छ। उक्त महासन्धिले पेटेन्ट, औद्योगिक डिजायन, ट्रेडमार्क, व्यापारिक नाम आदि औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षणका लागि पक्ष राष्ट्रले अवलम्बन गर्नुपर्ने न्यूनतम कानूनी मापदण्ड निर्धारण गरेको छ। यसका साथै सन् २००४ मा नेपाल विश्व व्यापार संगठनमा आवद्ध भएसँगै सो संगठनको स्थापना गर्ने सम्झौताको अभिन्न अंगको रुपमा रहेको व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकार सम्झौता (Agreement on Trade Related Intellectual Property Rights-TRIPs) को पनि पक्षराष्ट्र भएकोले उक्त सम्झौता अनुकूल हुने गरी आवश्यक कानूनी व्यवस्था गर्न समेत ढिलो भैसकेको छ। प्रस्तुत आलेखमा बौद्धिक सम्पत्तिको एक महत्त्वपूर्ण अंगको रुपमा रहेको ट्रेडमार्कको दर्ता एवं संरक्षणका सम्बन्धमा नेपालमा देखिएका समस्या, चुनौती एवं तत्काल सम्बोधन गर्न आवश्यक कानूनी व्यवस्थाहरूका सम्बन्धमा चर्चा गरिने छ।

नेपालमा वि.सं. १९९३ सालमा नेपाल-पेटेण्ट, डिजायन र ट्रेडमार्क कानूनको नामबाट ट्रेडमार्क सम्बन्धी पहिलो कानून लागू भएको थियो। सो कानूनमा फलाना माल फलानाले बनाएको वा फलानाको माल हो भनी थाहा गराउनालाई लगाएको निस्सालाई "ट्रेडमार्क" भन्दछन् भनि ट्रेडमार्कको परिभाषा गरिएको पाइन्छ। जोसुकै मानिसले ट्रेडमार्क सरोकारवाला अड्डामा दर्ता गरी रजिष्ट्रर गराउन पाउने र ट्रेडमार्क रजिष्ट्रर गर्दा मो.रु. ५।- देखि ३५।- सम्म सरोकारवाला अड्डाका तजवीजले दस्तूर लिनु भन्ने व्यवस्था गरिएको थियो। यस्तै अर्काको ट्रेडमार्क कीर्ते गरी व्यवहार गर्नेलाई सरोकारवाला अड्डाको तजवीजले मो.रु. २००।- सम्म जरीवाना वा ६ महिनासम्म कैद गर्ने तथा कीर्ते गरेको ट्रेडमार्क र सो मार्क लाएको मालहरू समेत जफत गर्ने व्यवस्था गरिएको

थियो। ट्रेडमार्क दर्ताका सम्बन्धमा ट्रेडमार्कको छोटकरी बयान सहित ट्रेडमार्कको धनीको नाम वतन इत्यादि लेखी सरोकारवाला अड्डाले रजिष्ट्रर किताब खडा गरी राख्ने, ट्रेडमार्क गर्न पाउने कुराको दरखास्त परेमा सभापतिबाट ठहराई निकासा दिएकोमा अपिल उजूर नलाग्ने व्यवस्था सो कानूनले गरेको थियो। सो कानूनले ट्रेडमार्क कायम रहने अवधि, नवीकरण आदिका बारेमा केही उल्लेख गरेको पाइदैन।

सो ऐनलाई पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ ले प्रतिस्थापन गर्‍यो जुन ३ पटकको संशोधनका साथ हालसम्म कार्यान्वयनमा रहेको छ। यस ऐनले ट्रेडमार्कको परिभाषा गरी ट्रेडमार्क माथि एकाधिकार प्राप्त गर्ने प्रक्रिया, त्यस्तो एकाधिकारको अवधि र उलंघनको अवस्थामा प्राप्त हुने उपचारको समेत व्यवस्था गरेको छ। ऐनले "ट्रेडमार्क" भन्नाले कुनै फर्म, कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित मालसामान वा आफूले प्रदान गर्ने सेवालाई अरूको मालसामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द, चिन्ह वा चित्र वा शब्द, चिन्ह र चित्र तिनै कुराको संयोग सम्झनु पर्छ भनि परिभाषित गरेको छ। कसैले आफ्नो बन्द व्यापार वा कारोबारको ट्रेडमार्क उद्योग विभागमा दर्ता गराई सो ट्रेडमार्क उपर यस ऐन बमोजिमको हक प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ। कुनै व्यक्तिको नाममा दर्ता भएको ट्रेडमार्क अरु कसैले नक्कल गर्न वा आफ्नो नाममा नामसारी नगराई वा प्रयोगको निमित्त लिखित रुपमा अनुमति नलिई आफ्नो वा अरुको नामबाट प्रयोग गर्न गराउन नहुने र सो गरेमा सम्बन्धित मालवस्तु जफत गरी रु. एक लाख सम्म जरीवाना गर्न सक्ने व्यवस्था ऐनले गरेको छ।

ट्रेडमार्क शुरुमा ७ वर्षका लागि दर्ता गरिने र तत्पश्चात ७/७ वर्षको अवधिमा जतिपटक पनि नवीकरण गर्न पाइने व्यवस्था ऐनले गरेको छ। ट्रेडमार्कका दर्ताका निमित्त दरखास्त परेपछि सो ट्रेडमार्कको सम्बन्धमा विभागले आवश्यक जाँचबुझ गरी दावी विरोधका लागि मौका दिने र दावी विरोध पर्न आएमा छानवीन गरी दर्ता गर्न उपयुक्त भएमात्र दर्ता गर्ने व्यवस्था छ। तर, त्यस्ता ट्रेडमार्कबाट कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठामा धक्का पर्ने वा सर्वसाधारण जनताको सदाचार वा नैतिकता वा राष्ट्रिय हितमा नराम्रो असर पर्ने वा अरू कसैको ट्रेडमार्कको ख्यातिमा धक्का पर्ने सम्भावना छ भन्ने लागेमा वा सो ट्रेडमार्क पहिले अरू कसैको नाममा दर्ता भैसकको देखिएमा सो ट्रेडमार्क दर्ता नगरिने र दर्ता भएको भएमा बदर गर्ने व्यवस्था रहेको छ। वि.सं. १९९३ को कानूनले ट्रेडमार्क उल्लंघनलाई फौजदारी कसूरको रुपमा लिई कैद समेतको व्यवस्था गरेकोमा यस ऐनले भने देवानी कसूरको रुपमा लिएको देखिन्छ।

पछिल्लो समयमा नेपालमा अरुको नाममा (खासगरी विदेशमा) दर्ता भई प्रचलनमा रहेका तर नेपालमा दर्ता नभएका ट्रेडमार्कको नक्कल गरी आवेदन गर्ने प्रबृत्ति बढ्दै गएको छ। ट्रेडमार्कको दर्ता राज्यक्षेत्रीय अधिकारक्षेत्र (Territorial Jurisdiction) को विषय भएकोले विभागले आफ्नो डाटाबेसमा खोजी गरी सारभूत परीक्षण गरी दावी विरोधका लागि सूचना प्रकाशित गर्ने गर्दछ।

सो क्रममा अन्य मुलुकमा दर्ता भएका ट्रेडमार्कहरूको खोजी, अध्ययन गरी सारभूत परीक्षण गर्न विभागलाई सुविधा र बाध्यता समेत छैन। नेपाल पेरिस महासन्धिको पक्ष मुलुक भएकोले अन्य मुलुकमा आवेदन पश्चात सो महासन्धि अनुसार छ महिनाको ग्राह्यता मितिको सहुलियत प्रदान गरिनुले पनि नेपालमा संरक्षण प्राप्त गर्नका लागि नेपालमा समेत दर्ता हुनुपर्ने व्यवस्था भएको आंकलन गर्न सकिन्छ। ऐनको दफा २१ख.मा विदेशमा दर्ता गरिएको ट्रेडमार्क सम्बन्धित व्यक्तिले नेपालमा दर्ता नगराई त्यस्तो ट्रेडमार्कमा निजको नेपालमा हक कायम हुने छैन भन्ने स्पष्ट व्यवस्था भएतापनि गलत मनसायले अरुको नाममा विदेशमा दर्ता र प्रचलनमा रहेको ट्रेडमार्कसँग मिल्दोजुल्दो चिन्हको आवेदन गरेमा दर्ता गर्न इन्कार गर्ने वा दर्ता भैसकेको भएतापनि बदर गर्ने सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था नभएकोले समस्या उत्पन्न भएको छ। फलस्वरुप, स्पष्ट कानूनी व्यवस्थाको अभावमा नेपालमा दर्ता र संरक्षणमा नरहेका ट्रेडमार्कको सम्बन्धमा पहिला आवेदन गर्नेले वा पहिला प्रचलनमा ल्याउने मध्ये कसले प्राथमिकता पाउने भन्ने विषयमा फरक फरक मुद्दामा फरक फरक निर्णय भै एकरुपता कायम हुन नसक्दा बेलाबखतमा कतिपय निर्णयहरू विवादमा पर्ने समेत गरेको पाइन्छ।

विभागका निर्णयहरू मात्र नभै अदालतबाट समेत पहिलो आवेदनले प्राथमिकता पाउने हो वा पहिलो प्रयोग/प्रचलनले प्राथमिकता पाउने हो भन्ने सम्बन्धमा फरक फरक मुद्दामा फरक फरक किसिमले व्याख्या भएको पाइन्छ। उदाहरणका लागि सुमी डिष्टीलरी प्रा.लि. विरुद्ध Guinness United Distillers Vintners Amsterdan Bv (kl5 Diageo Bronds SBV कायम भएको) ट्रेडमार्क दर्ता मुद्दामा सर्वोच्च अदालतबाट ''नेपाल सन्धि ऐन, २०४७ अनुसार यदि सन्धिका व्यवस्था र नेपाल कानून बाझिएमा सन्धिको प्रावधान लागू हुन्छ। नेपालले WTO को सदस्य भएपश्चात मिति २०६३।८।८ मा निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ मार्फत् पेटेन्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को संशोधन गरी औद्योगिक सम्पत्तिलाई अन्तर्राष्ट्रिय संरक्षण गर्न प्रतिवद्धता जनाइसकेको छ। नेपाल पक्ष बनेको अन्तर्राष्ट्रिय सन्धिहरू वा अन्य घोषणाहरूले नेपालमा प्रभावकारिताका सम्बन्धमा सार्वभौमसत्ता सम्पन्न राष्ट्रले अन्तर्राष्ट्रिय जगत सामु गरेको वचनबद्धता पालना गर्नुपर्छ। कुनै महासन्धिमा आफ्नो प्रतिनिधिले हस्ताक्षर गरी देशको विधायिकाबाट अनुमोदन भएपछि वा कानूनमा व्यवस्था भएमा त्यस्तो व्यवस्थाबाट राष्ट्र Derogate हुन सक्दैन। ....... ........दफा १८(३) अनुसार दर्ता भैसकेका ट्रेडमार्कले अरु कसैको ट्रेडमार्कको ख्यातिमा धक्का पुग्ने देखेमा विभागले दर्ता बदर गर्न सक्ने नै देखिन्छ।'' (ने.का.प. भाग ५३, अंक ३, २०६८ असार) भन्ने समेत व्यहोरा उल्लेख गरी पहिलो आवेदन भन्दा पनि पहिलो प्रयोग/प्रचलनलाई मान्यता प्रदान गर्नुपर्ने आशयको फैसला भएको पाइन्छ भने मदनप्रसाद लम्साल विरुद्ध रेप्सोना पब्लिकेशन्स प्रा.लि.को मुद्दामा ''नेपालको कानूनले दर्ता भएको ट्रेडमार्कको मात्र सुरक्षा गर्दछ तर उद्योग विभागमा दर्ता नभएको ट्रेडमार्क

जतिसुकै लामो अवधिसम्म प्रयोग गरेको भए तापनि केवल प्रयोगको आधारमा मात्र यसको सर्जक वा प्रयोगकर्ताले यस्तो अदर्ता प्रयोग गर्ने एकाधिकारको हक प्राप्त गर्न सक्दैन। .... केवल प्रयोगको आधारमा मात्र सो ट्रेडमार्क उपर दावी गर्नेको कानूनी हक नहुने र यसरी कुनै व्यक्तिको नाममा दर्ता भएको ट्रेडमार्क निजको मञ्जुरीवेगर अन्य व्यक्ति, फर्म वा कम्पनीले प्रयोग गर्न पाउने हक नहुने कुरा उक्त पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १६, १८ख., १९ तथा दफा २५ मा गरिएको व्यवस्थाबाट स्पष्ट देखियो।'' (ने.का.प. भाग ५३, अंक ९, २०६८ पौष) भन्ने व्यहोराको पहिलो दर्तालाई मान्यता प्रदान गर्नुपर्ने फैसला भई नजीर कायम भएको पाइन्छ। यसर्थ स्पष्ट कानूनी व्यवस्थाको अभावमा पहिलो दर्ता वा पहिलो प्रयोग मध्ये कुन ट्रेडमार्कले मान्यता पाउने भन्ने सन्दर्भमा सर्वत्र अन्योलको स्थिति सृजना भएको पाइन्छ। प्रचलित ऐनको दफा १८ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको ''अरू कसैको ट्रेडमार्कको ख्यातिमा धक्का पर्ने सम्भावना छ भन्ने लागेमा वा सो ट्रेडमार्क पहिले अरू कसैको नाममा दर्ता भैसकेको देखिएमा सो ट्रेडमार्क दर्ता गरिने छैन'' भन्ने व्यवस्था र सोही दफाको उपदफा (३) मा रहेको ''उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुनै अवस्था छ भन्ने लागेमा विभागले दर्ता भएको कुनै ट्रेडमार्कको दर्ता बदर गर्न सक्नेछ'' भन्ने व्यवस्थाले मात्र गलत मनसायले आवेदन गरेमा पहिलो आवेदन नै सधै प्रबल नहुने व्याख्या गर्न असुविधा भएकोले यस सम्बन्धमा कमन ल प्रणाली अपनाउने अन्य मुलुकहरूले जस्तै Passing Off सम्बन्धी कानूनी व्यवस्था गर्न अत्यावश्यक भैसकेको छ।

पेरिस महासन्धिको धारा टदष्क ले यसका पक्ष मुलकहरूलाई सुपरिचित चिन्ह (Well Known Marks) हरूको पुनरुत्पादन गरिएको वा त्यस्तो शंका उत्पन्न हुने गरी नक्कल गरिएका चिन्हहरू दर्ता गर्न इन्कार गर्न र दर्ता भैसकेको भए पनि बदर गर्ने जिम्मेवारी प्रदान गरेको छ। विश्वका विभिन्न मुलुकहरूले यसका सम्बन्धमा विभिन्न मापदण्डहरूको आधारमा (बजार हिस्सा, बजारको क्षेत्र, विज्ञापन, प्रयोगमा ल्याएको समयावधि, जनमानसमा ख्याति, अन्य मुलुकमा भएको आवेदन वा दर्ता आदि) तय गरी सुपरिचित चिन्हहरूको विवरण तयार गरी प्रकाशित गर्ने गरेको पाइन्छ। नेपाल सो महासन्धिको पक्ष मुलुक भएकोले सुपरिचित चिन्हहरूको संरक्षण गर्नु नेपालको दायित्व हुन आउँदछ तर यस सम्बन्धी कानूनी व्यवस्थाको अभावमा उक्त महासन्धिबाट सृजित दायित्व समेत निर्वाह हुन सकेको पाईंदैन। यसका साथै अन्य मुलुकहरूमा सुपरिचित चिन्हको रुपमा मान्यता प्राप्त गरेका चिन्हहरू दर्ता हुनसक्ने जोखिम पनि उत्तिकै रहेको छ। सुपरिचित चिन्हहरूको अलावा निषेधित चिन्हहरू (Prohibited Marks), कसैको पनि एकाधिकार नरहने चिन्हहरू (Non Proprietary Marks) आदिको सन्दर्भमा समेत समुचित कानूनी व्यवस्थाको अभाव रहेको छ।

नेपाल चिन्हहरूको वर्गीकरण सम्बन्धी नीस सम्झौता (Nice Agreement Concerning the International Classification of Goods and Services for the Purposes of the Registration of Marks, 1957) को पक्ष हालसम्म नभएतापनि यस सम्झौताले निर्धारण गरे वमोजिम वस्तु र सेवाहरूलाई विभिन्न समूहमा वर्गीकरण गरी व्यापार चिन्ह र सेवा चिन्हको दर्ता गर्ने कार्य भने हुँदै आएको छ। नेपालमा केवल वर्गको आधारमा मात्र ट्रेडमार्क दर्ता हुने व्यवस्थाले गर्दा हरेक वर्ग अन्तर्गत पर्ने उपवर्गहरूको आधारमा ट्रेडमार्क दर्ता नहुनाले पनि समस्या उत्पन्न भएको छ। उदाहरणका लागि वर्ग ३० अन्तर्गतको उपवर्ग ३००१९९ मा पर्ने बेकिङ पाउडरमा प्रयोगका लागि "Magic" नामक ट्रेडमार्कको लागि कसैको आवेदन वा दर्ता छ भने अन्य कसैलाई सोही वर्गको उपवर्ग ३०००३८ मा पर्ने चकलेटमा प्रयोगका लागि सो "Magic" नामको ट्रेडमार्क दर्ता गरिदिन नमिल्ने अवस्था रहेको छ। फलस्वरुप आवेदकहरूको छनौटको दायरा साँघुरिएकोले यसतर्फ पनि यथासम्भव छिटो आवश्यक कानूनी व्यवस्था हुनु आवश्यक देखिन्छ।

ट्रेडमार्कको सम्बन्धमा देखिएको अर्को समस्या भनेको व्यापारिक नामको दर्ता गराएपछि वा डोमेन नेम दर्ता गराएपछि सो नामले स्वतः ट्रेडमार्कको रुपमा संरक्षण प्राप्त गर्दछ भन्ने आमसमुदायमा रहेको भ्रम पनि हो। व्यापारिक नाम भनेको व्यवसायको पूरा नाम हो, जस्तै सेतो हात्ती प्रा.लि.। यसले उक्त व्यापारिक कम्पनीको पहिचान गर्ने कार्य गर्दछ र प्रा.लि. जस्ता कम्पनीको कानूनी झलक दिने शब्दावली प्रयोग भएको हुन्छ। उदाहरणका लागि "ऐंसेलु प्रा.लि." ले आफ्ना उत्पादनहरू "ओखर" वा "नरिवल" नामको ट्रेडमार्कबाट पनि विक्री गर्न सक्दछ। तर आफूले दर्ता नगरेको अवस्थामा अन्यलाई "ऐंसेलु" नामको ट्रेडमार्क दर्ता गर्न र संरक्षण गर्नबाट रोक्न सक्दैन। व्यापारिक नामलाई नै व्यापार चिन्हको रुपमा प्रयोग गरेमा सोको पनि पृथक ट्रेडमार्क दर्ता गर्नुपर्दछ। साथै डोमेन नेम दर्ताबाट उक्त नामले स्वतः ट्रेडमार्कको संरक्षण प्राप्त नगर्ने हुँदा ट्रेडमार्कको रुपमा अलग्गै दर्ता गर्नुपर्ने हुन्छ। जस्तै यदि कसैले "palpalidhaka.com" नामको डोमेन नेम दर्ता गरेको छ भने सो आधारमा मात्र उसले अन्य उत्पादकका उत्पादनमा "पाल्पाली ढाका" शब्द अनलाइन वा अफलाइनमा प्रयोग गर्नबाट रोक्न सक्दैन। यसर्थ व्यवसायिक नाम वा डोमेन नेमलाई ट्रेडमार्कको रुपमा संरक्षण प्राप्त गर्नका लागि सोलाई ट्रेडमार्कको रुपमा दर्ता गर्नेतर्फ व्यवसायिक जगत समयमै सचेत हुन आवश्यक छ।

विगतका केही वर्षहरूमा ट्रेडमार्कको विधिशास्त्रीय मान्यतामा ठूलो विकास भएको छ। उपभोक्ताहरूले पनि वस्तु वा सेवाको प्याकेजिङको प्रकृति, रंग, गन्ध वा आवाजको माध्यमबाट उत्पादकको पहिचान गर्न सक्षम भएका छन्। अक्षर, लोगो, चित्र आदिको द्धिआयामिक प्रस्तुतीमा मात्र सीमित नरहेका यस्ता ट्रेडमार्कलाई गैरपरम्परागत ट्रेडमार्कको रुपमा मान्यता दिने विश्वव्यापी प्रचलन शुरु भएको छ। विज्ञान र प्रविधिको विकाससँगै आज गैरपरम्परागत ट्रेडमार्कको रुपमा रहेका चिन्हहरू भविष्यमा परम्परागत हुनसक्ने र आजको अवस्थामा अनुमान नै नगरिएका नयाँ

प्रकारका चिन्हहरू गैरपरम्परागत चिन्हको रुपमा विकास हुने सम्भावना पनि त्यतिकै रहेको छ। प्रचलित कानूनमा “चिन्ह” भन्नाले के कुरालाई जनाउँदछ भनि परिभाषित नगरिएकोले यस अन्तर्गत रंग, आवाज आदि गैरपरम्परागत चिन्हहरू पनि पर्न सक्ने वा नसक्ने भन्नेतर्फ पर्याप्त बहस र व्याख्या हुनुपर्ने देखिन्छ। नेपालमा हालसम्म यस प्रकारका गैरपरम्परागत चिन्हहरूको दर्ता भएको पाईदैन। तथापि, सूचना र प्रविधिको विकास र विश्वव्यापीकरणको प्रभाव संगसँगै परम्परागतरुपमा आवेदन नगरिएका नयाँ खालका गैरपरम्परागत ट्रेडमार्क दर्ताको लागि आवेदन पर्न सक्ने प्रबल सम्भावनालाई इन्कार गर्न सकिंदैन। नेपालमा हाल विधिवत रुपमा दर्ता नगरिएता पनि विभिन्न कम्पनीहरूले रंग र आवाजलाई आफ्नो व्यवसाय प्रवर्द्धनका लागि ट्रेडमार्कको रुपमा प्रयोग गरिआएको पाइन्छ। (उदाहरणका लागि नेपाल टेलिकमको नीलो रंगको लोगो र एनसेलको बैजनी रंगको लोगो तथा ती कम्पनीहरूको व्यापारिक धुनको आवाजलाई लिन सकिन्छ।) तसर्थ यस्ता गैरपरम्परागत चिन्हको सम्बन्धमा पनि अब बन्ने कानूनमा पर्याप्त व्यवस्था गरिनु र चिन्हको परिभाषा समेत गरिनु आवश्यक देखिएको छ। नेपालमा लगभग आधा शताव्दी पुरानो औद्योगिक सम्पत्ति कानूनको समयसापेक्ष सुधार गर्नु अपरिहार्य भैसकेको छ। विद्यमान कानूनमा टालटुल गरेर वा तदर्थवादी संशोधन गरेर मात्र पनि समस्या समाधान हुने नदेखिएकोले समूह चिन्ह, प्रमाणीकरण चिन्ह र भौगोलिक संकेत लगायतका विषयवस्तुहरू समेत समावेश गरी समग्र ट्रेडमार्क कानूनमा नै आमूल परिवर्तनको खाँचो रहेको छ। यसका साथै एकल निवेदनबाट धेरै मुलुकमा ट्रेडमार्क दर्ता गर्न सकिने मेड्रिड प्रणालीको सदस्य बन्न पनि ढिला भैसकेको छ। औद्योगिक सम्पत्ति संरक्षण सम्बन्धी अलग्गै निकायको स्थापना गरी प्रभावकारी संरक्षण गर्ने कार्य पनि नेपाल सरकारको प्राथमिकतामा पर्नु आवश्यक देखिएको छ।

**सन्दर्भ सामग्रीः**


१. नेपाल–पेटेण्ट, डिजायन र ट्रेडमार्क कानून, १९९३

२. ने.का.प. भाग ५३, अंक ३, २०६८ असार

३. ने.का.प. भाग ५३, अंक ९, २०६८ पौष

४. पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२

# महिलामैत्री वर्तमान औद्योगिक कानून र भावी कार्यदिशा

✍ विष्णुकुमारी भुसाल
शाखा अधिकृत, उद्योग मन्त्रालय

## (१) पृष्ठभूमि

देशको कुल जनसंख्यामा आधाभन्दा बढी हिस्सा अर्थात ५०.०४ प्रतिशत महिलाले ओगटेका छन्। आधा भन्दा वढी आकाश र पृथ्वी ढाक्ने महिलाहरूको सामाजिक, आर्थिक, राजनैतिक लगायतका क्षेत्रको विकास सम्वन्धी सूचकाङ्क न्यून भएका कारण महिलाको हकहितका लागि विभिन्न प्रयासहरू गरिएको छ। महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ। लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन्। विविध सरकारी प्रयासका कारण महिला घरमूली २५.७ प्रतिशत, सम्पत्तिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, निजामती प्रशासनमा महिलाको प्रतिनिधित्व १७ प्रतिशत, महिला साक्षरता ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत पुगेको छ। लैङ्गिक असमानता सूचक ०.४८९, महिलाको मानव विकास सूचक ०.५२१ र संसद्मा सहभागिता २९.९ प्रतिशत पुगेको छ। त्यसैगरी सरकारद्वारा सञ्चालित कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट आ.व. २०७४/०७५ मा ३७.४२ प्रतिशत पुगेको छ।

नेपालको संविधानमा आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने, महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने, महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने, राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता रहने, महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरिएको छ। त्यस्तै सङ्घीय संसद् र प्रदेश सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एकतिहाइ महिला सदस्य हुने, प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एकजना र राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एकजना महिला हुने, प्रदेश सभामुख वा प्रदेश उपसभामुखमध्ये एकजना महिला हुने, गाउँ कार्यपालिकामा चारजना तथा नगर कार्यपालिकामा पाँचजना महिला सदस्य रहने, जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने, गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेगरी गाउँसभा र नगरसभाको गठन हुने, राष्ट्रिय महिला आयोग संवैधानिक निकायको रूपमा रहने र सोका अध्यक्ष र सदस्यहरू महिलामात्र रहनेसमेतका महत्वपूर्ण हक अधिकारहरू व्यवस्था गरिएको छ।

कूल जनसंख्याको आधा भन्दा बढि हिस्सा ओगटेका महिलाहरूको विभिन्न क्षेत्रमा जस्तै उद्योग क्षेत्रमा पनि न्यून सहभागिता भएको कुरालाई मध्यनजर गरी महिला उद्योगी/व्यवसायीको सहभागिता बढाई रोजगारीको अवसर प्रदान गर्ने उद्देश्यले औद्योगिक कानूनहरूमा महिलालाई प्रत्यक्ष हित हुने गरी विभिन्न व्यवस्था गरिएको पाइन्छ।

### (२) औद्योगिक कानूनमा महिला सम्बन्धी व्यवस्था

उद्योग क्षेत्र मुलुकको आर्थिक विकासको महत्वपूर्ण आधारस्तम्भको रुपमा रहेको क्षेत्र हो। देशको कुल गार्हस्थ्य उत्पादनमा करिव ६ प्रतिशत योगदान दिएको उद्योग क्षेत्रले स्थानीय श्रोत, साधन, सीप र प्रविधिको उपयोग गर्दै लाखौंलाई रोजगारीको अवसर सिर्जना गरेको छ। आधारभूत आवश्यकताका वस्तुहरूको साथै निर्यातमूलक वस्तुहरूको उत्पादनबाट आयात प्रतिस्थापन गरीनिर्यात प्रवर्द्धन गरेर व्यापार सन्तुलन कायम राख्न टेवा पुर्‍याएको छ। महिलाहरूलाई अझ बढी उद्योग व्यवसायमा संलग्न गराई बढी भन्दा बढी रोजगारीका अवसर प्रदान गर्न तथा उद्योग व्यवसायको क्षेत्रमा अगाडि बढ्न प्रोत्साहित गर्ने उद्देश्यले महिलाको आर्थिक सशक्तिकरणका लागि समावेशी अवधारणा अनुसार औद्योगिक कानूनमा विशेष व्यवस्थाहरू गरिएको छ।

### (क) औद्योगिक नीति, २०६७ मा महिला उद्यमीहरूका लागि विशेष व्यवस्था

सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा दिगो एवं वृहत आधार सहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याई गरिवी न्यूनीकरणमा सहयोग पुऱ्याउने दीर्घकालीन लक्ष्य रहेको औद्योगिक नीति, २०६७ महिला उद्यमीहरूको लागि कोशेढुंगा सावित भएको छ। औद्योगिक नीति, २०६७ मा महिला उद्यमीहरूका लागि भएका विशेष व्यवस्था निम्नानुसार छन् :

- कुनै पनि उद्योग/व्यवसाय सम्बन्धी नीति निर्माण गर्ने तहमा सम्बन्धित औद्योगिक व्यवसायमा संलग्न आदिवासी, जनजाति, दलित, मधेशी, सिमान्तकृत वर्गका महिलाहरूको प्रतिनिधित्व अनिवार्य गरिने।
- घरेलु तथा साना स्तरका महिला उद्यमीहरूलाई सरल तथा सुलभ तरिकाबाट ऋण प्रवाह गर्न विभिन्न बैंकिङ्ग तथा सहकारी संस्थाहरूमा समुह ऋणको व्यवस्था गरिने।
- उद्योग स्थापना गर्दा दिइने Venture Capital मा महिलाहरूलाई प्राथमिकता दिइने।
- महिलाको नाममा मात्र उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा लाग्ने दर्ता दस्तुरमा ३५ प्रतिशत छुट दिईने।

- महिला उद्यमीहरूले औद्योगिक क्षेत्रमा उद्योग राख्न चाहेमा विशेष प्राथमिकता दिइने ।
- महिला उद्यमशिलता विकास गरी महिलाहरूलाई उद्यमी बन्न प्रोत्साहन गर्न प्रविधि विकाससम्वन्धी तालीम, सभा, सेमिनार, अध्ययन भ्रमण दलमा महिला उद्यमीहरूलाई समावेश गरिने।
- विभिन्न विकास क्षेत्रहरूमा स्थापना हुने बिक्री कक्षहरूमा महिला उद्यमीहरूद्धारा उत्पादित सामानहरूको बिक्री कक्षको समेत व्यवस्था गरिने।
- सरकारी निकायद्धारा संचालन गरिने उद्योग व्यवसायसम्बन्धी प्रदर्शनीमा महिला उद्यमी/व्यवसायीहरूलाई अनिवार्यरुपमा संलग्न गराइने।
- आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने महिला उद्यमी/व्यवसायीहरूलाई व्यवसायको वित्तीय स्थितिको आधारमा निर्यात कर्जा उपलब्ध गराउने व्यवस्था गरिने।
- महिलाको नाममा मात्र दर्ता भएको उद्योगलाई औद्योगिक सम्पत्ति पेटेण्ट, डिजाईन र ट्रेडमार्क दर्ता गराउँदा लाग्ने दस्तूरमा २० प्रतिशत छुट दिईने।
- महिला उद्यमशीलता विकासका लागि छुट्टै महिला उद्यमशीलता विकास कोष खडा गरिने।
- महिला उद्यमीको विकासको लागि उद्योग मन्त्रालयमा छुट्टै बिषयगत एकाइ (unit) खडा गरिने।
- सबै उद्योग व्यवसायले महिला उद्यमी, महिला कामदार र महिला सेवाग्राहीको अधिकार संरक्षणका लागि कार्यस्थलमा लैंगिकतामा आधारित सबै प्कारका हिंसाजन्य कार्य र व्यवहारको रोकथाम र नियन्त्रणका लागि निर्देशिका बनाई लागू गर्न अनिवार्य व्यवस्था गरिने।
- उद्योग प्रवर्द्धनसम्बन्धी योजना, कार्यक्रम तथा बजेटको कार्यान्वयनलाई लैंगिक मैत्री तुल्याई लैंगिक समानताको प्रत्याभूति सुनिश्चित गर्न सम्बन्धित नीति तथा कार्यक्रमकौ लैंगिक विश्लेषण र लेखाजोखा (Gender Analysis and Assessment), लैंगिक परीक्षण (Gender Audit) तथा लैंगिक बजेट (Gender Budget) पद्धति कार्यान्वयनमा ल्याइने।

## (ख) औद्योगिक व्यवसाय ऐन, २०७३ मा महिला उद्यमीका लागि भएका थप सुविधा :

- महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानून बमोजिम लाग्ने उद्योग दर्ता दस्तूरमा पैंतीस प्रतिशत छुट हुने।
- महिला उद्यमीको मात्र स्वामित्व रहने गरी दर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउँदा प्रचलित कानून बमोजिम लाग्ने दस्तूरमा बीस प्रतिशत छुट हुने।
- महिला उद्यमीले औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न चाहेमा औद्योगिक क्षेत्रभित्रको स्थान प्राथमिकताका आधारमा तोकिए बमोजिम उपलब्ध गराइने।
- महिला उद्यमीको मात्र स्वामित्व रहेको उद्योगले आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने प्रयोजनको लागि कर्जा माग गरेमा महिला उद्यमीको व्यवसायको वित्तीय स्थितिको आधारमा तोकिए बमोजिम निर्यात कर्जा उपलब्ध गराउन सकिने।
- नेपाल सरकारले मुलुकको औद्योगिक विकास, प्रवर्द्धन तथा संरक्षणका लागि निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवश्यकता अनुसार महिला उद्यमशीलता विकास कोषको स्थापना गर्ने।
- उद्योगको प्रवर्द्धन, स्थापना, लगानी अभिवृद्धि, संरक्षण र विस्तार गरी औद्योगिकीकरणको गतिलाई तीब्रता दिने उद्देश्यले सहजीकरण तथा समन्वय सहित आवश्यक नीतिगत निर्णय गर्ने उद्योग तथा लगानी प्रवर्द्धन बोर्डमा महिला उद्यमी महासंघको अध्यक्ष र कम्तीमा एक जना महिला उद्यमीलाई सदस्यको रुपमा राखिएको छ।
- तीन सय वा सोभन्दा बढी र बाह्र सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग, सूचना तथा सञ्चार प्रविधि उद्योगलाई सो वर्षको आयमा लाग्ने करको क्रमशः पन्ध्र प्रतिशत र पच्चीस प्रतिशत तथा यस बमोजिम रोजगारीप्राप्त नेपाली नागरिकहरूमध्ये कम्तीमा पचास प्रतिशत महिला, दलित वा अपाङ्गता भएका व्यक्तिहरू रहेमा त्यस्तो उद्योगलाई सो वर्षको आयमा लाग्ने करमा थप पन्ध्र प्रतिशत कर छुट हुने।

## (ग) आर्थिक विधेयक, २०७४ मा भएको व्यवस्था

